
# गौमुखी गाउँपालिकाको

# आवधिक योजना

# २०८२।८३ – २०८६।८७




## गौमुखी गाउँपालिका


गाउँ कार्यपालिकाको कार्यालय

पुजा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल

# गौमुखी गाउँपालिकाको

# आवधिक योजना

# २०८२।८३ – २०८६।८७




<u>तयार गर्ने:</u>

Sakshan Engineering Solutions Pvt. Ltd.

Baneshwor, Kathmandu

# आभार

गौमुखी गाउँपालिकाको आवधिक योजना तर्जुमाको निम्ति गर्नु भएको पहल प्रति सराहना गर्दै सो योजना तर्जुमा गर्ने कार्य प्रदान गर्नु भएकोमा सर्वप्रथम गौमुखी गाउँपालिकालाई हार्दिक आभार व्यक्त गर्दछौँ। यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु कुमार गिरी, उपाध्यक्ष श्री महाविर राना र प्रमुख प्रशासकीय अधिकृत श्री तुल्सीराम पौडेल तथा सम्पूर्ण वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु गाउँ सभाका सदस्यहरु प्रति कृतज्ञता प्रकट गर्दछौं । साथै शाखा तथा उप शाखा प्रमुखहरू, सामुदायिक परिचालकहरू लगायत कार्यालयका सम्पूर्ण कर्मचारी तथा पदाधिकारीहरूबाट सक्रिय सहभागिता तथा प्रभावकारी भूमिका निर्वाह गर्नु भएकोमा कृतज्ञता ज्ञापन गर्दछौँ।

गाउँपालिकाको आवधिक योजना तर्जुमाको क्रममा सुरुवात देखि नै आफ्ना सल्लाह तथा सुझावहरू दिँदै यसलाई अन्तिम स्वरुप प्रदान गर्न सहयोग गरिदिनुहुने राजनैतिक दलका प्रतिनिधिहरू, निर्देशक समिति तथा विषयगत उप–समितिका सम्पूर्ण पदाधिकारहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। यसैगरी वडा तथा सामुदायिक भेलाहरूमा उपस्थित भएर आफ्ना वस्ती, समुदायका समस्याहरू अगाडि राखी सहयोग गरिदिनुहुने सम्पूर्ण वडावासी तथा समुदायप्रति कार्यदल हार्दिक आभार व्यक्त गर्दछ ।

योजना तर्जुमाको क्रममा भएका विभिन्न चरणका छलफलहरूमा सहभागि हुने विषयगत समितिका पदाधिकारीहरू तथा अन्य आमन्त्रित व्यक्तिहरूबाट भएको सहभागिता तथा योगदानप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

अन्त्यमा, यस आवधिक योजना तर्जुमाको सिलसिलामा आवश्यक तथ्याङ्क तथा सूचना प्रदान गरी सहयोग गरिदिनुहुने गाउँपालिकासँग सम्बन्धित सम्पूर्ण विषयगत कार्यालयहरू तथा विभिन्न संघ संस्थाका कर्मचारी लगायतका सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

**अध्ययन टोली**

## अध्यक्षको भनाई

साविकका गाविसहरु अर्खा, रजवारा, पुजा, खुंग, लिवाङ (१-६) र नारिकोट गाविस समेटेर हाल गौमुखी गाउँपालिका निर्माण भएसंगै स्थानीय सरकारको रुपमा स्थापित भएको गौमुखी गाउँपालिका २०७९ सालको स्थानीय तहको निर्वाचनबाट हामीले ५ बर्षका लागि यो पालिकालाई जनताको सरकारका रुपमा संचालन गर्ने जिम्मेवारी पाएका छौ । यसरी गौमुखी गाउँपालिकाको विकासमा नेतृत्व गर्ने जिम्मेवारी दिनु भएकोमा आम गौमुखी गाउँपालिकावासिमा हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु ।

हामीले गाउँपालिकाको नेतृत्व लिई रहँदा न त कार्यालय भवन ब्यबस्थित थियो न त कर्मचारी व्यवस्थापन हुन सकेको थियो । तथापी यो अवस्थालाई मात्र देखाएर हामी पन्छिन सक्ने अवस्था रहेको छैन । अत आवश्यकता लाइ सम्वोधन गर्नका लागि हामीले विकासका क्रियाकलापहरु संचालनलाई नै जोड दिएका छौ । विकासका लागि मार्ग तय हुन अतिनै जरुरि छ । हामी निर्वाचित भएर आएपछी आगामी दिनमा गाउँपालिकाको विकासको मार्ग के हुने भन्ने सम्बन्धमा गाउँ सभाका सदस्यहरुको सक्रिय सहभागितामा आगामी अवधिको लागि आवधिक योजना निर्माण गर्ने प्रयास गरेका छौ । यो आवधिक योजनाले हामीले आगामी दिनमा के र कसरि कार्य गर्ने प्रयास गरिरहेका छौ भन्ने बिषयमा आम गाउँपालिकावासीलाई जानकारी दिने कुरामा म विश्वस्त रहेको छु ।

आफ्ना जनप्रतिनिधिहरुले कसरी कार्य गरिरहेका छन् भन्ने बिषय आम गाउँपालिकावासीले जान्न पाउने अधिकार राख्नुहुन्छ । यसका लागि स्थानीय सरकारले आफ्ना कार्यक्रमहरु जनता समक्ष राख्नु हाम्रो दायित्व भित्र पर्दछ । विकास एकल प्रयासबाट मात्र सम्भव हुदैन त्यसैले हामीले गरेको प्रयासमा यहाँहरुको समेत सहयोग आवश्यक पर्दछ । हामी या आवधिक योजना कार्यान्वयन गर्ने सवालमा यहाँहरुको पूर्ण सहयोग र साथको अपेक्षा समेत गर्दछौ ।

अन्त्यमा यो आवधिक योजना निर्माण गर्नकालागि आफ्नो समय सुझाव लगायत अनुभव समेत प्रस्तुत गरि छलफलमा सक्रिय सहभागी हुनु हुने सबै गाउँ सभा सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरि यो योजना तयार गर्नकालागी सहयोग गर्नुहुने परामर्शदाता प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**विष्णु कुमार गिरी**

**गाउँपालिका प्रमुख**

**गौमुखी गाउँपालिका**

## उपाध्यक्षको भनाई

हाम्रो देश लामो समय देखि राजनीतिक संक्रमणमा गुज्रिरहेको थियो । देश र जनताले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान प्राप्त गरिसकेपछी देश संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत रुपमा रुपान्तरण भईसकेको छ । नयाँ संविधान प्राप्ति सँगै जनतामा आशाका किरणहरु छाएका छन । संविधानले व्यवस्था गरे अनुरुप तीनै तहको निर्वाचन सम्पन्न भईसकेको छ । स्थानीय तहमा हामी जनप्रतिधिहरु निर्वाचीत भएर आएका छौँ, लोकतन्त्रको आधार स्तम्भका रुपमा रहने स्थानीय तहहरुमा विगत लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुँदा जनताका प्रतिनिधिमूलक संस्थाहरु कर्मचारीतन्त्रको भरमा सञ्चालन हुँदै आएका थिए । अब जनताका वास्तबिक माग र आबश्यकताको पूर्ण विश्लेषण गरी बिकास निर्माणका काममा थप प्रभावकारिता ल्याउन हामीले अगाडी बढने प्रण गरेका छौ ।

यस गौमुखी गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरुको सहयोग, समन्वय र सहभागितामा स्थानीय शासनको भावना र मर्म अनुसार हामी जनसहभागितामुलक योजना तर्जुमा गरी कार्यन्वयन गर्न गई रहेका छौँ । यसै सन्दर्भमा हामी निर्वाचित भएर आईसकेपछि यस क्षेत्रको ठोस बिकासकालागी आवधिक योजना निमार्ण गरेर अघि बढने सोचका साथ यो ५ बर्षे आवधिक योजना तयार गरी कार्यन्वयनमा ल्याएका छौँ ।

जबसम्म जनताले प्रत्यक्ष उपभोग गर्ने पुर्वाधार बिकासका आयोजना तथा परियोजनाहरुको निर्माण गर्न सक्दैनौ तब सम्म जनताहरुले राहत महशुस गर्न पाउदैनन् । यस्ता आयोजनाहरु सञ्चालन गर्न गाउपालिकासँग पर्याप्तमात्रामा बजेटको अभाब छ । तर पनि हामीले यहाँ पूर्वाधार बिकासका आयोजनाहरु संचालन गर्नु पर्ने टडकारो आवश्यकता छ । तसर्थ यस्ता आयोजनाहरु संचालन तथा निर्माण गर्नका लागी हाम्रो गौमुखी गाउँपालिकाले निजी क्षेत्र, अन्य संघसंस्था, प्रदेश र संघिय सरकारलाई पनि बिकास निर्माण कार्यमा साझेदार बनाई अगाडी बढनु पर्ने नितान्त आवश्यक छ र आवश्यकता पनि ठानिसकेको छ । तसर्थ हाम्रा बिकास साझेदार सरोकारवालाहरुको पहिचान गरी कार्ययोजना बनाई कार्यन्वयन गर्न नितान्त आवश्यक भएको छ । जसका लागी गाउँ सभाका सबै सदस्यहरुको सक्रिय सहभागीतामा आवधिक योजना परामर्शदाताको कुशल सहजिकरणमा निर्माण गरिएको छ । यसरी योजना निर्माणमा सक्रिय सहभागीता जनाउनु हुने सम्पुर्ण गाउँ सभाका सभासदज्युहरु, तथा गौमुखी गाउँपालिकामा क्रियाशिल राजनीतिक पार्टी तथा पार्टी प्रतिनिधी साथै स्थानीय बुद्धिजिबीहरु अनि गाउँपालिकाका कार्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

**महाविर राना**

**उप– प्रमुख**

**गौमुखी गाउँपालिका**

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरे अनुरुप स्थानीय तहहरु स्थानीय सरकारको रुपमा स्थापित भएका छन् । स्थानीय तहहरुको गठनसंगै स्थानीय सरकारको निर्वाचन समेत सम्पन्न भैराखेको छ । जनताको सरकार सम्मको पहुँच सहज होस् भन्ने मुख्य उद्देश्यका साथ मुलुक संघीयताको मोडेलमा अघि बढेको छ । सरकार माथिको पहुँचले समग्र विकास प्रक्रियालाइ समेत अघि बढाउन सहयोग गर्दछ ।

विकास मुख्यत चार खम्बा मानवीय, आर्थिक, भौतिक तथा सामाजिक क्षेत्रमा गरिने सकारात्मक परिवर्तन हो । यी सबै क्षेत्रको विकास माथि जनताको पहुँच सिर्जना गर्न सकिएको अवस्थामा मात्र विकासले वास्तविक रुप प्राप्त गर्दछ । यसरि विकास गर्नका लागि योजनावद्द ढंगले अघि वढ्नु पर्दछ । हामी कहाँ बिषेश गरि स्थानीय तह हरुले सन्चालन गर्ने विकास क्रियाकलापहरु विना योजना सन्चालन गरिनुले पनि विकासको तीव्रतामा नकरात्मक असर पुर्याईरहेको छ । यसै सन्दर्भमा गौमुखी गाउँपालिकाले आगामी ५ वर्षको लागि यो आवधिक योजना  निर्माण गरेको छ ।

यो आवधिक योजनाको पूर्ण कार्यान्वयनमा गाउँपालिकाको मात्र एकल प्रयास प्रयाप्त हुदैन अतः यसको कार्यान्वयनका लागि रणनैतिक योजनाले पहिचान गरेका सबै साझेदार निकायहरुको पनि उतिकै सहयोग र सझेदारिताको आवश्यकता रहन्छ । आफु जनप्रतिनिधिको रुपमा निर्वाचित भएर यो आवधिक योजना निर्माण गरि अघि बढने प्रयास जनप्रतिनिधिहरुबाट भएको छ । यसले गाउँपालिकाको विकासका लागि सकारात्मक संकेत गरेको महसुस मैले गरेको छु ।

यो योजना कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा सहित योजना निर्माणमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा गाउँ सभा सदस्यज्यूहरुको सक्रिय सहभागीता र संलग्नता रहेकोमा उहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरि यो योजना तयार गर्नकालागी सहयोग गर्नुहुने परामर्शदाता प्रति हर्दिक आभार व्यक्त गर्दछु ।

**तुल्सीराम पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

**गौमुखी गाउँपालिका**

# विषयसुची


१ भुमिका ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजना तर्जुमाको उद्देश्य ........ २

१.३ आवधिक योजना तर्जुमाको प्रक्रिया ........ २

१.४ सीमितता ........ ३

१.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा ........ ३

**१.५.१** हालको योजना प्रवृत्ति ........ ३

२ गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा ........ ६

२.१ गाउँपालिकाको परिचय ........ ६

**२.१.१** भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ ६

**२.१.२** जनसांख्यिक अवस्था ........ ८

२.२ आर्थिक विकासको अवस्था ........ १०

**२.२.१** कृषि तथा खाद्य सुरक्षा ........ १०

**२.२.२** पर्यटन तथा संस्कृती ........ ११

**२.२.३** वित्तिय सेवा तथा सहकारी ........ १२

२.३ सामाजिक विकासको अवस्था ........ १३

**२.३.१** स्वास्थ्य तथा पोषण ........ १३

**२.३.२** शैक्षिक विकास ........ १४

**२.३.३** खानेपानी तथा सरसफाई ........ १७

**२.३.४** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ १८

**२.३.५** युवा, खेलकुद तथा कला ........ १९

२.४ पुर्वाधार तथा शहरी विकासको अवस्था ........ १९

२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ....................१९

२.४.२ सडक, पुल तथा यातायात....................१९

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा .................... २०

२.५ वन, वातावरण तथा विपद् जोखिम न्युनिकरण र व्यवस्थापनको अवस्था .................... २२

२.५.१ वन तथा जैविक विविधता.................... २२

२.५.२ महामारी तथा विपद् व्यवस्थापन .................... २३

२.६ सुशासन तथा संस्थागत व्यवस्था .................... २३

२.६.१ सुशासन र सेवा प्रवाह.................... २३

२.६.२ सार्वजनिक भवन तथा अन्य पुर्वाधार .................... २४

३ सोच तथा विकासको अवधारणा ....................२५

३.१ पृष्ठभूमि ....................२५

३.२ प्रमुख समस्या तथा चुनौती ....................२५

३.३ प्रमुख समस्या तथा अवसर .................... २६

३.४ गाउँपालिकाको दिर्घकालीन सोच .................... २६

३.५ लक्ष्य.................... २६

३.६ उद्देश्य .................... २६

३.७ परिमाणात्मक लक्ष्य ....................२७

३.८ रणनीति ....................२७

३.८.१ सामाजिक परिचालन .................... २८

३.८.२ आवश्यकता अनुसार स्थानीय कानुन निर्माण .................... २८

३.८.३ सहकारिता विकास.................... २८

३.८.४ जनसहभागिता तथा साझेदारिता .................... २८

३.८.५ सार्वजनिक र निजी साझेदारी.................... २८

३.८.६ आन्तरिक व्यवस्थापन सुदृढीकरण.................... २८

३.८.७ कर्मचारीको क्षमता अभिवृद्दि ........ २९
३.८.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ २९
३.८.९ मानव अधिकारको प्रत्याभूति, संरक्षण र प्रवर्धन ........ २९
३.८.१० स्रोत परिचालनका लागि भगिनी सम्बन्ध स्थापना ........ २९
३.८.११ दिगो विकास ........ २९
३.८.१२ राजश्व परिचालन मार्फत गाउँपालिकाको स्रोत वृद्धि ........ २९
३.८.१३ लघु उद्यम विकास कार्यक्रम ........ ३०
३.८.१४ बहुवर्षीय कार्यक्रम ........ ३०
३.८.१५ उपभोक्ता तथा ठेक्का प्रणालीको अबलम्बन ........ ३०
३.८.१६ DPR तथा लगत इस्टिमेट पश्चात मात्र वजेट विनियोजन ........ ३०
३.९ प्राथमिकता ........ ३०
४ आर्थिक विकास क्षेत्र ........ ३२
४.१ विषय प्रवेश ........ ३२
४.२ कृषि तथा पशुपन्छी ........ ३३
४.२.१ पृष्ठभूमि ........ ३३
४.२.२ समस्या तथा चुनौती ........ ३३
४.२.३ सम्भावना तथा अवसर ........ ३४
४.२.४ सोच ........ ३४
४.२.५ उद्देश्य ........ ३४
४.२.६ रणनीति ........ ३४
४.२.७ प्रमुख कार्यक्रम तथा आयोजना (कृषि तथा पशुपन्छी) ........ ३५
४.३ सिंचाई ........ ३८
४.३.१ पृष्ठभूमि ........ ३८
४.३.२ समस्या तथा चुनौती ........ ३८

४.३.३ सम्भावना तथा अवसर ........................................ ३८
४.३.४ सोच ........................................ ३८
४.३.५ उद्देश्य ........................................ ३८
४.३.६ रणनीति ........................................ ३८
४.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (सिंचाई) ........................................ ३९
४.४ पर्यटन, संस्कृति तथा सम्पदा ........................................ ४०
४.४.१ पृष्ठभूमि ........................................ ४०
४.४.२ समस्या तथा चुनौती ........................................ ४०
४.४.३ सम्भावना तथा अवसर ........................................ ४०
४.४.४ सोच ........................................ ४१
४.४.५ उद्देश्य ........................................ ४१
४.४.६ रणनीति ........................................ ४१
४.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (पर्यटन, संस्कृति तथा सम्पदा) ........................................ ४२
४.४.८ अपेक्षित उपलब्धि ........................................ ४५
४.५ उद्योग, व्यापार, व्यावसाय, रोजगारी तथा आपुर्ति ........................................ ४५
४.५.१ पृष्ठभूमि ........................................ ४५
४.५.२ समस्या तथा चुनौती ........................................ ४५
४.५.३ संभावना तथा अवसर ........................................ ४६
४.५.४ सोच ........................................ ४६
४.५.५ उद्देश्य ........................................ ४६
४.५.६ रणनीति ........................................ ४६
४.५.७ प्रमुख कार्यक्रम तथा आयोजना (उद्योग, व्यापार, व्यावसाय, रोजगारी तथा आपुर्ति) ..... ४७
४.६ आर्थिक विकास क्षेत्रमा प्रक्षेपित लगानी ........................................ ४९
५ सामाजिक विकास क्षेत्र ........................................ ५१

५.१ विषय प्रवेश ........ ५१

५.२ स्वास्थ्य तथा पोषण ........ ५१

**५.२.१** पृष्ठभूमि ........ ५१

**५.२.२** समस्या तथा चुनौती ........ ५१

**५.२.३** संभावना तथा अवसर ........ ५२

**५.२.४** सोच ........ ५२

**५.२.५** उद्देश्य ........ ५२

**५.२.६** रणनीति ........ ५२

**५.२.७** प्रमुख कार्यक्रम तथा आयोजना (स्वास्थ्य तथा पोषण) ........ ५३

५.३ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ५७

**५.३.१** पृष्ठभूमि ........ ५७

**५.३.२** समस्या तथा चुनौती ........ ५७

**५.३.३** संभावना तथा अवसर ........ ५७

**५.३.४** सोच ........ ५८

**५.३.५** उद्देश्य ........ ५८

**५.३.६** रणनीति ........ ५८

**५.३.७** प्रमुख कार्यक्रम तथा आयोजना (शिक्षा, विज्ञान तथा नवप्रवर्तन) ........ ५९

५.४ खानेपानी तथा सरसफाई ........ ६१

**५.४.१** पृष्ठभूमि ........ ६१

**५.४.२** समस्या तथा चुनौती ........ ६१

**५.४.३** संभावना तथा अवसर ........ ६१

**५.४.४** सोच ........ ६१

**५.४.५** उद्देश्य ........ ६२

**५.४.६** रणनीति ........ ६२

५.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (खानेपानी तथा सरसफाई) ........................ ६३
५.५ महिला, बालबालिका तथा लक्षित वर्ग ........................................ ६४
५.५.१ पृष्ठभूमि ........................................................ ६४
५.५.२ समस्या तथा चुनौती ................................................ ६४
५.५.३ संभावना तथा अवसर ................................................ ६५
५.५.४ सोच ............................................................ ६५
५.५.५ उद्देश्य .......................................................... ६५
५.५.६ रणनीति .......................................................... ६६
५.५.७ प्रमुख कार्यक्रम तथा आयोजना (महिला, बालबालिका तथा लक्षित वर्ग) .............. ६७
५.६ युवा तथा खेलकुद .................................................... ६९
५.६.१ पृष्ठभूमि ........................................................ ६९
५.६.२ सोच ............................................................ ६९
५.६.३ उद्देश्य .......................................................... ६९
५.६.४ रणनीति .......................................................... ६९
५.६.५ प्रमुख कार्यक्रम तथा आयोजना (युवा तथा खेलकुद) ............................ ७०
५.७ सामाजिक विकास क्षेत्रको प्रक्षेपित लगानी ..................................... ७१
६ पुर्वाधार विकास क्षेत्र ...................................................... ७३
६.१ विषय प्रवेश ........................................................ ७३
६.२ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ..................................... ७३
६.२.१ पृष्ठभूमि ........................................................ ७३
६.२.२ सोच ............................................................ ७४
६.२.३ उद्देश्य .......................................................... ७४
६.२.४ रणनीति .......................................................... ७४
६.२.५ प्रमुख कार्यक्रम तथा आयोजना (बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण) ....... ७५

६.३ सडक, पुल तथा यातायात पुर्वाधार ........ ७६
६.३.१ पृष्ठभूमि ........ ७६
६.३.२ समस्या तथा चुनौती ........ ७६
६.३.३ संभावना तथा अवसर ........ ७६
६.३.४ सोच ........ ७६
६.३.५ उद्देश्य ........ ७७
६.३.६ रणनीति ........ ७७
६.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (सडक, पुल तथा यातायात पुर्वाधार) ........ ७८
६.४ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा ........ ८१
६.४.१ पृष्ठभूमि ........ ८१
६.४.२ समस्या तथा चुनौती ........ ८१
६.४.३ संभावना तथा अवसर ........ ८१
६.४.४ सोच ........ ८१
६.४.५ उद्देश्य ........ ८१
६.४.६ रणनीति ........ ८१
६.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा) ........ ८२
६.५ सुचना, सञ्चार तथा प्रविधि ........ ८३
६.५.१ पृष्ठभूमि ........ ८३
६.५.२ सोच ........ ८३
६.५.३ उद्देश्य ........ ८३
६.५.४ रणनीति ........ ८३
६.५.५ प्रमुख कार्यक्रम तथा आयोजना (सुचना, सञ्चार तथा प्रविधि) ........ ८४
६.६ पुर्वाधार विकास क्षेत्रको प्रक्षेपित लगानी ........ ८५
७ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ ८७

७.१ विषय प्रवेश ........ ८७
७.२ वन तथा जैविक विविधता........ ८७
७.२.१ पृष्ठभूमि ........ ८७
७.२.२ समस्या तथा चुनौती ........ ८७
७.२.३ संभावना तथा अवसर........ ८७
७.२.४ सोच ........ ८८
७.२.५ उद्देश्य ........ ८८
७.२.६ रणनीति ........ ८८
७.२.७ प्रमुख कार्यक्रम तथा आयोजना (वन तथा जैविक विविधता) ........ ८९
७.२.८ अपेक्षित उपलब्धि ........ ९०
७.३ भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ९०
७.३.१ पृष्ठभूमि ........ ९०
७.३.२ समस्या तथा चुनौती ........ ९०
७.३.३ संभावना तथा अवसर........ ९०
७.३.४ सोच ........ ९१
७.३.५ उद्देश्य ........ ९१
७.३.६ रणनीति ........ ९१
७.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन)........ ९२
७.३.८ अपेक्षित उपलब्धि ........ ९३
७.४ विपद जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ ९३
७.४.१ पृष्ठभूमि ........ ९३
७.४.२ समस्या तथा चुनौती ........ ९३
७.४.३ संभावना तथा अवसर........ ९४

७.४.४ सोच ........................................................ ९४

७.४.५ उद्देश्य ........................................................ ९४

७.४.६ रणनीति ........................................................ ९४

७.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (विपद जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता) ........................................................ ९५

७.५ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा प्रक्षेपित लगानी ........................ ९७

८ संस्थागत विकास तथा सुशासन क्षेत्र........................................................ ९९

८.१ संस्थागत विकास तथा सुशासन........................................................ ९९

८.१.१ पृष्ठभूमि ........................................................ ९९

८.१.२ समस्या तथा चुनौती ........................................................१००

८.१.३ संभावना तथा अवसर........................................................१००

८.१.४ सोच ........................................................१०१

८.१.५ उद्देश्य ........................................................१०१

८.१.६ रणनीति ........................................................१०१

८.१.७ प्रमुख कार्यक्रम तथा आयोजना (संस्थागत विकास तथा सुशासन) ..................१०२

८.२ संस्थागत विकास तथा सुशासन क्षेत्रमा प्रक्षेपित लगानी ................................१०५

९ कार्यान्वयन व्यवस्था........................................................१०७

९.१ कार्यान्वयन कार्ययोजना ........................................................१०७

९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट........................................................१०७

९.३ स्रोत अनुमान तथा प्रक्षेपण ........................................................१०९

९.४ स्रोत परिचालन रणनीति ........................................................११०

९.५ आवधिक योजना कार्यान्वयन........................................................११०

९.६ अनुगमन तथा मुल्याङ्कन योजना........................................................११०

९.६.१ अनुगमन तथा मुल्याङ्कनको आवश्यकता ........................................ १११

९.६.२ वर्तमान अवश्था ........ १११
९.६.३ अवसर र चुनौती ........ १११
९.६.४ उद्देश्य ........ ११२
९.६.५ रणनीति ........ ११२
९.६.६ कार्यक्रम ........ ११३
अनुसूची - १ ........ ११४
अनुसूची - २ ........ ११५
अनुसूची - ३ ........ ११६
अनुसूची ४ - नक्साहरु ........ ११७

# १ भुमिका

## १.१ पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको सुरुवात भएको ६ दशक भइसकेको छ र यो अवधिमा धरै तहका योजनाहरु निर्माण भई व्यवहारमा कार्यान्वयन भई सकेका छन् । क्षेत्रीय विकास योजना, पञ्च वर्षीय योजना, वार्षिक विकास योजना, क्षेत्रगत गुरुयोजना, जिल्ला तथा नगरस्तरमा आवधिक योजना, वडा स्तरीय एकीकृत कार्ययोजना, भौतिक विकास योजना आदि विभिन्न तह र तप्काबाट निर्माण भएका र हुँदै आएका योजनाका उदाहरणहरु हुन् । विकासलाई शिलसिलावद्ध तथा दिशानिर्देश गर्न योजना अपरिहार्य आवश्यकता हो । राष्ट्रिय, क्षेत्रीय, जिल्ला, नगर एवं गाँउस्तरमा विभिन्न क्षेत्रगत योजनाहरु बनिरहेका छन् भने गौमुखी गाउँपालिकाले पनि विभिन्न समयमा आफ्ना विकास कार्यलाई सुनियोजित, प्रभावकारी बनाउन योजनाहरु निर्माण गरी लागू गर्दै आएको छ । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम स्थानीय तहले आफ्नो कार्य सञ्चालन गर्दै आइरहेका छन् । स्थानीय तहबाट उक्त ऐनको दफा ११ को उपदफा २ (छ) अनुसार स्थानीय स्तरको विकास निर्माण सम्बन्धी आवश्यक नीति, स्थितिपत्र, आवधिक विकास योजना, त्रिवर्षीय मध्यमकालिन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम बनाई कार्यान्वयन गर्ने व्यवस्था छ । नेपाल सरकारले परिकल्पना गरेको "समृद्ध नेपाल, सुखी नेपाली" को सोचलाई साकार पार्न गौमुखी गाउँपालिकाको स्थानीय आवश्यकता अनुरुप विकास गतिविधिलाई व्यवस्थित र दिगो बनाउन आवधिक विकास योजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ ।

नेपाल केन्द्रिकृत शासन प्रणालीबाट विकेन्द्रिकृत एवं संघीय शासन प्रणालीमा परिवर्तन भएसँगै स्थानीय तहलाई नै आफ्नो विकास गतिविधिको खाका तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरिएको छ । क्षेत्रको प्रवृति, जनसङ्ख्या तथा भविष्यको क्षमताको आधारमा नेपाललाई हालैको राजनीतिक पुनर्संरचनाले २९३ नगरपालिका र ४६० गाँउपालिकाहरु गरी कूल ७५३ स्थानीय तहहरुमा विभाजित गरेको छ । जनसंख्याको अधिकांस हिस्सा नगरपालिकामा केन्द्रित रहेकाले वर्तमानको शहरीकरणको प्रवृतिलाई हेर्दा धेरैजसो गाँउपालिका आवश्यक शहरी आधारभूत संरचना, सेवा तथा सुविधा प्रदान गर्न असमर्थ देखिन्छन् । क्षेत्रीय सन्दर्भमा नेपालको शहरीकरण प्रकृया निकै तीव्र तथा असन्तुलित छ । यस्ता प्रवृति मुख्यतयः काठमाडौं उपत्यका, तराई तथा उब्जाउ उपत्यकाहरुमा केन्द्रित छ । यसको नतिजा स्वरुप ग्रामीण क्षेत्रहरु भौतिक पूर्वाधार तथा सेवाहरुको माग पूर्ति गर्न अझै असमर्थ छन् । धेरैजसो मामिलामा साना सहरलाई गम्भीरताका साथ नलिई आधारभूत पूर्वाधारमा थोरै मात्र बजेट विभाजन गरिन्छ । तर हाल उप–नगरीय शहरीकरणको नयाँ अवधारणाले साना तथा ठूला सहरहरुको व्यवस्थापन गर्ने आशा लिइएको छ । पुराना शहरहरुको अत्याधिक जमीनहरु पहिला नै विभिन्न प्रयोजनको लागि उपयोग भै सकेको हुनाले यस्ता शहरहरुमा विकास योजना गर्न निकै कठिनाइ हुने गर्दछ ।

हालसम्म पनि बढ्दो शहरी समस्यालाई संबोधन गर्न पर्याप्त प्रयास गरिएको छैन । अधिकांश योजनाका कार्यहरु दिशाहीन, छरिएका र स–साना देखिन्छन् । स्थानीय तहको आवश्यकता सम्बोधन गर्ने तथा दीर्घकालीन विकास योजनाको कमीले गर्दा व्यवस्थित शहरी विकास योजनाहरु विफल भएका छन् ।

हाल विकसित शहरी केन्द्रहरुमा आवधिक विकास योजनाको अभ्यास शुरु भएता पनि देशमा प्रमुख शहरी केन्द्रको हकमा न त अनुमोदित भू–उपयोगको योजना अघि बढाइयो न त कुनै ठोस भौतिक योजना कार्यान्वयन प्रक्रिया नै अगाडी बढाइयो

। वडा स्तरका छरिएका टुक्रे योजनाहरुले पनि गाँउपालिकाको दीर्घकालीन गाँउपालिका विकास योजना तथा सोंचलाई थप ओझेलमा पारेको छ । परिणाम स्वरुप ग्रामीण क्षेत्रहरुमा केहि भौतिक पूर्वाधार बनेको अवस्था भएता पनि सार्थक तथा अर्थपूर्ण प्रगति भने न्यून रहेको छ । तथापि, कुनै पनि क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई सेवा र सुविधाहरु उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हुन्छ । गाँउको विभिन्न भागमा बसोवास गर्ने सबै तह र वर्गमा यस्ता सेवा र सुविधाहरुको पहुँचलाई सहज र सुगम बनाउन न्यायोचित वितरण प्रणाली अपनाउनु पर्ने हुन्छ । उपलब्ध गराइएका सेवा र सुविधाहरुको अन्तिम लक्ष्य त्यहाँ बसोबास गर्ने मानिसहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनु हुन्छ । तर नेपालको अधिकांश पहाडी क्षेत्रका बस्तीहरुमा न्यूनतम आधारभूत सेवा र सुविधा विकास भएको देखिंदैन् ।

यस प्रकारका समस्याहरु गौमुखी गाउँपालिकामा पनि यथावत रहेकोले सोही सन्दर्भमा विकासलाई योजनावद्ध, नतिजामुखी र प्रभावकारी गर्ने उद्देश्यले आवधिक योजना तर्जुमा गर्ने निर्णय गरिएको हो ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

गौमुखी गाउँपालिकाको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवद्र्धन गर्नु ।

## १.३ आवधिक योजना तर्जुमाको प्रक्रिया

गाँउपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, वन, वातावरण एवं संस्थागत विषयगत क्षेत्र विकासका लागि दीर्घकालीन सोचका साथै लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न मध्यकालीन अवधिका लागि सरोकारवाला सबैको प्रतिनिधित्वबाट समावेशी र सहभागितामूलक प्रक्रिया अवलम्बन गरी यो आवधिक विकास योजना तयार गरिएको छ । यस प्रयोजनका लागि गाँउपालिकाले गाँउपालिका प्रमुखको अध्यक्षतामा संस्थागत संयन्त्र स्थापना गरी आवधिक विकास योजना तर्जुमा मूल समिति र प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्य एवं वडा अध्यक्षको संयोजकत्वमा विषयक्षेत्रगत समितिहरू गठन गरी योजना तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ ।

तथ्याङ्क र सूचना संकलनका लागि वडा समिति तथा कार्यालयहरूलाई परिचालन गरी प्रारम्भिक तथ्याङ्क एवं केन्द्रीय तथ्याङ्क विभाग, मानव विकास प्रतिवेदन र अन्य द्वितीय तहका तथ्याङ्क र सूचना संकलन गरी विश्लेषण गरिएको छ । उक्त विश्लेषणलाई कार्यशालाबाट पुष्टीकरण गरी परिस्कृत गर्ने कार्यसमेत गरिएको छ । आवधिक योजनाको दूरदृष्टि,

मध्यकालीन समष्टिगत लक्ष्य र प्रमुख उद्देश्यहरू तथा रणनीति र कार्यक्रम क्षेत्रमा समेत सरोकारवाला संलग्न कार्यशालाबाट निर्धारण भएको छ।

## १.४ सीमितता

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्नबमोजिम रहेका छन्

- सहभागितामूलक वार्षिक योजना तर्जुमा प्रणालीबाट कार्यक्रम छनोट हुने व्यवस्थालाई दृष्टिगत गरी "आवियो" मुख्य मुख्य कार्यक्रमका क्षेत्रहरू पहिचानमा मात्र केन्द्रित छ, विस्तृत कार्यक्रमहरू समावेश गरिएको छैन।
- स्थानीय सरकार सञ्चालन ऐनअनुसार गाँउपालिका क्षेत्रमा संलग्न गैरसरकारी संस्था, सामुदायिक संघ–संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाँउपालिकामा प्रस्तुत भइनसकेको अवस्थामा ती निकायहरू सम्बद्ध सबै पाटा स्पष्टताका प्रस्तुत हुन नसकेको।
- केन्द्र, जिल्लास्तर तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमको प्रक्षेपित कार्यक्रम बजेट, सम्पत्ति र दायित्व प्राप्त भइनसकेकाले सामान्य आकलनका आधारमा गाँउपालिकाको आवधिक योजनामा समेट्न कठिनाइ परेको।
- स्थानीय तहको पुनःसंरचनामा यस गाँउपालिकामा समाविष्ट गाउँ विकास समितिहरूको तथ्याङ्क विवरणहरू उपलब्ध हुन नसक्नु साथै जिल्लास्तरीय निकायहरूसमेत गाँउपालिकामा स्थानान्तरण नभइसकेकाले उपलब्ध सीमित तथ्याङ्कमा मात्र आधारित रहेको।
- तथ्याङ्कको सीमितताले प्राप्त द्वितीय तहको तथ्याङ्क, जिल्ला तहमा विद्यमान र केन्द्रीय तथ्याङ्क विभागका तथ्याङ्कहरू र संयुक्त राष्ट्रसंघको नेपालस्थित नियोगका सूचनाहरूसमेतलाई आधार मानी अध्ययन प्रक्रिया अगाडि बढाउनुपर्ने अवस्था रहेको।
- चालू खर्च प्रक्षेपण यथार्थपरक बनाउन कठिन रहेको।
- विकास साझेदार, अन्तराष्ट्रिय, राष्ट्रिय गैरसरकारी संस्था तथा निजी एवं सहकारी क्षेत्रबाट प्राप्त हुने रकमको पनि यथार्थ लगानी प्रक्षेपण गर्न नसकिएको।

## १.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा

### १.५.१ हालको योजना प्रवृत्ति

नेपालमा विगतमा विभिन्न योजनाका पद्धतिहरुको प्रयोग गरियो । विशेष गरी समस्याहरुको समाधान गर्न विभिन्न परियोजनाहरुको प्याकेज निर्माण गरियो जसलाई मूलभूत रुपमा समस्या सम्बद्ध योजना भनिदै आएको छ। नेपालमा विभिन्न चरणमा विगतका दशकहरुमा निम्न योजनाहरु निर्माण भएका छन्।

- गुरु योजना
- रणनीतिक योजना
- एकीकृत कार्ययोजना
- भौतिक विकास योजना

- आवधिक योजना
- भू–उपयोग योजना तथा भवन निर्माण मापदण्ड

यस मध्ये आवधिक योजना धेरै नगरपालिका तथा जिल्लाहरुले निर्माण गरी लागू पनि गरे । साथै नगर तथा जिल्ला स्तरमा यातायात गुरुयोजनाहरु बनी रहेका छन् । यी सबै योजनाको एक मात्र उद्देश्य भनेको शहरी विकास तथा क्षेत्रीय विकासमा सन्तुलन कायम गर्नु हो । नेपालमा भएका योजनाक्रमहरुलाई क्रमबद्ध रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

| **समयक्रम** | **नेपालमा शहरी योजनाका विकासक्रमहरु** |
|---|---|
| १९३८ | राजविराजमा पहिलो योजनाबद्ध प्रशासनिक शहरको निर्माण |
| १९५६ | राष्ट्रिय स्तरमा आवधिका योजनाको आरम्भ (पञ्चवर्षीय योजना) |
| १९६२ | काठमाण्डौं सौन्दर्यकरण कार्यक्रम : बेलायती महारानीको काठमाण्डौं भ्रमणको बेला संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोगमा काठमाण्डौंको सुन्दरता वृद्धि गर्नका लागि तयार पारिएको योजना |
| १९६३ | नगर विकास समिति ऐन, १९६३ |
| १९६५ | तेस्रो राष्ट्रिय योजना (१९६५-७०) जसले नेपाललाई तीन जलाधार क्षेत्र (कोशी, गण्डकी र कर्णाली) मा विभाजन गऱ्यो |
| १९६९ | काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना (संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोग र कार्ल पुर्साको नेतृत्वमा) |
| १९७३ | १९६३ मा बनेको काठमाण्डौं उपत्यकाको भौतिक विकास योजनाको राष्ट्रिय विज्ञहरुद्वारा पुनरावलोकन साथै भू-उपयोग योजनाको निर्माण |
| १९७५ | काठमाण्डौं उपत्यकामा चक्रपथको पूर्वअध्ययन तथा योजना बिना नै निर्माण |
| १९७४-१९८४ | जर्मन सरकारको सहयोगमा भक्तपुर विकास योजना सफलतापूर्वक सम्पन्न, भक्तपुर विकास योजनाको मुख्य लक्ष्य सम्पदा संरक्षण तथा आर्थिक उपार्जन थियो |
| १९७६ | रष्ट्रिय प्राविधिकहरुद्वारा काठमाण्डौं उपत्यकाको वृहत योजना (काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना) को पुनरावलोकन साथै न्यूनतम जोनिङ मापदण्ड प्रस्ताव |
| १९८७ - १९८८ | GTZर MSUD को सहयोगमा काठमाण्डौं उपत्यका सहित मुख्य शहरहरुको २० वर्षे संरचनात्मक योजना(Structure Plan)को निर्माण थालनी |
| १९९० | एकीकृत कार्ययोजना (IAP)निर्माणको आरम्भ |
| १९९१ | काठमाण्डौं उपत्यका शहरीविकास योजना तथा कार्यक्रमहरु Hal crow Fox/DHUD/ADB |
| १९९३ | JICA को सहयोगमा काठमाण्डौं उपत्यका शहरी सडक निर्माणको अध्ययन |
| १९९९ | काठमाण्डौं उपत्यकाको नक्साङ्कन कार्यक्रम |
| २००२ | नेपाल सरकारको स्वीकृतमा काठमाण्डौं उपत्यका विकासको दीर्धकालीन सोंचको निर्माण, भिजन २०२० |

| समयक्रम | नेपालमा शहरी योजनाका विकासक्रमहरु |
|---|---|
| २००५ देखि अहिले सम्म | नगरपालिकाहरुको आवधिक योजनाको अभ्यास |
| २०१२ देखि | जिल्ला तथा नगरपालिकाहरुको यातायात गुरुयोजना निर्माण आरम्भ |
| २०१५ देखि | प्रस्तावित नयाँ शहरहरुको एकीकृत विकास योजनाको निर्माण आरम्भ |

# २ गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

गौमुखी गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत प्युठान जिल्लामा अवस्थित छ। नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३।११।२७ गतेको निर्णय अनुसार साविकका गाविसहरु अर्खा, रजवारा, पुजा, खुंग, लिवाङ र नारिकोट गाविस गाभेर गौमुखी गाउँपालिकाको निर्माण भएको थियो। विश्व मानचित्रमा यस गाँउपालिका ८२°५७’३०’’ पूर्वी देशान्तर, २८°१०’३०’’ उत्तरी अक्षांशमा फैलिएको छ।

यस गाँउपालिकाको पूर्वमा गुल्मी जिल्ला, उत्तरमा वागलुङ जिल्ला, दक्षिणमा झिम्रुक गाउँपालिका, तथा पश्चिममा नौबहिनी गाउँपालिकाका सीमाना रहेका छन्। यो गाँउपालिकालाई ७ वडामा विभाजन गरिएको छ। यो गाउँपालिका लुम्बिनी प्रदेशको राजधानी देउखुरी देखि ३ घण्टाको दुरीमा रहेको छ।

*तालिका 1 समावेस गाविस*

| नयाँ वडा | समावेश गाविस |
|---|---|
| १ | अर्खा(६-९) |
| २ | अर्खा(१-५) |
| ३ | रजवारा(१-९) |
| ४ | पूजा(१-९) |
| ५ | खुंग(१-९) |
| ६ | लिवाङ(१-६) |
| ७ | नारिकोट(१-९) |




*चित्र 1 गाउँपालिकाको अवस्थिति*

गौमुखी गाउँपालिकाको कूल क्षेत्रफल १३९.०४ वर्ग कि.मि. रहेको छ। सबैभन्दा बढी भू–भाग वडा नं. ३ र २ ले ओगटेका छन् भने वडा नं. ७ क्षेत्रफलको हिसाबले सबैभन्दा सानो वडाको रुपमा रहेको छ। यस गाँउपालिकाको पूर्वमा गुल्मी जिल्ला, उत्तरमा वागलुङ जिल्ला, दक्षिणमा झिम्रुक गाउँपालिका, तथा पश्चिममा नौबहिनी गाउँपालिकाका सीमाना रहेका छन्।


*तालिका क्षेत्रफल र सिमाना*

| नयाँ वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (वर्ग कि.मी.) | १४.९९ | २८.४६ | ४०.४३ | २४.७ | १३.७४ | ९.१७ | ७.५५ | १३९.०४ |

यस गाउँपालिकाको करिव ३८.०८ प्रतिशत भु–भाग खेतियोग्य जमिनले ओगटेको छ। त्यस्तै गरी करिब ४५.९८ प्रतिशत भु भाग जंगलले वगटेको छ भने करिब ८.७७ प्रतिशत भु भाग घाँसेमैदानले वगटेका छन्। यस गाउँपालिकाको भु उपयोगको अवस्था यसप्रकार रहेको छ।

| भू-उपयोग | क्षेत्रफल (प्रतिसतमा) |
|---|---|
| खेति | ३८.०८ |
| जंगल | ४५.९८ |
| चरनक्षेत्र | ८.७७ |
| अन्य | ७.१७ |
| **जम्मा** | **१००** |

*तालिका: भू-उपयोग अवस्था*




*स्रोतः नापि बिभाग*

### २.१.२ जनसांख्यिक अवस्था

२०७८ सालको जनगणना अनुसार गौमुखी गाउँपालिकाको वडा नं. ४ मा सबैभन्दा बढी घरधुरी संख्या रहेको छ भने सबैभन्दा कम घरधुरी वडा नं. २ मा रहेको छ। वडा नं. ३ मा सबैभन्दा बढी जनसंख्या छ भने वडा नं. ५ मा सबैभन्दा कम जनसंख्या रहेको छ। जनसंख्याको वर्तमान अवस्थालाई वडागत रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 2 जनसंख्या विवरण*


| वडा नं. | जम्मा घरधुरी | जनसंख्या, २०७८ | | | औसत घरधुरी नं. | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| 1 | 596 | 3199 | 1526 | 1673 | 5.37 | 91.21 |
| 2 | 550 | 3101 | 1451 | 1650 | 5.64 | 87.94 |
| 3 | 1056 | 5535 | 2607 | 2928 | 5.24 | 89.04 |
| 4 | 1128 | 4758 | 2206 | 2552 | 4.22 | 86.44 |
| 5 | 767 | 2996 | 1374 | 1622 | 3.91 | 84.71 |
| 6 | 639 | 3047 | 1344 | 1703 | 4.77 | 78.92 |
| 7 | 842 | 3344 | 1509 | 1835 | 3.97 | 82.23 |
| **जम्मा** | **5578** | **25980** | **12017** | **13963** | **4.66** | **86.06** |

२०६८ र २०७८ को जनसंख्या, घरधुरी संख्या, परिवार संख्या तथा लिङ्ग अनुपातको तथ्याङ्क तुलना गर्दा घरधुरी संख्या र जनसंख्या २०६८ मा भन्दा २०७८ मा बढेको देखियो। जनसंख्यासँग प्रत्यक्ष सम्बन्धित भएकोले नै परिवार संख्या तथा लिंग अनुपात पनि जनसंख्यकै प्रवृतिमा घट्ने तथा बढ्ने देखियो।


*तालिका 3 जनसङ्ख्याको तुलना*

| नयाँ वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **जनसंख्या, २०६८** | २६१० | ३०४१ | ५०९३ | ५१३५ | ३२५६ | २९३० | ३३५६ | **२५४२१** |
| **जनसंख्या, २०७८** | ३१९९ | ३१०१ | ५५३५ | ४७५८ | २९९६ | ३०४७ | ३३४४ | **२५९८०** |

गौमुखी गाउँपालिका बहु भाषी तथा बहु धार्मिक गाउँपालिका हो र यहा विभिन्न भाषा भाषी तथा धर्म मान्ने मानिसहरु एक आपसमा मिलेर बसेका छन्। गौमुखी गाउँपालिकाको जातीय विभाजन हेर्दा सबैभन्दा बढी (३६.४%) मगर जातीका मानिसहरु छन् भने बिश्वकर्मा दोस्रो स्थानमा पर्दछन्। अधिकांश परिवार (९१%) हिन्दू रहेका भने प्रकृती र बौद्द धर्मका मानिसहरु पनि यस गापा मा रहेका छन्।



*चित्र 2 जातजाती विवरण (स्रोत जनगणना २०७८)*





*चित्र 3 मातृभाषा विवरण (स्रोत जनगणना २०७८)*

*तालिका 4 मातृभाषा विवरण*

| सि.नं. | मातृभाषा | पुरूष | महिला | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ११७२४ | १३६४९ | २५,३७३ | ९७।७ |
| २ | तामाङ | १४८ | १६९ | ३१७ | १।२ |
| ३ | अन्य | १४५ | १४५ | २९० | १।१ |
| | **जम्मा** | १२०१७ | १३९६३ | २५९८० | १०० |

## २.२ आर्थिक विकासको अवस्था

गौमुखी गाउँपालिकाको प्रमुख आर्थिक आधार कृषि नै हो। गाउँपालिकामा हालसम्म खासै ठूलो औधोगिक प्रतिष्ठानहरुको स्थापना भएर गाउँपालिकाकै अर्थतन्त्रलाई टेवा पुर्याउन सकेको देखिंदैन। गाउँपालिकाबाट ठूलो संख्यामा युवाहरु बैदेशिक रोजगारीको लागि विदेश गएको र उनीहरुले पठाउने विप्रेषणले पनि गौमुखी गाउँपालिकाको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुर्याइरहेको छ। जनगणना २०७८ अनुसार १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या तल चित्रमा देखाइएको छ।



*चित्र 4 १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या (स्रोत राष्ट्रिय जनगणना २०७८)*

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस गाउँपालिकाको मुख्य पेशा कृषि हो। गाउँपालिकाका बहुसंख्यक घरधुरी जीवनयापनको लागि कृषिमा निर्भर छन् ।गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा ३८.०८ प्रतिशत भूभागकृषिको लागि उपयुक्त रहेको छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ। गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। गौमुखी गाउँपालिका कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ।

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो ,फापर, जौ, आलु, भटमास, तोरी, आलु, मसला बाली आदि रहेका छन्। गाउँपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहत, आलु, कागती, वर्षे तरकारी निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा आदि छन्।

यस गाउँपालिकाको केही क्षेत्रमा खेतीपातीको लागि सिंचाइको उपलब्धता रहेको छ। यहाको मुख्य सिंचाइको स्रोत भनेको नहर वा कुलो हो। केही नहरबाट बर्षै भरी सिंचाइको सुबिधा छ भने कही नहरले मौसमी रुपमा मात्र सुविधा दिएको पाइन्छ।

*तालिका 5 सिँचाई विवरण*

| क्र.सं. | सिँचाई योजनाको नाम | सिँचित हुने क्षेत्र सा.वि.को गा.वि.स. | गाउँपालिकाको वडा नं. |
|---|---|---|---|
| १ | बाईचौर सिँचाई | अर्खा ४ | २ |
| २ | गौमुखी सिचाई | अर्खा १ | २ |
| ३ | सिरुंखोलो सिँचाई | रजवारा ३ | ३ |
| ४ | रामखोला सिँचाई कुलो | नारीकोट १–९ | ७ |
| ५ | जडनखेत सिंचाई कुलो | नारीकोट ३ | ७ |

गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाख्रा, च्याङ्ग्रानै यहाँका मुख्य घरपालुवा जनावर हुन। यसबाट गाउँपालिकाबासीको जीविकोपार्जनमा क्रमिकरुपमा सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। व्यवसायिक रुपमा केहि पशुपालन गरेको रहे पनि यस गाउँपालिकाले सोचेजति आमदानी गर्न नसकेको देखिन्छ र धैरै पशुपालन भने निर्वाहमुखी मात्र रहेको छ। पशुपालन व्यवसायलाई सुरक्षित राख्न पशु सेवा केन्द्र, त्यस्तै गरी भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। गाउँपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरूसमेत कार्यरत रही आ–आफ्नो क्षेत्रमा सेवा पुर्याईरहेका छन्। ती कार्यालयहरूको नामावली तथा कार्यक्षेत्र निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 6 पशु सेवा केन्द्रको विवरण (स्रोत पशु सेवा कार्यालय, प्युठान २०७३)*

| क्र.सं. | सेवा केन्द्र तथा उपकेन्द्रको नाम | केन्द्र अन्र्तगत समेटिएका साविकका गा.वि.स.हरू |
|---|---|---|
| १ | जिल्ला पशु सेवा केन्द्र | प्यु.का सबै सविकका गा.वि.स. हरू |
| २ | पशु सेवा केन्द्र मच्छी | नारीकोट |
| ३ | पशु सेवा केन्द्र ठुलावेशी | खुड्ग, अर्खा, रजवारा, पूजा, लिवाङ। |

यस गाउँपालिकामा गाईभैंसी फार्महरूमा धैरै लगानीका गरिएको पाइँदैन भने गाउँपालिकामा बाख्रा पालनमा आकर्षण रहेको देखिन्छ। त्यसै गरी फार्महरूको यान्त्रिकरण तर्फ पनि प्रगति न्यून रहेको पाईन्छ। कृषकहरूले आफ्नो दैनिक जीवनको लागि केही गाई, भैंसी, बाख्रा पालन गरे तापनि यसले व्यवसायिकता भने पाउन सकेको छैन। त्यस कारण, समग्रमा भन्नु पर्दा गाउँपालिकामा दुग्ध व्यवसायिक उत्पादनले विस्तारित रूप लिएको छैन।

### २.२.२ पर्यटन तथा संस्कृती

यो गाउँपालिका धर्म र संस्कृतीमा धैरै धनि छ। प्राकृतिक सौन्दर्यका हिसाबले पनि यस गाउँपालिकामा थुप्रै सम्भावना रहेको देखिन्छ। यस्ता धार्मिक तथा एतिहासिक स्थलको प्रचार प्रसार गरी पर्यटन विकासको माध्यमबाट गाउँपालिका तथा स्थानीयले आय आर्जन गर्न सक्ने सम्भावना देखिन्छ। यस गाउँपालिकामा विशेष पर्यटकिय स्थलहरूमा गौमुखी, झाँक्रीढुङ्गा, तामाखानी, दियाल्नाचौर, आदी रहेका छन् जसले गाउँको सौन्दर्यता हरियाली एवं प्राकृतिक मनोरम दृश्य समेटेको छ। यसको अवलोकनको लागी आन्तरिक पर्यटकहरू आउने गरेको पाइन्छ। तर धार्मिक एवं पर्यटनको क्षेत्रमा आवश्यक पूर्वाधारहरू जस्तैः सडकको पहुँच, खानेपानी, शौचालय, होटल, लज, रेष्टुरेण्ट, रिसोर्ट, आदिको विकास हुन

सकेको छैन। धार्मिक एवं पर्यटनको विकासका लागि नीजि क्षेत्रको सक्रिय संलग्नता हुन सकेको छैन। धार्मिक एवं सांस्कृतिक र प्राकृतिकरूपले महत्वपूर्ण स्थलहरूको पहिचान र प्रचार प्रसार हुन सकेको छैन। तथापि हाल आएर केही न केही धार्मिक पर्यटन विकासका प्रयासहरू शुरु हुन थालेका छन्। यसतर्फ गाउँपालिकावासी लगायत सम्बद्ध सरकारी एवं गैरसरकारी निकाय योजनावद्ध तरिकाले लाग्नु जरुरी छ। सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृष्यलाई विदेशी पर्यटक भित्र्याउने गरि संरक्षण, प्रचार प्रसार र व्यवस्थापन गर्न सकिएमा यहाँका जनताको जीवनस्तर माथि उठाउन मद्दत मिल्ने देखिन्छ। तसर्थ धार्मिक एवं पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरू योजनावद्धरूपमा निर्माण गर्दै जानु जरुरी देखिन्छ।

### २.२.३ वित्तिय सेवा तथा सहकारी

नगद कारोबारको ब्यापक प्रयोगका कारण बित्तिय संस्थाको उपस्थिति अनिवार्य हुन जान्छ। सामान्यतया सहर बजारमा बैंकहरुले बित्तिय सेवा प्रदान गरीरहेका छन् भने ग्रामिण भेगमा सहकारी तथा लघुबित्त संस्थाहरुले बित्तिय सेवा प्रदान गरिरहेका छन्। यस गाउँपालिकामा रहेका बैंङ्क तथा वित्तिय संस्थाहरुको बिबरण यस प्रकार रहेको छ।

*तालिका 7 सहकारी संस्थाको विवरण (स्रोत डिभिजन सहकारी कार्यालय, प्यूठान २०७३)*

| क्रसं | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | सञ्चालक संख्या जम्मा | हालको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| | **बचत तथा ऋण सहकारी संस्था** | | | | | | |
| १ | हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. | खुङ्ग,३ रूपाचौर | १४४ | ११८ | २६२ | ९ | सकृय |
| २ | खानीखोला बचत तथा ऋण सहकारी संस्था लि. | पुजा–५ | १९४ | २९ | २२३ | ९ | सकृय |
| ३ | भुमेथान बचत तथा ऋण सहकारी संस्था लि. | अर्खा–८ | ७४ | १४६ | २२० | ११ | सकृय |
| ४ | पाँचऔंले बचत तथा ऋण सहकारी संस्था लि. | रजवारा–८ | ४५ | ७५ | १२० | ९ | सकृय |
| ५ | सिद्धदेवि बचत तथा ऋण सहकारी संस्था लि. | लिवाङ्ग–३ | २ | २३ | २५ | ११ | निष्कृय |
| ६ | नारीकोट बचत तथा ऋण सहकारी संस्था ल. | नारीकोट–५ पिपलरुख | ११ | १८ | २९ | ११ | निष्कृय |
| ७ | एकीकृत बचत तथा ऋण सहकारी संस्था लि. | खुङ्ग,४ | ९१ | १७८ | २६९ | ९ | सकृय |
| ८ | दिदि बहिनि महिला बचत तथा ऋण सहकारी संस्था लि. | खुङ्ग –५ | ३४२ | ० | ३४२ | ११ | सकृय |
| | **कृषि सहकारी संस्था** | | | | | | |
| १ | खलवाङ कृषि ऋण तथा सहकारी संस्था लि. | पूजा –४ | ६ | २३ | २९ | | सकृय |
| | **उपभोक्ता सहकारी संस्था** | | | | | | |
| १ | देउराली उपभोक्ता सहकारी संस्था लि. | अर्खा–८ | २ | २७ | २९ | ९ | निष्कृय |
| २ | मिलिजुली उपभोक्ता सहकारी संस्था लि. | नारीकोट– ५ | ११ | १७ | २८ | ९ | निष्कृय |
| ३ | जुपाल उपभोक्ता सहकारी संस्था लि. | पूजा | ० | ३० | ३० | ९ | निष्कृय |
| ४ | नव एकता उपभोक्ता सहकारी संस्था लि. | लिवाङ | ० | २६ | २६ | ९ | निष्कृय |
| ५ | तिनचुली उपभोक्ता सहकारी संस्था लि. | रजवरा | ० | २५ | २५ | ९ | निष्कृय |

| क.सं. | समूहको नाम | ठेगाना | बालीबस्तु | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
|---|---|---|---|---|---|
| १ | जनचेतना स्वाभलम्वी कृषि समूह | नरीकोट | | २१ | ८२०० |
| २ | पाडेटोल कृषक समूह | खुङ्गा | | १९ | ४७५० |
| ३ | अमर सामुदायिक कृषक समूह | लिवाङ्ग | | २५ | १०४२५० |
| ४ | नयाँ बहिनि कृषक समूह | नारीकोट | | २५ | ३९८१ |
| ५ | गौमुखी कृषि सामुदायिक संस्था | अर्खा | | १५ | २६५० |
| ६ | हरियाली उद्यमशील खेति कृषक समूह | लिवाङ्ग | | ३१ | ८०७० |
| ७ | सक्रिय कृषक समूह | पुजा | | २५ | २५०० |
| ८ | जनजाति कृषक समूह | नारीकोट | | १९ | ४०० |
| ९ | महालक्ष्मीदेवी भुवनेश्वरी विउ आलु उत्पादन कृषक समूह | लिवाङ्ग | आलु विउ | ३४ | ३०००० |
| १० | कृषक सामुदायिक संस्था | नारीकोट | | २१ | ५००० |
| ११ | श्रृजना घरवारी कृषक समूह | खुङ्गा | | २४ | २४० |
| १२ | झिमरुक कृषक समूह | पुजा | | २० | ४०० |
| १३ | देउराली कृषक समूह | पुजा | | २५ | ५६० |
| १४ | प्रगातिशील कृषक समूह | खुङ्ग | | २६ | |
| १५ | मिलिजुली कृषि समूह | खुङ्ग | | | |
| १६ | कृषि तथा पशुपंक्षी समूह | नारीकोट | | २६ | |
| १७ | ठोकेसा सामुदायिक कृषि समूह | पुजा, ठोकेसा | | २० | |
| १८ | सुतिडारे कृषक समूह | खुङ्ग | | १७ | ४५० |
| १९ | गौमुखी मौरीपालन कृषक समूह | नारीकोट | मौरीपालन | १५ | ५०० |
| २० | पौरखी कृषि समूह | खुङ्ग | | १६ | |
| २१ | जनकल्याण सामुदायिक कृषक समूह | लिवाङ | | १९ | |
| २२ | दहबासे कृषि समूह | रजवारा | | २० | ३०० |
| | **जम्मा** | | | **४६३** | **१,७२,२५१** |
| **महिला समूह** | | | | | |
| २३ | दिपज्योति महिला समूह | पुजा | | २३ | १७००० |
| २४ | दिदि बहिनि महिला कृषि समूह | पुजा | | २३ | ३२४६० |
| २५ | डाँफेमुनाल कृषक समूह | लिवाङ | | २३ | ५७५ |
| २६ | कसेरी कृषक समूह | लिवाङ | | २५ | |
| २७ | भुमेश्वरी महिला कृषक समूह | लिवाङ | | २४ | २१६० |
| | **जम्मा** | | | **११८** | **५२१९५** |

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार गौमुखी गाउँपालिकामा केही प्रतिशत दजन संख्याले मात्र गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्तिअनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ।

त्यसै गरी, उपकरणहरुका अभावमा जटिल प्रकारका विरामीहरुलाई जिल्ला सदरमुकाम वा अन्य जिल्लासम्म पनि पुर्याउनु पर्ने वाध्यता रहेको छ । यसका अलवा स्वास्थ्य संस्थाहरुले खानेपानी, शौचालय, तारबार, प्रयोगशाला, तथा एम्बुलेन्स सेवाको अभाव जस्ता कैयौं समस्या झेल्नु परेको छ । गाउँपालिकाका सबै वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ ।

*तालिका 8: गौमुखी गापाको स्वास्थ्य संस्थाहरु*

| क्र सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | गौमुखी -१ |
| २ | अर्खा स्वास्थ्य चौकी | गौमुखी -२ |
| ३ | रजवारा स्वास्थ्य चौकी | गौमुखी -३ |
| ४ | पुजा स्वास्थ्य चौकी | गौमुखी -४ |
| ५ | खुङ स्वास्थ्य चौकी | गौमुखी -५ |
| ६ | लिवाङ स्वास्थ्य चौकी | गौमुखी -६ |
| ७ | नारिकोट स्वास्थ्य चौकी | गौमुखी -७ |
| ८ | पुजा सामुदायिक स्वास्थ्य इकाई, मष्टथान | गौमुखी -४ |
| ९ | ठुलाचौर सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -२ |
| १० | जुरढुङ्गा सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -१ |
| ११ | लामिबगर सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -३ |
| १२ | ढाँडखानी सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -३ |
| १३ | वाग्लिबाङ सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -४ |
| १४ | खलाचौर सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -४ |
| १५ | खाल सामुदायिक स्वास्थ्य इकाई | गौमुखी -५ |

### २.३.२ शैक्षिक विकास

संसार २१औँ शताब्दीको प्रविधिमा तल्लिन भइसकेको अवस्थामा पनि साक्षरता दर कम हुनु यस गाउँपालिकाको नकरात्मक पक्ष हो। तसर्थ यसतर्फ गाउँपालिकाको ध्यान केन्द्रित हुनु जरुरी देखिन्छ। यस गाउँपालिका भित्र भएका केही विद्यालय तथा बाल विकास केन्द्रको भवनहरु पक्की छैन। त्यस्तै केही बिद्यालयमा चर्पीको सुविधा तथा स्वच्छ खानेपानी को व्यवस्था रहको छैन । शिक्षकहरुको अभाव, खानेपानिको अभाव, प्रयोगशाला तथा पुस्तकालयको अभाव केही बिद्यालयका मुख्य समस्या हुन्। यस गाउँपालिकामा सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न अनुसार तालिकामा दिईएको छ।

| क्र सं | विद्यालयको नाम | विद्यालयको तह | प्र.अ. को नाम | प्र.अ. को सम्पर्क नं. | विद्यालयको ठेगाना |
|---|---|---|---|---|---|
| १ | गौमुखी माद्यामिक विद्यालय | माध्यामिक | माधवराज पोख्रेल | 9847854755 | गौमुखी 5 खुङ |
| २ | श्री अर्खा मा.वि. | माध्यामिक | लिलु प्रसाद पौडेल | 9847928684 | गौमुखी 1 अर्खा |

| क्र सं | विद्यालयको नाम | विद्यालयको तह | प्र.अ. को नाम | प्र.अ. को सम्पर्क नं. | विद्यालयको ठेगाना |
|---|---|---|---|---|---|
| ३ | श्री खरा मा.वि. | माध्यामिक | यूग बहादुर के.सी. | 9847860485 | गौमुखी 3 रवजारा |
| ४ | श्री महेन्द्र मा.वि. | माध्यामिक | बोम बहादुर के.सी | 9869424747 | गौमुखी 4 पुजा |
| ५ | श्री भृकुटी मा.वि. | माध्यामिक | गुञ्जमान पुन | 9847826746 | गौमुखी 6 लिवाङ |
| ६ | अमृत जिवन मा.वि | माध्यामिक | रामचन्द्र गिरी | 9847867052 | गौमुखी 7 नारीकोट |
| ७ | श्री जनसहयोगी मा.वि | माध्यामिक | अमृत के.सी. | 9857029316 | गौमुखी 5 खुङ |
| ८ | श्री नेरा आ.वि नेटा | आधारभूत | प्रकाश चन्द | 9860104080 | गौमुखी 3 रवजारा |
| ९ | श्री ज्ञानोदय आ.वि | आधारभूत | नोज बहादुर बुढा | 9845867130 | गौमुखी 3 रवजारा |
| १० | श्री जनज्योती आ.वि | आधारभूत | हरी न्यौपाने | 9847856299 | गौमुखी 4 पुजा |
| ११ | श्री बाल जिवनसुधार आ.वि | आधारभूत | भगवती के.सी | 9866959363 | गौमुखी 4 पुजा |
| १२ | श्री जनजिवन आ.वि | आधारभूत | विशाल राना | 9844970852 | गौमुखी 4 पुजा |
| १३ | श्री नेरा आ.वि | आधारभूत | लाल बहादुर बुढा मगर | 9866912290 | गौमुखी 6 लिवाङ |
| १४ | श्री बाल सुधार आ.वि | आधारभूत | प्रताप रमन पुरी | 9867150053 | गौमुखी 7 नारीकोट |
| १५ | श्री गौमुखी आ.वि | आधारभूत | कमल गिरी | 9844927755 | गौमुखी 2 अर्खा |
| १६ | श्री महेन्द्र आ.वि | आधारभूत | दुर्गा बहादुर थापा | 9866936210 | गौमुखी 1 अर्खा |
| १७ | श्री भुमेकाथान आ.वि | प्राथमिक | पदम बहादुर खड्का | 9844984466 | गौमुखी 7 नारीकोट |
| १८ | बाल सुधार प्रा.वि. | प्राथमिक | कृष्णा तामाङ | 9865580090 | गौमुखी 1 अर्खा |
| १९ | श्री बसन्त प्रा.वि | प्राथमिक | खिमा बुढा मगर | 9868687171 | गौमुखी 1 अर्खा |
| २० | श्री रातामाटा प्रा.वि | प्राथमिक | दुजमान घर्ति मगर | 9863369877 | गौमुखी 1 अर्खा |
| २१ | श्री सरस्वती प्रा.वि | प्राथमिक | पुनर गिरी | 9847851685 | गौमुखी 1 अर्खा |
| २२ | श्री बेसिवन बालज्योती प्रा.वि | प्राथमिक | नरू थापा मगर | 9844927718 | गौमुखी 1 अर्खा |
| २३ | श्री बाइसमुल प्रा.वि | प्राथमिक | रेश बहादुर थापा | 9869262214 | गौमुखी 2 अर्खा |
| २४ | श्री सयपत्री प्रा.वि | प्राथमिक | याम बहादुर थापा मगर | 9844954913 | गौमुखी 2 अर्खा |
| २५ | श्री बाइचौर प्रा.वि. | प्राथमिक | धनि बुढामगर थापा | 9845867338 | गौमुखी 2 अर्खा |
| २६ | श्री देउराली सुन्दर प्रा .वि. | प्राथमिक | प्रदिप शाही | 9867300288 | गौमुखी 3 रवजारा |
| २७ | श्री लालिगुरास प्रा .वि. | प्राथमिक | मन बहादुर पुन | 9866937807 | गौमुखी 3 रजवारा |
| २८ | श्री तिखाचुली प्रा .वि. | प्राथमिक | भुवन घर्ति | 9844971175 | गौमुखी 3 रजवारा |
| २९ | श्री जनकल्याण प्रा .वि. | प्राथमिक | डोर बहादुर बुढा | 9866959595 | गौमुखी 3 रजवारा |
| ३० | श्री दिपेन्द्र प्रा.वि. | प्राथमिक | मान बहादुर बुढा | 9864977215 | गौमुखी 3 रजवारा |
| ३१ | श्री जिवन सुधार प्रा.वि. | प्राथमिक | गोरालाल वि.क. | 9868900897 | गौमुखी 3 रजवारा |
| ३२ | श्री ने.रा. प्रा.वि. | प्राथमिक | एगम सुनार | 9844985229 | गौमुखी 4 पुजा |
| ३३ | श्री शिशुकल्याण प्रा.वि. गौडेचौर | प्राथमिक | किरण बहादुर के.सी. | 9842444244 | गौमुखी 4 पुजा |
| ३४ | श्री शिशुकल्याण प्रा.वि. गाडाँपानीचौर | प्राथमिक | विमला घिमिरे | 9844908839 | गौमुखी 4 पुजा |
| ३५ | श्री जनपृय प्रा.वि. | प्राथमिक | अञ्चल बहादुर के.सी. | 9849772985 | गौमुखी 4 पुजा |
| ३६ | श्री बालज्योती ने.रा. प्रा.वि. | प्राथमिक | सुमित्रा खड्का | 9868668120 | गौमुखी 4 पुजा |

| क्र सं | विद्यालयको नाम | विद्यालयको तह | प्र.अ. को नाम | प्र.अ. को सम्पर्क नं. | विद्यालयको ठेगाना |
|---|---|---|---|---|---|
| ३७ | श्री जनता प्रा.वि. | प्राथमिक | अन्जु एम.सी. | 9868667688 | गौमुखी 5 खुङ |
| ३८ | श्री शिशु प्रा.वि. | प्राथमिक | दुर्गा कुमारी शाह | 9857833807 | गौमुखी 5 खुङ |
| ३९ | श्री भानु प्रा.वि. | प्राथमिक | वृहस्पति मल्ल | 9847877560 | गौमुखी 5 खुङ |
| ४० | श्री पूर्ण प्रा.वि. | प्राथमिक | विक्रम के.सी. | 9863408246 | गौमुखी 5 खुङ |
| ४१ | श्री गृह प्रा.वि. | प्राथमिक | जाल्पा कुवर | 9766834560 | गौमुखी 5 खुङ |
| ४२ | श्री बालकल्याण ने.रा. प्रा.वि. | प्राथमिक | अनिल प्रसाद शाह | 9845857715 | गौमुखी 6 लिवाङ |
| ४३ | श्री जनचेतना प्रा.वि. | प्राथमिक | निर्मला एम.सी. | 9847921000 | गौमुखी 6 लिवाङ |
| ४४ | श्री लालिगुरास प्रा.वि. | प्राथमिक | चन्द्रा कुमारी पुन | 9861536888 | गौमुखी 6 लिवाङ |
| ४५ | श्री लोकतान्त्रिक प्रा.वि. | प्राथमिक | विष्णु गिरी | 9847839355 | गौमुखी 7 नारीकोट |
| ४६ | श्री दोसाध प्रा.वि. | प्राथमिक | जुद्ध बहादुर जि.सी. | 9847917293 | गौमुखी 7 नारीकोट |

*स्रोत गापा वेबसाइट*

| क्र.सं. | शिक्षकको किसिम | स्थायी | | | अस्थायी दरबन्दी | | | राहत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | प्रा.वि. | 10 | 33 | 43 | 15 | 26 | 41 | 19 | 15 | 34 |
| २ | नि.मावि | 0 | 9 | 9 | 0 | 4 | 4 | 0 | 6 | 6 |
| ३ | मा.वि | 0 | 6 | 6 | 0 | 0 | 0 | 1 | 4 | 5 |
| **जम्मा** | | **10** | **48** | **58** | **15** | **30** | **45** | **20** | **25** | **45** |
| **जम्मा** | | | | | | | | | | **148** |


*स्रोत जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

### २.३.३ खानेपानी तथा सरसफाई

यस गाउँपालिका क्षेत्रमा रहेका कूल घरपरिवार मध्ये सबै भन्दा धेरैले मुहानबाट पाइपमा आएको पानी प्रयोग गर्दछन् भने केहीले कुवा र पधेराको पानी प्रयोग गर्दै आएका छन् । केहि वस्तीमा अझै पाइपमा पानी घरघरमा पुगेको छैन । विभिन्न स्रोत अनुसार खानेपानी उपयोग गर्ने घरपरिवार सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।


| वडा | खानेपानीको स्रोत | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाइप धारा घरमै | पाइप धारा घरदेखी टाढा | ट्युबवेल हातेपम्प | ढाकिएको ईनार अथवा कुवा | खुला ईनार अथवा कुवा | मुल धारा | खोला खोल्सी | जार बोटल | अन्य | |
| 1 | 68 | 465 | 0 | 1 | 51 | 5 | 2 | 0 | 4 | **596** |
| 2 | 65 | 462 | 0 | 0 | 3 | 18 | 0 | 0 | 2 | **550** |
| 3 | 293 | 703 | 0 | 2 | 7 | 49 | 0 | 1 | 1 | **1056** |
| 4 | 247 | 845 | 0 | 3 | 12 | 19 | 1 | 1 | 0 | **1128** |
| 5 | 100 | 656 | 0 | 0 | 3 | 6 | 0 | 0 | 2 | **767** |
| 6 | 210 | 426 | 0 | 0 | 2 | 1 | 0 | 0 | 0 | **639** |
| 7 | 392 | 433 | 0 | 0 | 0 | 16 | 0 | 0 | 1 | **842** |
| **जम्मा** | **1375** | **3990** | **0** | **6** | **78** | **114** | **3** | **2** | **10** | **5578** |

*(स्रोत राष्ट्रिय जनगणना २०७८)*



*(स्रोत राष्ट्रिय जनगणना २०७८)*

शौचालयको प्रयोगको अवस्थालाई हेर्दा ३५ वा ०.६ प्रतिशत घरपरिवारमा शौचालय नभएको, ७०३ वा १२.६ प्रतिशत घरपरिवारमा साधारण शौचालय, ४,५०८ वा ८०.८ प्रतिशत घरपरिवारमा सेफ्टी ट्यांक, ३२९ वा ५.९ प्रतिशत घरपरिवारमा सार्वजनिक ढलसहित शौचालय भएको अवस्था देखाउँछ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ । गाउँपालिका र वडाकार्यालयहरुले शौचालयको निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।



*(स्रोत राष्ट्रिय जनगणना २०७८)*

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैगिंक समानता तथा समाजिक समावेशीकरणको मूल मर्म भनेको समान अधिकार, अवसर र समाजमा पछाडि परेका वर्ग तथा समुदाय र क्षेत्रलाई विकासको मुल प्रवाहमा प्रवाहीकरण गर्नु नै हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत आएका छन् । संविधानबाट नै उपरोक्त व्यवस्था कार्यान्वयनका लागि विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ । संविधानले ती आयोगहरूमा लक्षित वर्ग, लिंगको प्रतिनिधित्व रहनुपर्ने व्यवस्था गरेको छ । बहुसङ्ख्यक दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका समूह समुदाय विगतमा राज्यको संरचानाद्वारा नै पछाडि पारिएको हुँदा नेपालमा सकारात्मक उपाय र समावेशीकरण नीति र यसको मूलप्रवाहीकरणको सान्दर्भिकता रहेको छ । महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिला तथा लक्षित समूहले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, संसद् लगायतका तीन वटै तहका निकायमा महिला तथा लक्षित समूह र वर्गको समुचित र समानुपातिक प्रतिनिधित्वको व्यवस्था संविधान र कानुनबाट नै सुनिश्चित गरिएको छ ।

गाउँपालिका र नगरपालिकाको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, त्यस्तै कार्यपालिकामा अल्पसंख्यक वा दलित गाउँपालिकामा दुई र नगरपालिकामा तीन जना महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने गरी गाउँसभा र नगरसभाको गठन हुने, त्यस्तै स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय योजना बनाउँदा बाल मैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ ।

राष्ट्रले नै ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न अवसरहरु प्रदान गर्दै आएको छ। यही प्रणाली यस गाउँपालिकामा पनि अनुसरण गर्दै थप कार्यक्रमहरु ल्याई ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुको जिवनोत्थान गरी क्रान्ति ल्याउनु पर्ने देखिन्छ। गाउँपालिकाका अधिकांश भवनहरु अशक्त एवं अपाङ्गमैत्री नभएको हुँदा सो समस्याको समाधानका लागि विभिन्न नीति अपनाउनु पर्ने देखिन्छ।

### २.३.५ युवा, खेलकुद तथा कला

यस गाउँपालिकाका युवाहरूको ठूलो संख्या वैदेशिक रोजगारी, आन्तरिक आप्रवासन, कृषि कर्ममा व्यस्त वा बेरोजगार छन् । अदक्ष युवाहरू सीपयुक्त शिक्षा प्राप्तिको अवसरको अभावमा न्यून ज्यालादर तथा सम्मानजनक रोजगारीको अवसरबाट वञ्चितीमा परी विदेशिनुपर्ने अवस्था सिर्जना भएको छ। उद्यमशीलता र सीपको कमीले युवाहरूको उत्पादकत्व अपेक्षाकृत न्यून रहेको छ। युवा जनसांख्यिक लाभको पर्याप्त सदुपयोग हुन सके युवालाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउन सकेमा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न गई जीवनस्तरमा पर्याप्त सुधार आउन सक्ने देखिन्छ ।

यस गाउँपालिकाको क्षेत्रभित्र प्रशस्त खेल मैदान रहेको छ। चिसापानीमा भने बार्षीक रुपमै भलिबल प्रतियोगिता भइरहेको छ। यस गाउँपालिका भित्रका खेलमैदानलाई स्तरोन्नती गर्न सके खेलकुदमा राम्रो सम्भावना रहेको देखिन्छ।

## २.४ पुर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

वर्तमान अवस्थामा गाउँपालिकाको भवन ब्यबस्थित छ। त्यसै गरी कतिपय वडा कार्यालयहरूको आफ्नो भवन नभई सेवा प्रवाहमा असर परिरहेको छ। साविकका सेवा केन्द्रहरू र वडा कार्यालयहरू संयोजन गरी एकीकृत रूपमा एकद्वार सेवा प्रवाह गर्नुपर्ने अवस्था सृजना हुन सकेको छैन। यसैगरी गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई आवश्यक आवासको सुविधा नहुँदा सेवा प्रदान गर्न कठिनाई भइरहेको छ। त्यस्तै गरी सामुदायिक विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाका कर्मचारी तथा अन्य सरकारी निकायका कर्मचारीलाई उचित आवासको व्यवस्था नभएको अवस्था छ।

कुनै पनि ठाउँको सामाजिक र भौतिक विकासमा उक्त ठाउँमा हुने मानिसहरुको बसाईसराईले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कुनै पनि ठाउँमा भौतिक पूर्वाधार तथा आर्थिक संभावना राम्रो भए सो ठाउँमा बसाई सराई आउने मानिसहरुको संख्या बढी हुन्छ त्यसै गरी ठाउँमा यदि सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास राम्रो छैन भने त्यहाँका मानिसहरु पनि अन्यत्र बसाई सराई जाने सम्भावना बढी हुन्छ। गाउँपालिकाको जनसंख्याको विवरण हेर्दा २०६८ मा भन्दा २०७८ मा कुल जनसंख्या न्युन मात्रामा मात्र बढ्नुको कारण गाउँपालिकाबाट बाहिरिने बसाईसराई हो भन्न सकिन्छ। यसको कारण गाउँपालिकामा भौतिक तथा आर्थिक पूर्वाधारहरुको विकास पूर्ण रुपले भै सकेको छैन भन्ने बुझ्न सकिन्छ।

### २.४.२ सडक, पुल तथा यातायात

यस गाउँपालिकामा जम्मा करिब १०० कि.मि सडक रहेको छ भने हाल भएका सडकहरु अधिकांस धुले छन्। हाल गाउँपालिकामा ३ बटा मोटरेबल र ५ वटा झोलुङ्गे पुलहरु रहेका छन्। त्यस्तै गरी कतिपय खोलाहरुमा पुल तथा कल्भर्टको अभावमा आवागमनमा अबरोध पुगिरहेको छ। हाल भएका सडकहरु साँघुरा, र वर्षभरी चल्न नसक्ने खालका छन्। यसका


अलावा गाउँपालिकामा व्यवस्थित वसपार्कको प्रबन्ध छैन, सवारी साधनहरु सडकमा नै पार्किङ्ग गर्ने गरीएको छ। त्यस्तै गरी आपतकालीन अवस्थामा उद्धार एवं राहत पुर्याउनको लागि आवश्यक पर्ने हेलिप्याडको प्रबन्ध गरीएको छैन।

यस गौमुखी गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन। गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफुल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुर्याउन कठिनाई भएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा गाउँपालिकाबासीलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुर्याउन सकिएको छैन। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा ट्रेक्टर, जिप, कार, बस, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ। यस गाउँपालिका बाट राजधानी काठमाण्डौ पुग्न करिब ४५० कि. मि. दुरी तय गर्नुपर्दछ। त्यस्तै गरि प्रदेश राजधानी देउखुरी पुग्न भने करिब ९० कि. मि. तय गर्नु पर्दछ। राजधानी पुग्न तय गर्नुपर्ने लामो दुरीका कारण यस क्षेत्रका जनतालाई प्रशासनिक कामको लागि कठिनाई उत्पन्न हुने गरेको छ।

यस गाउँपालिकामा पालिका स्तरीय सार्वजनिक यातायात सेवा उपलव्ध छैन। गाउँपालिकाको बढ्दो जनसंख्या र बढ्दो आन्तरिक आवागमन ब्यबस्थापन गर्नका निमित्त ठुला सवारी साधनबाट सेवा उपलव्ध गराउनु पर्ने हुन्छ। त्यस्तै गरी सार्वजनिक सवारी साधनको अभावमा निजी सवारी साधनहरुको संख्या बढ्दो छ, जसले भबिश्यमा गाउँपालिका भित्र ट्राफिक जाम तथा सडक दुर्धटना जस्ता समस्या निम्ताउने देखिन्छ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा


यस गाउँपालिकाको लगभग सबै स्थानमा बिधुत सेवा पुगिसकेको छ। हाल यस गाउँपालिकामा वैकल्पिक उर्जाको प्रयोग भइरहेको छ। गाउँपालिकामा प्रायजसो सवै घरपरिवारमा दाउरालाई खाना पकाउने मुख्य इन्धनको रुपमा उपयोग गर्ने गर्दछन्। ९३.१ प्रतिशत वा ५१९२ घरपरिवारमा दाउराको उपयोग हुने गरेको देखिन्छ। अन्य घरपरिवार मध्ये एल पि ग्याँस ३६३ परिवारमा इन्धनको रुपमा उपयोग हुँदै आएको छ। यस सम्बन्धी विवरण देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।



| वडा | दाउरा | एल पी ग्यास | विजुली | वायोग्यास | मट्टीतेल | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 585 | 10 | 1 | 0 | 0 | **596** |
| 2 | 512 | 38 | 0 | 0 | 0 | **550** |
| 3 | 1026 | 20 | 1 | 0 | 9 | **1056** |
| 4 | 1032 | 96 | 0 | 0 | 0 | **1128** |
| 5 | 655 | 111 | 0 | 1 | 0 | **767** |
| 6 | 631 | 8 | 0 | 0 | 0 | **639** |
| 7 | 751 | 80 | 0 | 11 | 0 | **842** |
| **जम्मा** | **5192** | **363** | **2** | **12** | **9** | **5578** |

*(स्रोत राष्ट्रिय जनगणना २०७८)*

यस क्षेत्रमा वत्तीको लागि उपयोग गरिने इन्धनको रुपमा विजुली, मट्टितेल, सोलार लगायतका रहेका छन्। जस मध्ये सबै भन्दा बढि ९० प्रतिशत घरपरिवारले विद्युत उपयोग गर्ने गरेको देखिन्छ। यस सम्बन्धी अन्य विवरण देहाय बमोजिमको ग्राफमा प्रस्तुत गरिएको छ।



*(स्रोत राष्ट्रिय जनगणना २०७८)*

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्युनिकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

यो गाउँपालिका पूर्ण रुपमा पहाडी क्षेत्रमा पर्ने भएकाले यहाँको जमिन भिरालो र उबडखाबड छ। यस गाउँपालिका को ४५ प्रतिसत जमिन नै वन जङ्गलले ढाकेको पाईन्छ जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ। गौमुखीगाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुँरास, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन्।चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश,सुगा, कण्ठे सुगा, मदन सुगा, टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुदुरङ, चिल, जिङ्गर काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भाद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली बुलबुल, गाजले चरी, धोबी चरा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथुरके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

| क्रसं | सा.व को नाम | ठेगाना | क्षे.फ हे. | कायम क्षेत्रफल | घरधुरी | जनसंख्या (जना) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा |
| १ | द्वारेगौडा | लिवाङ्ग २,३,४,५,६ पुजा ८ | | ७३.४५ | ४७९ | १२८१ | १३८८ | २६६९ |
| २ | रुल ठूलाभिर | पुजा ५,६,७,८ | 8 | ४८.८५ | ४१७ | १२७१ | १३६५ | २६३६ |
| ३ | कुजागाडे | पुजा ३,४,५,९ | 79.47 | ९०.८८ | १०० | २५६ | ३०४ | ५६० |
| ४ | सुर्के तेर्सेधारा | रजवारा ५,६,७ | 926.3 | ९२६.३ | २९२ | १०३४ | १०५२ | २०८६ |
| ५ | बसन्ती गर्जेङ्ग खोला | रजवारा १,२ | 38.65 | ३८.६५ | १९४ | ३०२ | ३२८ | ६३० |
| ६ | गोरुखर्कने | खुङ्ग ७,८ | 23.28 | २३.५७ | ८२ | २०७ | २४३ | ४५० |
| ७ | डाफ्ले | लिवाङ्ग ५ | 4.37 | ४.३७ | १२ | १८ | २२ | ४० |
| ८ | सुन्दरी | रजवारा ३ | 77.16 | ७७.१६ | १३५ | ३०२ | ३२८ | ६३० |
| ९ | आरुखर्क हलहले | रजवारा ४ | 97.08 | ९७.०८ | १४९ | ४८० | ४५८ | ९३८ |
| १० | घोर्ल लाममेला | रजवारा ३ | 146 | १४६ | १०७ | २९६ | ३१५ | ६११ |
| ११ | तारेभिर | खुङ्ग ६ | 21.5 | २१.५ | ६८ | १६४ | २०३ | ३६७ |
| १२ | गहतेराफेरो | नारीकोट ४ र ५ | 81 | ८१ | ७१ | १७२ | १८२ | ३५४ |
| १३ | ठूलामेला | नारीकोट ९ | 25.89 | २५.८९ | १०० | २५६ | ३०४ | ५६० |
| १४ | फवरेटा छरछरे | खुङ्ग ९ | 6.24 | ६.२४ | ८८ | २४४ | २६० | ५०४ |
| १५ | वनकला | नारीकोट २ | 7.52 | ७.५२ | ८० | २२६ | २४६ | ४७२ |
| १६ | खड्यान | लिवाङ्ग ५,६ | 8.94 | ८.९४ | ४८ | १४८ | १५२ | ३०० |
| १७ | ठूलाचुली | अर्खा ९ | 77.25 | ३५ | ८२ | २३० | २२१ | ४५१ |

| क्रसं | सा.व को नाम | ठेगाना | क्षे.फ हे. | कायम क्षेत्रफल | घरधुरी | जनसंख्या (जना) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा |
| १८ | च्याँठ | नारीकोट ५ | 8.25 | ८.२५ | ५० | १६४ | १६० | ३२४ |
| १९ | ददेरीगैह्रा | नारीकोट ३ | 3.5 | ३.५ | ६८ | १११ | २१७ | ३२८ |
| २० | ईस्नादेवी | लिवाङ्ग ८,९ | 85.42 | ८५.४२ | १८० | ५२२ | ५३९ | १०६१ |
| २१ | मोठपरी | नारीकोट ८ | 17.32 | १७.३२ | ९२ | २९५ | २८६ | ५८१ |
| २२ | गहतेरा | नारीकोट १,९ | 50.4 | ५०.४ | १६४ | ४२१ | ४५२ | ८७३ |
| २३ | सिलाजी लालीगुंरास | नारीकोट ५,६,७,८,९ | 174 | १७४ | २६९ | ८५० | ८८० | १७३० |
| २४ | गुफा | खुङ्ग १ | 97.75 | ९७.७५ | ११४ | ३४८ | ३६५ | ७१३ |
| २५ | देउराली | खुङ्ग ३,५,६ | 35.29 | ३५.२९ | ७७ | २२४ | २४५ | ४६९ |
| २६ | ईश्नाखोला | लिवाङ्ग ७ | 59.5 | ५९.५ | १२७ | ३७४ | ३९१ | ७६५ |
| २७ | जारङखोर | लिवाङ्ग ५ | 8.04 | ८.०४ | ७१ | २९९ | २२१ | ५२० |
| २८ | जुजारे देउराली | अर्खा ७ | 137.2 | १३७.२ | २१४ | ७४१ | ७७६ | १५१७ |
| २९ | छहरे भेडावारी | खुङ्ग ४ | 15.25 | १५.२५ | ८२ | २०६ | २२६ | ४३२ |
| ३० | रातापानी विप्पे गौडा | अर्खा ९ | 36.23 | ३६.२३ | ५२ | १६३ | १७४ | ३३७ |
| ३१ | मजुवा | अर्खा १ | | ४४४.२ | १६२ | ६३८ | ६५१ | १२८९ |
| **जम्मा** | | | | **१९७१.२** | **४२२६** | **१२२४३** | **१२९५४** | **२५१९७** |

*स्रोतः जिल्ला वन कार्यालय, प्युठान, २०७३*

### २.५.२ महामारी तथा विपद् व्यवस्थापन

यस गाउँपालिकामा खासगरी पहिरो र आगोलागीको प्रकोप बढी भएरहेको पाइन्छ तर जनधनको क्षेति भने न्युन नै रहेको पाइन्छ। दमकलको सुबिधा नहुनाले आगो नियन्त्रणमा निकै कठिनाई पर्ने गरेको र पहाडी भुभाग रहेकाले पनि झनै समस्या रहेको पाइन्छ। पहाडी इलाका भएकै कारणले केही ठाउँमा पहिरोले घर, विद्यालय, खानेपानीका गारो चर्किने समस्या देखिन्छ। यस गाउँपालिकामा नदी कटान बाढी जस्ता समस्या भने छैन।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ सुशासन र सेवा प्रवाह

राज्यको पुनःसंरचना पश्चात् नयाँ गठन भएको गाउँपालिकाको संस्थागत विकास प्रयासको थालनी भएको छ। गाउँपालिकाको संगठन संरचनाको खाका निर्माण, जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ। सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना (भवन) र जनशक्तिको व्यवस्था, गाउँपालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन्। हालको संक्रमणकालीन अवस्थामा गाउँपालिकाभित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य गाउँपालिकाको लागि निकै चुनौतीको रूपमा रहेको छ।

परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह, स्थानीय शासनको प्रभावकारी सञ्चालनको लागि संस्थागत, क्षमता विकास तथा सुशासनको आवश्यकता पर्दछ । यसको अर्थ स्थानीय शासनको संस्थागत विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवा प्रवाहबाट अपेक्षित नतिजा हासिल गर्न सकिन्छ । आवधिक विकास योजना आफैमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत, क्षमता विकास र सुशासनलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

### २.६.२ सार्वजनिक भवन तथा अन्य पुर्वाधार

वर्तमान अवस्थामा गाउँपालिकाको भवन ब्यबस्थित छ । त्यसै गरी कतिपय वडा कार्यालयहरूको आफ्नो भवन नभई सेवा प्रवाहमा असर परिरहेको छ । साविकका सेवा केन्द्रहरू र वडा कार्यालयहरू संयोजन गरी एकीकृत रूपमा एकद्वार सेवा प्रवाह गर्नुपर्ने अवस्था सृजना हुन सकेको छैन । यसैगरी गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई आवश्यक आवासको सुविधा नहुँदा सेवा प्रदान गर्न कठिनाई भइरहेको छ । त्यस्तै गरी सामुदायिक विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाका कर्मचारी तथा अन्य सरकारी निकायका कर्मचारीलाई उचित आवासको व्यवस्था नभएको अवस्था छ ।

# ३ सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

दीर्घकालीन सोच भनेको दूरदृष्टि हो। यो भविष्य वा दीर्घकालमा हासिल गर्न चाहेको विकासको आदर्श अवस्थाको परिकल्पना हो। आवधिक तथा रणनीतिक योजना तर्जुमाको सन्दर्भमा दीर्घकालीन सोच सामान्यतः २०–३० वर्षको लागि सोचेर तय गरिन्छ। यो विकास सम्भावना, विशेषता र स्थानीय बासिन्दाको चाहना र अपेक्षा दर्शाउने खालको हुनुपर्दछ। स्थानीय सरकारको दीर्घकालीन सोच तय गर्दा राष्ट्रिय र प्रदेशको सोच, स्थानीय तहको सम्भावना, विशेषता र प्राथमिकतालाई मध्यनजर गरी तयार गर्नुपर्दछ। यसले विकासको गन्तव्य पहिचान तथा तय गर्दछ। यसलाई स्पष्ट, आकर्षक र संक्षेपमा तयार गर्नु उपयुक्त हुन्छ। सोचलाई मुख्यतः विकास प्रयासहरूबाट प्राप्त हुने साध्यको रूपमा तय गरिनुपर्दछ। साध्यसँगै साधनलाई समावेश गर्न सकिन्छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

यस गाउँपालिकाको विकासमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरु यस प्रकार छन्।

- युवा शक्ति पलायन भएका कारण आर्थिक गतिविधिका लागि प्रयाप्त जनशक्तिको आभाव भएको
- व्यवसायिक कृषि उत्पादनमा जान नसक्नु
- स्वास्थ्य सेवाका लागि सहज पहुँच नभएको
- उच्च शिक्षाका लागि सहज पहुँच नभएको
- साक्षरता दर न्युन रहेको
- सडकहरु धुले अवस्थामा रहेका
- गाउँपालिका स्तरिय सार्वजनिक यातायात नभएको
- पहिरो तथा आगोलागीले केही धनको क्षति हुने गरेको
- गाउँपालिकाको आन्तरिक आम्दानी न्युन रहेको
- डआर्थिक पुर्वाधारको बिकास गर्न गाऊँपालिकाको मात्र प्रयास प्रयाप्त नहुने
- गाऊँपालिकाको जनसंख्या तिब्र रुपमा घट्दै जानसक्ने
- युवा जनशक्ति पलायन हुँदा पुर्वाधार बिकासमा ठुलो असर पर्नसक्ने
- पुर्वाधार बिकासका निमित्त ठुलो धनराशी खर्च गर्नु पर्ने
- उद्दार तथा राहत बितरणका लागि आवश्यक जनशक्तिको अभाव पर्नसक्ने
- कर्मचारी समायोजनबाट यस गाउँपालिकामा आवश्यकता भन्दा कम संख्यामा खटाइएको

## ३.३ प्रमुख समस्या तथा अवसर

यस गाउँपालिकाको विकासमा देखिएका प्रमुख सम्भावना तथा अवसरहरु यस प्रकार छन् ।

- धार्मिक पर्यटनको बिकासका लागि ठुलो संख्यामा मठ, मन्दिरहरु भएका
- वहुभाषा तथा वहुजातीको बसोबास रहेको
- ब्यबसायिक कृषिका लागि उपयुक्त हावापानि रहेको
- खुल्ला क्षेत्रहरु प्रसस्त रहेको र वातावरण प्रदुषित नरहेको
- सडक संजालसंग जोडिएको हुँदा धेरै अवसरहरु सृजना गर्ने
- सार्वजनिक यातायात संचालनमा रहेको
- गाउँपालिकालाई आत्मनिर्णयको आधिकार प्राप्त भएको
- शिक्षा, स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माणका लागि दातृ निकायको सहयोग भइरहेको÷हुने
- बजारिकरण नभइसकेको क्षेत्रमा योजनाबद्ध ढंगबाट बस्ति बिकास गर्न सकिने
- गाऊँपालिका र वडा कार्यालयले दिने सेवाको बारेमा जनचेतना बिकशित भएको

## ३.४ गाउँपालिकाको दिर्घकालीन सोच

***“कृषि, शिक्षा, पर्यटन र पुर्वाधार प्राथमिकता हाम्रो,***

***सबै स्वस्थ र समृद्द भए बन्छ गौमुखी राम्रो”***

## ३.५ लक्ष्य

कानुनी राज्यको अवधारणलाई सर्वोपरी मान्दै प्राकृतिक स्रोत साधनको समुचित प्रयोग मार्फत कृषि, वनपैदावर तथा पर्यटन क्षेत्रबाट आर्थिक बृद्धि हासिल गर्दै सबैको पहुँच सहितको पुर्वाधार निर्माण, सेवा तथा सुविधाको माध्यामबाट सामाजिक विकास गरि समृद्ध गाउँपालिका निर्माण गर्ने ।

## ३.६ उद्देश्य

१. प्राकृतिक श्रोतको समुचित प्रयोग गरि रोजगारी सृजना, कृषि उत्पादनमा बृद्धि, पर्यटन विकास र कृषि तथा वनपैदावर सम्बद्ध औद्योगिक क्षेत्र निर्माण सँगै सामाजिक तथा आर्थिक उन्नती हासिल गर्ने ।

२. विकास वजेटलाई भौतिक पुर्वाधार निर्माणमा खर्च गरि हरेक वस्तिहरुमा शिक्षा, स्वास्थ्य, संचार, यातायात, बिद्युत तथा खानेपानी सेवाको पहुच प्रभावकारी रुपमा पुर्याउने ।

३. सञ्चार तथा सुचना प्रविधिको प्रयाग मार्फत प्राकृतिक प्रकोप क्षती न्युनिकरण, सेवा तथा सुविधाको पहुचमा बृद्धि तथा आर्थिक र प्रशासनिक पारदर्शिता कायम गर्ने ।

४. योजनाबद्ध बस्ति विकासको अवधारणालाई आत्मसात गर्दै सोहिअनुरुप भु उपयोगको वर्गिकरण गरि लागु गर्न तत्परता देखाउने ।

## ३.७ परिमाणात्मक लक्ष्य

आबधिक योजनाले लिएको परिमाणात्मक लक्ष्यहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं | सूचक | हालको अवस्था | आवधिक योजनाको लक्ष्य | सुचनाको स्रोत |
|---|---|---|---|---|
| १ | समग्र गाउँपालिकाको आर्थिक वृद्धिदर | ७.० प्रतिशत | १० प्रतिशत | नेपालको आर्थिक सर्वेक्षण |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | २.८० | ४.०० | नेपालको आर्थिक सर्वेक्षण |
| ३ | गैर कृषि क्षत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ७.१० | १०.०० | नेपालको आर्थिक सर्वेक्षण |
| ४ | गरिवीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत) | १६.२ | २ | तथ्याङ्क बिभाग, नेपाल |
| ५ | औसत आयु | ६९.४७ | ८० | नेपाल मानब बिकास प्रतिवेदन, २०१४ |
| ६ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २३. ५ | ५ | राष्ट्रिय योजना अयोग |
| ७ | खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत) | ८५ | ९९ | स्थलगत अध्ययन |
| ८ | साक्षरता दर | ६५ | ९८ | तथ्याङ्क बिभाग, नेपाल |
| ९ | सञ्चार सेवामा पहुँच (टेलिफोन, मोबाइलसमेत (प्रतिसय घनत्वमा)) | ७० | १०० | स्थलगत अध्ययन |
| १० | विधुत् मा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ९५ | १००. | स्थलगत अध्ययन |
| ११ | ईन्टरनेट सेवामा पहुँच पुगेको जनसंख्या (३ जी र माथिल्लो गुणस्तरको सेवा) | ५०.००% | ८१.००% | स्थलगत अध्ययन |
| १२ | सिँचाइ (कृषि योग्य जमिनको) | १२ हे | २० हे. | स्थलगत अध्ययन |
| १३ | वन जङ्गलले ढाकेको क्षेत्र (प्रतिशत) | ४६% | ५०% | नापि बिभाग |
| १४ | कालोपत्रे सडकको कुल लम्वाइ (कि.मि) | १ | ३० | स्थलगत अध्ययन |

## ३.८ रणनीति

गाउँपालिकाको परिकल्पना, निर्धारण गरेको धेय, लक्ष्य तथा उदेश्य पुरा गर्नको लागि निम्नानुसारको रणनीतिक दिशा निर्धारण गरिएको छ । यो रणनीतिक पत्र कार्यान्वय भए पछि गाउँपालिकाले काम गर्ने रणनीति देहाय अनुसार हुनेछ ।

### ३.८.१ सामाजिक परिचालन

टोल टोलमा टोलविकास संस्था गठन गरि सबै घरधुरीलाई टोल विकास संस्थामा आबद्ध गरि टोल, वडा र गाउँको विकासका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालनको कार्य गरिनेछ।

### ३.८.२ आवश्यकता अनुसार स्थानीय कानुन निर्माण

सामाजिक परिचालन कार्यक्रम अन्तरगत टोल विकास संस्था स्तरबाट आवश्यक सूचना तथा जानकारी संकलन गरि कानुन निर्माणमा सामुदायको समेत सहभागिता सुनिश्चित गर्दै गाउँपालिकाको लागि आवश्यक कानुनहरु निर्माण गरि कानुनी शासनको प्रत्याभूति गरिनेछ।

### ३.८.३ सहकारिता विकास

सहकारिताका माध्यमबाट दैनिक रुपमा जीवन धान्न आवश्यक पर्ने आम्दानी गर्नका लागि समुदायका सदस्यहरुलाई कृषि तथा गैर कृषि जन्य उद्यम, व्यवसायमा संलग्न गराइने छ। यसरी जीविकोपार्जनको सुनिश्चितता गराउनका लागि समुदायमा आधारीत संस्था गठन र परिचालन गरिनेछ भने यस प्रकारका संस्थाहरुलाई जिम्मेवार र सक्षम बनाउदै, विभिन्न समुदायका स¬साना समुहहरुलाई एकीकृत गरि आर्थिक विकासका लागि छरिएर रहेका स¬साना पूजी संकलन गर्दै एउटा वित्तीय संस्थाको रुपमा खडा गरि समुदाय स्तरमा परेका समस्याहरुलाई समाधान गर्नको लागि लघुवित्त कार्यक्रम मार्फत सहकारी संस्था संचालन गरिने छ।

### ३.८.४ जनसहभागिता तथा साझेदारिता

विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि वा आयोजना सम्पन्न गर्नका लागि हरेक क्षेत्रको आवश्यकता पर्दछ यसलाई मनन गरि आयोजना सँग सम्बन्धित सबै क्षेत्र र समुदायको सहभागिता तथा साझेदारितामा काम गर्ने नीति अवलम्बन गरिने छ। योजना कार्यक्रम संचालनमा सहभागिताको र साझेदारीको महत्वपूर्ण भूमिका रहेको कुरालाई गाउँपालिकाले सदैव मनन गर्नेछ।

### ३.८.५ सार्वजनिक र निजी साझेदारी

गाउँपालिकामा सञ्चालन हुने सेवा तथा नाफा मुखी कार्यक्रमका लागि निजी क्षेत्रसँगको साझेदारितामा कार्य गर्न सार्वजनिक निजी साझेदारीको रणनीति अख्तियार गरिनेछ।

### ३.८.६ आन्तरिक व्यवस्थापन सुदृढीकरण

गाउँपालिकाको कार्यक्रमहरु सहजरुपमा सञ्चालन गर्नकालागि आन्तरिक रुपमा संस्थाको सुदृढीकरण र कार्यप्रणाली मजबुद बनाइनु पर्ने हुन्छ। आन्तरिक रुपमा व्यवस्थित संस्थाले मात्र आफ्नो कार्य समयमा गुणस्तरीय ढंगले सम्पन्न गर्न सक्ने भएकाले संस्थाको आन्तरिक व्यवस्थालाई सुदृढीकरण गरिनेछ।

### ३.८.७ कर्मचारीको क्षमता अभिवृद्दि

कर्मचारीको क्षमता अभिवृद्धिका लागि नयाँ नयाँ प्रविधिको ज्ञान, सिपमूलक तालिम तथा सामाजिक परिचालन, समावेशीकरण, जस्ता तालिमहरुमा सहभागी गराउने साथै यस प्रकारका तालिमहरु सञ्चालन गरि क्षमता अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरिनेछ ।

### ३.८.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

समुदायमा छरिएर रहेका बस्तिहरुलाई विकासको मुलधारमा लिनको लागि उनीहरुलाई एक आपसमा आत्मीयताका साथै विकासमा एकजुट गराउने, समाज तथा समुदायमा विकृतिका रुपमा रहेको लैङ्गिक विभेदलाई हटाउने र सामाजिक मूल्य मान्यताका साथ समुदायलाई समावेशीकरण गराउने विभिन्न जातजाति, दलित, महिला, बालबालिका, असहाय र पिछडिएका वर्गहरुलाई समान रुपमा समान स्थान दिने काम गरिने छ ।

### ३.८.९ मानव अधिकारको प्रत्याभूति, संरक्षण र प्रवर्धन

पछाडि पारिएका वर्ग जातीहरुलाई उनीहरुको हकहितका लागि आफ्नो आवाज उठाउन सक्ने गरि क्षमता विकास गर्ने, राज्यका विभिन्न निकायहरुमा उनीहरुको पहुँचलाई सुनिश्चित गर्नका लागि सहयोग गर्ने, उनीहरुलाई आवश्यक ज्ञान, सीप तथा विकासको प्रत्याभूति दिलाउन आवश्यक सहयोग गर्नुका साथै अन्तराष्ट्रिय स्तरमा स्थापित न्यूनतम मानव अधिकारको सुनिश्चिता दिलाउन सहयोग गर्दै समान नागरिकको रुपमा अघि बढाउने ।

### ३.८.१० स्रोत परिचालनका लागि भगिनी सम्बन्ध स्थापना

गाउँपालिकाको स्रोत परिचालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध कायम गरि त्यस्ता निकायबाट समेत गाउँको विकासका लागि साधन स्रोत परिचालन गरिनेछ ।

### ३.८.११ दिगो विकास

दैनिक रुपमा बढदै गएको वातावरण विनासलाई न्यूनीकरण गर्नका लागि समुदाय परिचालनको माध्यमबाट प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गर्ने र भावी सन्ततीका लागि समेत त्यस्ता स्रोत र साधनलाई सुरक्षित राख्नका लागि प्रोत्साहित गरिनेछ । प्राकृतिक हिसाबले पहाडी जिल्लाको रुपमा रहेको प्युठान जिल्ला बेला बखत प्राकृतिक प्रकोपमा परिरहने भएकोले दिगो विकास मार्फत प्राकृतिक प्रकोप न्यूनीकरण तथा यसको लागि तत्कालिन राहत र पुनरस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### ३.८.१२ राजश्व परिचालन मार्फत गाउँपालिकाको स्रोत वृद्धि

कानुनत गाउँपालिकाले संकलन गर्ने कर, दस्तुर, शुल्क स्थानीय कानुन निर्माण गरि संकलन गरिनेछ भने करको दायरा वृद्धि गरि स्थानीय स्रोत वृद्धिमा थप कार्य गरिनेछ । पर्यटकीय क्षेत्र तथा भौतिक पूर्वाधारको उपयोगमा सेवाशुल्क लिई स्थानीय स्रोतमा अभिवृद्धि गरिनेछ ।

### ३.८.१३ लघु उद्यम विकास कार्यक्रम

स्थानीय आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनमा आधारित लघुउद्यमको विकासका लागि सामाजिक परिचालन मार्फत गठित टोल विकास संस्था मार्फत लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.८.१४ बहुवर्षीय कार्यक्रम

क्रमागत तथा दुई वा दुई भन्दा बढी वडाहरुलाई समेटेर सन्चालन गर्नु पर्ने योजना र आयोजनाहरु गाउँपालिका स्तरबाट नै सन्चालन गरिने छ।

### ३.८.१५ उपभोक्ता तथा ठेक्का प्रणालीको अबलम्बन

उपभोक्ताको क्षमताले भ्याउने प्रकृतिका योजना वाहेक प्रवधि र लागतको आधारमा रु. २५ लाख भन्दा माथिका योजनाहरु आवश्यकता अनुसार ठेक्का प्रणालिबाट समेत संचालित गरिने छ।

### ३.८.१६ DPR तथा लगत इस्टिमेट पश्चात मात्र वजेट विनियोजन

भौतिक पूर्वाधार तथा निर्माण सम्बन्धिका कुनै पनि योजनामा पूर्व डिजाइन र लागत इस्टिमेट विना वजेट विनियोजन गरिने छैन । पूर्व डिजाइन र लागत इस्टिमेट पश्चात मात्र बजेट विनियोजन गरिने छ।

## ३.९ प्राथमिकता

- **आर्थिक विकास क्षेत्र**
- **सामाजिक विकास क्षेत्र**
- **पुर्वाधार विकास क्षेत्र**
- **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**
- **संस्थागत विकास तथा सुशासन क्षेत्र**

# ४) आर्थिक विकास क्षेत्र

# ४ आर्थिक विकास क्षेत्र

## ४.१ विषय प्रवेश

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ। आर्थिक विकासको माध्यमबाट नै गाउँपालिकाबासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन्। स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले गाउँपालिकाबासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ। खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरू लाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ। गाउँपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरुको संचालन हुन अपरिहार्य देखिन्छ।

आर्थिक विकास बिना कुनैपनि क्षेत्रको चौतर्फी विकासको सम्भव नहुने पक्ष यहाँ विवेचना गर्न आवश्यक छैन। विषेश गरी गरिवीको कारण हाम्रो जस्तो मुलुकमा नागरिकहरूवाट चौतर्फी विकासको निम्ति अति कम कर राज्यलाई योगदान गरी रहेको अवस्था छ र यस्तो रकम यो गाउँपालिका त अझ निकै कम रहेको छ। गाउँपालिकाको आर्थिक विकासको प्रमुख अग्रणी क्षेत्र भनी कृषि र पर्यटनलाई लिईएको छ।

यसरी अग्रणी क्षेत्रको पहिचान गर्नु त्यति सजिलो कार्य होइन अझ त्योभन्दा पनि कठिन कार्य यसलाई सवल र सुढृढ पार्दै यसको भूमिकालाई व्यापक र योगदान मूलक बनाउँदै लैजानु हो। किनभने अग्रणी क्षेत्रको पहिचान गर्दैमा यो स्वतः स्फूर्त रुपमा विकास हुँदै जाने प्रक्रिया होइन त्यसको लागि आवश्यक पूर्वाधारहरूको निर्माण लगानी र नीति नियमको तर्जुमा एवम् कार्यान्वयन उत्तिकै आवश्यक हुन आउँछ। उदाहरणको लागि गाउँपालिकाको अग्रणी क्षेत्रको विकासबाट आशातित योगदानको अपेक्षा गर्ने हो भने कृषि उद्योगको विकासको लागि ठोस योजना र पूर्वाधार निर्माणको लागि आवश्यक लगानी गर्दै जानु पर्दछ त्यसपश्चात मात्र यसले गाउँपालिकाको आर्थिक विकासमा प्रत्यक्ष रुपले योगदान गर्न सक्दछ। तसर्थ, अग्रणी क्षेत्र तोक्ने तर लगानी योजनाले कुनै सरोकार नगर्ने हो भने लगानी कार्यक्रम एकातिर अग्रणी क्षेत्र अर्कोतिर हुन पुग्दछ। फेरी यो लगानी कुनै एक वर्षको लागि मात्र नभएर धैरै वर्षसम्म पनि जान सक्दछ जवसम्म अर्थव्यवस्थामा अन्य क्षेत्र पनि सोही अनुपातमा विकास नभएमा अर्को शव्दमा कृषि उद्योगको विकास केही वर्ष पछि एउटा विन्दुमा आएर स्थिर भएमा र अर्को नयाँ आर्थिक क्षेत्रले त्यो भन्दा वढी गाउँपालिकाको विकासमा सम्भावना देखाएमा त्यस्ता नयाँ क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा अंगिकार गरी अगाडि बढ्न सकिन्छ र बढ्नु पर्दछ।

कुनै पनि गाउँपालिकाको आर्थिक विकासमा दिगो हिसावले एउटै अग्रणी क्षेत्रले निरन्तरता नपाउन पनि सक्दछ तसर्थ सर्वसम्मत अग्रणी क्षेत्रको कार्यान्वयन पक्षको निरन्तर अनुगमन र प्रगति समीक्षा गर्दै जानु पर्दछ। अर्थात् लगानी गरिएको अनुपातमा प्रतिफल प्रत्यक्ष वा परोक्ष रुपले तत्काल वा केही वर्षपछि सम्मको लागि भएन भने वा हुने स्थिति नरहेमा त्यस्ता अग्रणी क्षेत्रमा लगानी गरिराख्नुको औचित्य हुदैन। यसै पक्षलाई मध्य नजर गरी गाउँपालिकाको अग्रणी क्षेत्रलाई मूर्तरुप दिन आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको पहिचान गरी त्यस्ता योजनाहरू यस आर्थिक विकासमा प्रस्ताव गरिएका छन्। आर्थिक विकास भन्नाले ठूला खालका उद्योग तथा अर्थजन्य क्रियाकलापहरू मात्र भन्ने वुझन हुन्न र गाउँपालिकामा

हुने गरेका र सम्भावना भएका अन्य सानातिना आर्थिक गतिविधीहरू जसमा वहुसङ्ख्यक स्थानीयबासीहरू सहभागी रहेका छन् यस्ता स्थानीय आर्थिक विकास योजना तथा कार्यक्रमहरूलाई समेत यस योजनामा समावेश गरेका छन् ।

गाउँपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरणमार्फत गरिबी निवारणमा योगदान पु¥याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधा र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट गाउँपालिकाको अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । गाउँपालिकाको आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमा नै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ । यसका लागि गाउँपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

## ४.२ कृषि तथा पशुपन्छी

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानुनबमोजिम खाद्य सम्प्रभुताको हकको यवस्था गरेको छ । यसैगरी कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल जिम्मेवारीसमेत स्थानीय तहको हुने गरी निर्धारण गरिनुका साथै संविधान प्रदत्त जिम्मेवारीलाई स्थानीय सरकार सञ्चालन एनले विस्तृतीकरणसमेत गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ ।

गाउँपालिकाको मुख्य रोजगारी र जीविकोपार्जनको रूपमा कृषि क्षेत्र रहेको छ । कृषि क्षेत्रअन्तर्गत अन्न बाली, नगदे बाली, तरकारी खेती र पशुपन्छी पालनलाई लिइएको छ । यसैगरी कृषि कार्यहरूसँग माछापालन, माहुरीपालन र वनजन्य क्षेत्र पनि आबद्ध रहेको पाइन्छ । समग्रमा यस गाउँपालिकाको कृषि क्षेत्र बढी अनुपातमा निर्वाहमुखी रहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

- कृषि गरेतापनि उत्पादन गरेको खेतीलाई बजारसम्म पुर्याउन नसकिने
- व्यवसायिक कृषि उत्पादनमा जान नसकेको
- उत्पादन भएपनि सो उत्पादनको मुल्य न्युन रहेको र संकलन केन्द्रहरुको कमी रहेको
- वडाबाट वितरण गरिएको उन्नत जातको बीचबिजनले निरन्तरता नपाएको
- समुदायमा परम्परागत कृषिले ठाउँ लिएको; प्रविधिको प्रयोग न्युन रहेको
- प्राङ्गारिक मलको मात्र प्रयोग भएको जसले गर्दा उत्पादनमा कमी रहेको बाँदरले बाली नष्ट गरिदिने गरेको
- चिस्यान केन्द्र नरहेको
- कोदो खेती लोप हुँदै गएको
- बैंक तथा वित्तिय संस्थाले कृषिमा गर्ने लगानी न्युन रहेको
- बसाई सराईका कारण जनशक्तिको आभाव हुन सक्ने

#### ४.२.३ सम्भावना तथा अवसर

- अधिकांश भुभाग कृषि योग्य भएको
- ब्यबसायिक रुपमा केहि कृषि तथा पशुपालन फर्महरु संचालनमा आएको
- उत्पादित बस्तुहरुलाइ स्थानिय स्तरमा केही मात्रामा बजार उपलब्ध भएको
- ब्यबसायिक कृषिका लागि उपयुक्त हावापानि रहेको
- कृषि तथा पशुपालनका प्रसस्त सम्भावना रहेको
- अधिकांस परिवारका सदस्यहरु बैदेशिक रोजगारीमा गएको हुनाले उक्त आम्दानीलाई कृषि र पशुपालनमा लगानि गर्न सकिने रहेको
- धेरै वडामा सहकारी स्थापना भएको हुनाले उक्त पुंजि स्थानिय स्तरमै परिचालन गरी ब्यबसाय संचालन गर्न सकिने

#### ४.२.४ सोच

खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

#### ४.२.५ उद्देश्य

स्थानीय सम्भाव्यताको आधारमा कृषि, उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउनु ।

#### ४.२.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | स्थानिय सम्भाव्यताका आधारमा उत्पादनयोग्य नगदेबाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग गरी कृषकहरुलाई प्राविधिक तथा व्यावसायिक क्षेत्रमा दक्ष बनाउने |
| १.२ | तरकारी, अन्नबाली, दलहन, तेलहनबाली तथा पशुपालनलाई प्रमुख आयआर्जनको स्रोतका रुपमा विकास गर्ने |
| १.३ | विपन्न कृषकहरुको पहिचान गरी अनुदानको व्यवस्था गर्ने |
| १.४ | कृषि तथा पशुपालन स्वास्थ्य सेवाको थालनी गर्ने |
| १.५ | फलफुल तथा तरकारी खेतीलाई संस्थागत रुपमा विकास गर्ने |
| १.६ | कृषि प्रदर्शनीजस्ता कार्यक्रम गरी कृषिको प्रचारप्रसार एवम् उत्थान गर्ने |
| १.७ | प्रत्यक वडामा कृषि उपज संकलन केन्द्र स्थापना र व्यवस्थित हाटबजारको थालनी गर्ने |
| १.८ | समुह एवम् सहकारी मार्फत बजार व्यवस्थापन गर्ने |

## ४.२.७ प्रमुख कार्यक्रम तथा आयोजना (कृषि तथा पशुपन्छी)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | व्यवसायिक कृषि तालिम | केही | बार्षिक १ कार्यक्रम, हरेक वडामा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,५००,००० | संघिय, प्रदेश सरकार |
| | | २ | उच्च भूभागमा कृषि प्रयोजनको लागि प्लास्टिक पाइपको वितरण | केही | नियमित | ✓ | ✓ | ✓ | | | ३,०००,००० | संघीय सरकार/ प्रदेश सरकार |
| | | ३ | मल र किटनासक औषधिको वितरण | केही | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५,०००,००० | संघीय सरकार/ प्रदेश सरकार |
| | | ४ | सुलभ कृषि उपकरणको बितरण | केही | ३० कृषक समुह (हरेक वडामा) | ✓ | ✓ | ✓ | ✓ | ✓ | १०,५००,००० | प्रदेश सरकार / निजि क्षेत्र |
| | | ५ | बाँदर जस्ता जनावर धपाउने संयन्त्र एवं तालिमको व्यवस्था | नभएको | ब्यबस्थित गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५०,००० | |
| | | ६ | नस्ल सुधार | केही | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | संघीय सरकार/ प्रदेश सरकार |
| | १.२ | ७ | बिउ बिजन र बिरुवाको वितरण | केही | आवश्यकता अनुसार | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | संघीय सरकार/ प्रदेश सरकार |
| | | ८ | उन्नत जातको बाख्राको पाठा वितरण | नभएको | १०० | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | संघीय सरकार/ प्रदेश सरकार |
| | | ९ | उन्नत जातको सुँगुरको पाठा वितरण | नभएको | १५० | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,५००,००० | संघीय सरकार/ प्रदेश सरकार |
| | | १० | मौरी पालनका लागि घार बितरण | नभएको | ५० कृषक | ✓ | ✓ | ✓ | | | १,५००,००० | संघिय सरकार / निजि क्षेत्र |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | ११ | कृषि उत्पादनको बिक्रेतासंग सहकार्य | – – | सुरुवात गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | – | निजि क्षेत्र |
| | | १२ | माछा पालन व्यवसाय सहजिकरण तथा बजारिकरण | अव्यबस्थित | ब्यबस्थित गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | २००,००० | संघिय सरकार / निजि क्षेत्र |
| | | १३ | कुखुरा, हाँस, बट्टाई जन्य व्यवसाय सहजिकरण तथा बजारिकरण | अव्यबस्थित | ब्यबस्थित गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५,०००,००० | संघिय सरकार / निजि क्षेत्र |
| | १.३ | १४ | वित्तीय संस्थाहरुको सहकार्यमा कृषि ऋण (विशेष गरि गरिबीको रेखा मुनि भएका कृषकहरुका लागि) | केही | सुरुवात गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | – | बित्तिय संस्था |
| | १.४ | १५ | कृषि तथा पशु सेवा केन्द्रको स्थापना एवं व्यवस्थित गर्ने | नभएको | सवै वडामा | ✓ | ✓ | ✓ | ✓ | ✓ | २१,०००,००० | |
| | | १६ | माटो परीक्षणको व्यवस्था (हरेक वडामा कृषि तथा पशु सेवा केन्द्रको भवनमा) | नभएको | १ | ✓ | ✓ | | | | ५,०४०,००० | निजि क्षेत्र |
| | | १७ | एक वडा एक कृषि प्राबिधिक | नभएको | ७ | | ✓ | ✓ | ✓ | ✓ | ८,४००,००० | संघीय सरकार |
| | १.५ | १८ | फलफुल पकेट क्षेत्रको बिकास | नभएको | ब्यबस्थित गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,०००,००० | संघिय सरकार/ निजि क्षेत्र |
| | | १९ | तरकारी पकेट क्षेत्रको बिकास | नभएको | ब्यबस्थित गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ४,०००,००० | संघिय सरकार/ निजि क्षेत्र |
| | १.६ | २० | कृषिमा निर्भर ग्रामीण औद्योगिक क्षेत्रको स्थापना | नभएको | निर्माण गर्ने | | ✓ | ✓ | ✓ | ✓ | १७,५००,००० | संघिय सरकार / निजि क्षेत्र |
| | १.७ | २१ | हाट बजारको स्थापना | अव्यबस्थित | ब्यबस्थित गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | निजि क्षेत्र |
| | | २२ | कृषि उत्पादन संकलन केन्द्र (हरेक वडामा कृषि तथा पशु सेवा केन्द्रको भवनमा) | केही | ७ | ✓ | ✓ | | | | ३,५००,००० | निजि क्षेत्र |
| | | २३ | दुध संकलन केन्द्रको स्थापना (हरेक वडा केन्द्रमा) | अव्यबस्थित | ७ | | ✓ | ✓ | ✓ | | २१,०००,००० | निजि क्षेत्र |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | २४ | गौमुखी - ५, ठुलाबेसीमा गाउँपालिका स्तरिय आधुनिक चिस्यान केन्द्र (Cold Store) को स्थापना | नभएको | १ | | ✓ | ✓ | ✓ | ✓ | १०,५००,००० | संघिय सरकार / निजि क्षेत्र |
| | १.८ | २५ | कृषि सहकारीको बिकास | केही | ७ | ✓ | ✓ | ✓ | ✓ | ✓ | - | निजि क्षेत्र |
| | | २६ | नविनतम कृषिका लागि सहयोग | नभएको | १० | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,०००,००० | संघीय सरकार/ प्रदेश सरकार |

## ४.३ सिंचाई

### ४.३.१ पृष्ठभूमि

अधिकांश जनसंख्या कृषि पेसामा निर्भर रहेको यस गाउँपालिकामा कृषिको उत्पादन, उत्पादकत्व वृद्धिदर बालीको विविधिकरण गर्न सिंचाइ सुविधाले ठूलो महत्व राख्दछ। सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिँचाइ पूर्वाधारको विकासको साथै सम्पन्न सिँचाइ प्रणालीहरूको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन योजनाबद्ध ढङ्गबाट प्रयास भइरहेको छ।

### ४.३.२ समस्या तथा चुनौती

- कृषि उत्पादनका लागि आवश्यक सिचाँईका प्रयाप्त आयोजनाहरु नभएका
- सिंचाईको लागि विद्युतीकरण नभएको
- सिंचाई कुलोहरु पक्की नभएको
- पानीका स्रोतको आभावका कारण खेतियोग्य जमिनमा सिचाईको व्यबस्था हुन नसकेको
- सिंचाईको अभावका कारण ऊत्पादन कमी हुन गऐको

### ४.३.३ सम्भावना तथा अवसर

- केहि सिंचाई योजनाले वडामा सुविधा दिईरहेको।
- सिंचाईको पहुँच बढाउन सके कृषिमा राम्रो सम्भावना रहेको।

### ४.३.४ सोच

सम्पूर्ण कृषियोग्य भूमिमा १२ महिना सिँचाइ सुविधा।

### ४.३.५ उद्देश्य

कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने।

### ४.३.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | वैज्ञानिक ढंगले सिचाइ गर्नका लागि एकिकृत सिचाइ योजना तयार गर्ने |
| १.२ | हाल रहेका सिचाइ कुलो एवम् अन्य पुर्वाधारको मर्मत संभार गरि नयाँ सिचाइ पुर्वाधार निर्माण गर्ने |
| १.३ | सिचाइ सम्भावना रहेका खेतीयोग्य जमिन पहिचान गरी कृषकहरुलाई सहज तरिकाले सिंचाइ सुविधा उपलब्ध गराउने |
| १.४ | स्रोत कम भएका ठाउँमा थोपा सिचाइ तथा प्लास्टिक पोखरीको व्यवस्थापन गर्ने |

### ४.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (सिंचाई)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | नयाँ एकिकृत सिंचाई योजनाको सम्भाब्यता अध्ययन र निर्माण | – – | १ | ✓ | ✓ | | | | ५,०००,००० | संघीय सरकार |
| | १.२ | २ | विद्यमान सिंचाई कुलोहरुको स्तरोन्नति तथा मर्मत सम्भार | सिंचाई कुलोहरु अव्यवस्थित÷ पानी अपर्याप्त | सवै विद्धमान कुलोहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | १५,०००,००० | – – |
| | १.३ | ३ | सिंचाई अभाव भएका खेतीयोग्य जमीनमा सिंचाई विस्तार | | १००० हे | ✓ | ✓ | ✓ | | | ३०,०००,००० | प्रदेश सरकार |
| | १.४ | ४ | सिंचाईको लागि आकाशे पानी संकलन गर्न प्लास्टिक पोखरी निर्माण | – – | ५० | | ✓ | ✓ | ✓ | ✓ | १०,०००,००० | प्रदेश सरकार |
| | | ५ | सुख्खा क्षेत्रमा थोपा सिंचाई सञ्चालन गर्न अनुदान | – – | ५० किसान | | ✓ | ✓ | ✓ | ✓ | २५,०००,००० | ” |

## ४.४ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.४.१ पृष्ठभूमि

आर्थिक विकासको एक महत्वपूर्ण पक्ष सेवा हो जसमा पर्यटन अग्रणी पर्दछ । यस गाउँपालिकाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या–पर्यटनलाई प्रवद्र्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू सृजना गर्न सक्दछ । नेपाल एक बहुसंस्कृत, बहु धार्मिक र बहुजातीको बसोवास भएको देश हो । नेपालको संविधान २०७२ ले हरेक नागरिकलाई आफ्नो भाषा, धर्म र संस्कृतिको अनुशरण गर्ने र जगेर्ना गर्ने अधिकार दिएको छ । यसका साथै हरेक नागरिकलाई आफुले रोजेको धर्म र संस्कृति निर्वाध रुपमा अपनाउने अधिकार पनि प्रदान गरेको छ । यस गाउँपालिका धार्मिक एबं साँस्कृतिक हिसावले निकै धनी भएको कारणले धार्मिक पर्यटनको रुपमा विकास गर्न सक्ने अवसर छ । यहाँको भेषभुषा, परम्परा, बाजागाजा र नाचगानले थुप्रै आन्तरिक र बाह्य पर्यटक भित्राउने क्षमता राख्छन् । तर विकासको क्रमसँगै पुराना परम्परा र संस्कृतिहरु नाश भइरहेका छन् । अहिलेको नयाँ पुस्ताको आफ्नो धर्म एवं संस्कृतिको अपनन्व लिन नसक्नु विडम्बना हो । त्यसैं गरी आधुनिकीकरण सँगै पश्चिम संस्कृति हाम्रो पुरातन संस्कृतिमाथि हावि हुन थालेको छ । यसै गरी विभिन्न लोभ एवं प्रलोभनमा पारी धर्म परिवर्तन गराउने प्रवृति पनि मौलाएको छ ।

### ४.४.२ समस्या तथा चुनौती

- गौमुखी धार्मिक स्थलमा पुग्ने सडक नभएको; त्यहाँसम्म पुगेको पदमार्ग पनि जिर्ण स्थितिमा भएको
- सांस्कृतिक स्थलको राष्ट्रिय स्तरमा पहिचान नभएको
- दशैं कालरात्री पन्चेबाजा जस्ता संस्कृती लोप हुँदै गएको
- पर्यटकिय क्षेत्रहरु बिकास गर्न नसकेको
- धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको बिकास संरक्षणको कमी रहेको
- आन्तरिक तथा बाह्य पर्यटकका लगि आवस्यक खाने तथा बस्ने ब्यबस्था नभएको
- निम्न धार्मिक स्थलमा बजेटको आवश्यकता भएकोः सुपा देउराली मन्दिर, सिद्ध देउराली मन्दिर, टोप्रे गुफा, झाँक्री गुफा
- देवीका मन्दिर क्षेत्रमा भौतिक संरचना नभएको
- बसाई सराईका कारण जनशक्तिको आभाव हुन सक्ने
- पर्यटन पुर्वाधार तयार गर्न ठुलो धनराशी खर्च हुने

### ४.४.३ सम्भावना तथा अवसर

- मन्दिरको प्रवर्धन गरी गाऊँपालिकालाई राष्ट्रिय स्तरमा चिनाउन सकिने र धार्मिक पर्यटनको बिकास गर्न सकिने
- धार्मिक पर्यटनको बिकासका लागि ठुलो संख्यामा मठ, मन्दिरहरु भएका

### ४.४.४ **सोच**

बहुल संस्कृति एवम् सम्पदाहरूको संरक्षण, संवद्र्धन र सांस्कृतिक सुसम्बन्धमा आधारित समाजको निर्माण।

### ४.४.५ **उद्देश्य**

यस गाउँपालिकामा रहेको धार्मिक सहिष्णुतालाई कायम राखी मौलिक परम्परा, संस्कृति, प्राकृतिक, कृषि, धार्मिक र सांस्कृतिक र ऐतिहासिक पर्यटनलाई प्रवद्र्धन गर्दै आन्तरिक व्यवसाय र रोजगारी प्रवद्र्धन गर्नु।

### ४.४.६ **रणनीति**

| **क्र सं** | **रणनीति** |
|---|---|
| १.१ | वैज्ञानिक ढंगले पर्यटन व्यवसाय गर्नका लागि एकिकृत पर्यटन गुरुयोजना तयार गर्ने |
| १.२ | गाउँपालिकाको धर्म, सँस्कृती र परमपराको जानकारी दिने गरी सुचना प्रणाली तयार गर्ने |
| १.३ | स्थानीय जनतालाई पर्यटनको अधिक लाभ दिलाउनका लागि होमस्टे, स्थानीय पर्यटकीय छेत्रको सौन्दर्यीकरण, सरसफाइ, अतिथि सत्कार सम्बन्धी सहभागितामुलक कार्यक्रमहरु गर्ने |
| १.४ | पर्यटन बिकासका लागि विभिन्न पुर्वाधार विकास गर्ने र धार्मिक, साँस्कृतिक तथा पुरातात्विक स्थलहरुको सम्वर्ध्दन गर्ने |
| १.५ | गाउँवासीहरुको संयुक्त लगानीमा मनोरन्जन पर्यटन प्रवर्ध्दन गर्ने |

### ४.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (पर्यटन, संस्कृति तथा सम्पदा)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | गन्तव्य गौमुखी पर्यटन विकास गुरुयोजना निर्माण | नभएको | निर्माण गर्ने | ✓ | | | | | १,०००,००० | प्रदेश सरकार |
| | | २ | गौमुखी संस्कृति विकास योजनाको तर्जुमा | नभएको | १ | | ✓ | ✓ | | | १,०००,००० | प्रदेश सरकार |
| | १.२ | ३ | गौमुखी पर्यटन क्षेत्रको विस्तृत प्रोफाइल निर्माण | – – | गाउँ पर्यटन प्रोफाइल | ✓ | ✓ | | | | १,०००,००० | प्रदेश सरकार |
| | | ४ | गाउँपालिकाको भित्रका पर्यटकीय गन्तव्य समेटेर डकुमेन्ट्रि तयार गर्ने | नभएको | १ | | ✓ | ✓ | | | १,०००,००० | निजि क्षेत्र |
| | १.३ | ५ | निजि सरकारी साझेदारीको नीति निर्माण | नभएको | निर्माण गर्ने | ✓ | ✓ | | | | - | निजि क्षेत्र |
| | | ६ | पर्यटन ब्यबस्थापन समितिको गठन | नभएको | गठन गर्ने | ✓ | | | | | - | |
| | | ७ | केन्द्र सरकार, प्रदेश सरकार, गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासंग समन्वय | केही | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | - | |
| | | ८ | गौमुखी सामुदायिक होमस्टे संचालन गर्नका लागि व्यवस्था | नभएको | व्यवस्थित | | ✓ | ✓ | ✓ | ✓ | २,०००,००० | निजि क्षेत्र, गैसस |
| | | ९ | गोद्रेचौर क्याम्पफायर सेन्टरको विकास | नभएको | व्यवस्थित | | ✓ | ✓ | | | २००,००० | निजि क्षेत्र |
| | | १० | धार्मिक क्षेत्रमा वृक्षारोपण | | सबै धार्मीक क्षेत्रहरु (४७) | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,३५०,००० | प्रदेश सरकार |
| | | ११ | सांस्कृतिक प्रशिक्षण | नभएको | बार्षिक २ कार्यक्रम | | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | प्रदेश सरकार र समुदाय |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | १२ | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आह्वान तथा पर्यटनकर्मीसँग निरन्तर समन्वय बैठक तथा अन्तक्रिया कार्यक्रम | – – | हरेक वर्ष १ बैठक | ✓ | ✓ | ✓ | ✓ | ✓ | २५०,००० | निजि क्षेत्र |
| | | १३ | बिद्यालयमा मातृभाषा कक्षाको संचालन | नभएको | सुरुवात गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ८,२५०,००० | प्रदेश सरकार र समुदाय |
| | १.४ | १४ | घाट एवम् समाधीस्थलहरुको सुधार तथा व्यवस्थापनः<br>क) गौमुखी - ४ फड्के,<br>ख) गौमुखी - ४ तल्लो गोद्रे,<br>ग) गौमुखी - ७ नारिकोट, थामचौर<br>घ) गौमुखी - १ र २ को मसानघाट अर्खा | सामान्य | प्रतिक्षालय निर्माण, सहायता कक्ष निर्माण | | ✓ | ✓ | ✓ | ✓ | ८००,००० | समुदाय |
| | | १५ | धार्मिकस्थल, मठ मन्दिर, गुम्वा तथा चैत्यहरुको पुनर्निमाण तथा मर्मत संभार | केही | सबै | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५०,०००,००० | संघिय र प्रदेश सरकार |
| | | १६ | गौमुखी झरना पर्यटन पुर्वाधार विकास निर्माण | | | ✓ | ✓ | | | | ७००,००० | प्रदेश सरकार |
| | | १७ | बाइस मुल झरना पर्यटन पुर्वाधार विकास निर्माण | | | | ✓ | ✓ | | | ८००,००० | प्रदेश सरकार |
| | | १८ | एक पिकनिक स्पटको निर्माण | अब्यबस्थित | १ | ✓ | ✓ | ✓ | | | ७५०,००० | प्रदेश सरकार |
| | | १९ | मानव आश्रम स्थल निर्माण | नभएको | १ | | | ✓ | ✓ | ✓ | ५,०००,००० | प्रदेश सरकार |
| | | २० | गाउँपालिका स्तरिय बाल उद्यान निर्माण | नभएको | १ | | | ✓ | ✓ | ✓ | ५,०००,००० | प्रदेश सरकार |
| | | २१ | विभिन्न स्थानमा प्रतिक्षालय निर्माण गर्ने | | १५ स्थानमा | ✓ | ✓ | ✓ | | | १५,०००,००० | समुदाय |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | २२ | स्थानीय संस्कृति तथा धार्मिक आस्थामा खलल पुर्याउने कार्यहरुको अनुगमन एवं निरीक्षण | केहि | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | नेपाल प्रहरी र सशस्त्र प्रहरी |
| | १.५ | २३ | सांस्कृतिक महोत्सवको आयोजना | नभएको | बार्षिक १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | निजि क्षेत्र |

### ४.४.८ अपेक्षित उपलब्धि

यस गाउँपालिकाको धार्मिक एवं साँस्कृतिक महत्वका स्थलहरुको प्रवर्दन भइ आन्तरिक पर्यटनको विकास हुनेछ । साथै गाउँपालिका भित्रका संरचनाहरु परम्परागत शैली झल्किने खालका हुनेछन् । सांस्कृतिक समावेशीकरण तथा पुरातात्विक एवम् ऐतिहासिक महत्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण एवम् जीर्णोद्वार भएको हुनेछ र त्यसैगरी धार्मिक–सांस्कृतिक पर्यटनको विकास भएको, विभिन्न भाषा धर्म, सांस्कृतिक सम्पदाहरू, परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षण र प्रचारप्रसार भएको र प्रतिलिपि अधिकारको संरक्षण भएको हुनेछ ।

## ४.५ उद्योग, व्यापार, व्यावसाय, रोजगारी तथा आपुर्ति

### ४.५.१ पृष्टभूमि

गाउँपालिकाको आर्थिक समृद्धिमा उद्योग, कलकारखाना र प्राकृतिक स्रोतहरुको समुचित प्रयोग महत्वपूर्ण हुन्छ । परम्परागत कृषि प्रणाली माथिको अध्याधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायिकरणका साथ साथै साना तथा मझौला उद्योगहरुको विकास हुन सकेमा नै गाउँपालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हासिल गर्न सकिन्छ ।

### ४.५.२ समस्या तथा चुनौती

- सहकारी संस्था र महिला समूहलाई सहयोग गरेता पनि सोचेअनुसारको प्रतिफल प्राप्त नभएको
- बजार केन्द्र टाढा र दुवानी सेवा को लागि बढी रकम खर्च गर्नुपरेको
- साना उद्यमीलाई स्थानीय सरकारबाट अनुदान प्राप्त नभएको
- व्यवसायिक कृषि उत्पादनमा जान नसक्नु
- जडीबुटी उच्चरूपमा उपलब्ध भएपनि व्यवसायीकरण नभएको
- बैंकहरुको पहुँच सबै क्षेत्रमा नपुगेको
- बैंक तथा वित्तिय संस्थाले कृषिमा गर्ने लगानी न्युन रहेको
- उत्पादित वस्तुहरुले बजारमा उपयुक्त मुल्य नपाएको
- धेरै रोजगारी सृजना गर्ने खालका ठुला कलकारखाना स्थापना गर्न नसकेको
- युवा शक्ति पलायन भएका कारण आर्थिक गतिविधिका लागि प्रयाप्त जनशक्तिको आभाव भएको
- लघु तथा घरेलु उधोगहरु न्युन भएको
- आन्तरिक तथा बाह्य पर्यटकका लगि आवस्यक खाने तथा बस्ने ब्यबस्था नभएको
- गाउँपालिका भित्र उल्लेख्य संख्यामा बजारहरु उपलव्ध नभएको
- आर्थिक पुर्वाधारको बिकास गर्न ठुलो धनराशीको खर्च गर्नुपर्ने
- आर्थिक पुर्वाधारको बिकास गर्न गाऊँपालिकाको मात्र प्रयास प्रयाप्त नहुने
- बसाई सराईका कारण जनशक्तिको आभाव हुन सक्ने

### ४.५.३ संभावना तथा अवसर

- अधिकांश भुभाग कृषि योग्य भएको
- ब्यबसायिक रुपमा कृषि तथा पशुपालन फर्महरु संचालनमा आएको
- उत्पादित बस्तुहरुलाइ स्थानिय स्तरमा केही मात्रामा बजार उपलब्ध भएको
- केही वडामा सहकारी स्थापना भएको
- गाउँपालिकामा बैंक स्थापना भएको
- स्थानिय स्तरमा केहि संख्यामा लघु उद्योगहरु संचालनमा रहेका
- उत्पादित वस्तुहरु बजारसम्म पुर्याउनका लागि आवश्यक सडकमार्ग रहेको
- ब्यबसायिक कृषिका लागि उपयुक्त हावापानि रहेको
- सडक संजालसंग जोडिएकाले उत्पादित सामाग्री बजार पुर्याउन सहज हुने
- छिमेकी गाऊँपालिका तथा नगरपालिकासंग समन्वय गरी रोजगारको सृजना गर्न सकिने
- अधिकांस परिवारका सदस्यहरु बैदेशिक रोजगारीमा गएको हुनाले उक्त आम्दानीलाई कृषि र पशुपालनमा लगानि गर्न सकिने
- धेरै वडामा सहकारी स्थापना भएको हुनाले उक्त पुजि स्थानिय स्तरमै परिचालन गरी ब्यबसाय संचालन गर्न सकिने

### ४.५.४ सोच

अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण।

### ४.५.५ उद्देश्य

गाउँपालिकाको आम्दानी वृद्धि गर्नु तथा खर्चलाई मितव्ययी, प्रभावकारी, नियमित र औचित्यपूर्ण बनाउनु।

### ४.५.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | औधोगिक एवम् वाणिज्य निती, योजना तथा गुरुयोजना तयार गर्ने |
| १.२ | उद्यम विकासका लागि स्थानीय स्तरमा नै वित्तिय व्यवस्थापन तथा क्षमता विकास गरी रोजगारी सृजना गर्ने |
| १.३ | गाउँपालिकामा स्थानीय स्रोत साधनहरुमा आधारित लघु, घरेलु तथा साना स्तरका उद्योगहरुको प्रवर्ध्दन गर्ने |
| १.४ | स्थानीय उत्पादनको बजारीकरणमा सहजिकरण गर्ने एवम् आपूर्ती सहज गर्ने |

### ४.५.७ प्रमुख कार्यक्रम तथा आयोजना (उद्योग, व्यापार, व्यावसाय, रोजगारी तथा आपुर्ति)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १ | गाउँपालिकाको औद्योगिक नीति निर्माण | नभएको | निर्माण गर्ने | ✓ | ✓ | | | | २,०००,००० | |
| | | २ | होमस्टे विकास नीति निर्माण | नभएको | निर्माण गर्ने | ✓ | | | | | १००,००० | प्रदेश सरकार |
| | | ३ | होटल तथा रेस्टुरेन्ट नीति निर्माण | नभएको | निर्माण गर्ने | ✓ | | | | | १००,००० | प्रदेश सरकार |
| | १.२ | ४ | वार्षिक सीपमूलक तालीम | नभएको | १०० जना | ✓ | ✓ | ✓ | ✓ | ✓ | २५,०००,००० | निजि क्षेत्र |
| | | ५ | बजारीकरण सम्बन्धी तालीम तथा सहजीकरण | नभएको | ५ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५०,००० | |
| | | ६ | सहकारी दर्ता एवं नवीकरण र नियमन | सुरुवात भएको | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | १५०,००० | |
| | | ७ | सहकारी सम्बद्ध तालिम तथा अभिमुखीकरण | नभएको | हरेक वर्ष एक कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १५०,००० | निजि क्षेत्र |
| | | ८ | सामाजिक सुरक्षा (केन्द्रीय सरकारबाट अनुदान प्राप्त नहुने गरिबीका रेखामुनी भएका परिवारका लागि समेत) | केन्द्रिय सरकारबाट मात्र प्राप्त | थप गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | १०,०००,००० | संघिय सरकार |
| | | ९ | महिला उद्यमशीलता प्रवद्र्धन तथा वित्तीय पहुँच अभिवृद्धि | -- | १०० | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | संघिय सरकार |
| | | १० | कृषिजन्य उत्पादन प्रशोधन उद्योगलाई सहुलियत | -- | १० | | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | प्रदेश सरकार |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | ११ | स्थानीय संस्कृति झल्काउने परम्परागत पोशाक उत्पादनका लागि अनुदान | नभएको | सुरुवात गर्ने | | ✓ | ✓ | ✓ | ✓ | ५,०००,००० | |
| | | १२ | पूर्वाधार विकासमा सहकारी - गाँउपालिका साझेदारी कार्यक्रम सञ्चालन | नभएको | हरेक वर्ष एक कार्यक्रम | | ✓ | ✓ | ✓ | | १,०००,००० | |
| | | १३ | लगानी सम्मेलन | नभएको | १ | | | ✓ | | | १००,००० | प्रदेश सरकार |
| | १.३ | १४ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन | -- | १ | | ✓ | ✓ | | | ५,०००,००० | संघिय सरकार, प्रदेश सरकार |
| | १.४ | १५ | व्यवसायिक भवन (commercial complex) को निर्माण | नभएको | निर्माण गर्ने | | ✓ | ✓ | | | ३०,०००,००० | प्रदेश सरकार |

## ४.६ आर्थिक विकास क्षेत्रमा प्रक्षेपित लगानी

यस आवधिक बिकास योजनामा आथिक क्षेत्रमा उल्लेख गरिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरु पुरा गर्न करिब ४० करोड ३ लाख ४० हजार रुपैया आवश्यक पर्ने देखिन्छ । आथिक क्षेत्र सम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ ।

# ५) सामाजिक विकास क्षेत्र

# ५ सामाजिक विकास क्षेत्र

## ५.१ विषय प्रवेश

गाउँपालिकाको समग्र विकासको लागि भौतिक विकास योजनाको साथसाथै सामाजिक विकास योजनाको तर्ज़ुमा एवम् यसको प्रभावकारी कार्यान्वयन गर्न नितान्त आवश्यक हुन्छ । यस्ता योजनाले गाउँपालिकावासीहरूको सामाजिक पक्षमा गुणात्मक सुधार गर्नुको साथै नागरीकहरूको आधारभूत आवश्यक्ता पुरागर्न मद्दत गर्दछ । यस गाउँपालिकाको सामाजिक विकास योजना अन्तर्गत शिक्षा, स्वास्थ्य र लक्षित वर्ग (महिला, वालवालिका, जेष्ठ नागरीक, दलित, आदिवासी जनजाति, मुस्लिम वर्ग आदि) सँग सम्वन्धित समस्याहरूको पहिचान गरी यी समस्याहरूलाई सम्वोधन गर्न सामाजिक विकास योजना तर्जुमा गरिएको छ ।

## ५.२ स्वास्थ्य तथा पोषण

### ५.२.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्र्देशित छ । विगतमा स्वास्थ्य क्षेत्रमा देखिएको दक्ष प्राविधिक जनशक्तिको कमीलाई व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच बढाइनेछ । वडास्तरमा रहेका स्वास्थ्य चौकीहरूबाट रोग लाग्न नदिने गरी प्रर्वद्धनात्मक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै गाउँपालिका अवस्थित अस्पतालबाट उपचारात्मक सेवा सहज उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

### ५.२.२ समस्या तथा चुनौती

- सबै वडाभित्र स्वास्थ्य इकाइको भवनको आवश्यकता रहेको
- भएका स्वास्थ्य चौकीमा पनि अत्यावश्यक सेवाहरु नभएको
- एम्बुलेन्सको सहज पहुँच नभएको
- आवश्यक औषधीहरुको अभाव रहेको
- मानसिक रोगीको उपचारका लागि आफैले औषधी किनेर खान परेको, आर्थिक स्थिति कमजोर भएको, अभिभावक विहिन भएको
- बालविवाह र कम उमेरमै गर्भवती भएको
- किशोरी र महिलाका लागि स्यानिटरी भेन्डिङ मसिन को आवश्यकता रहेको
- आयुर्वेद औषधालय नभएको
- सबै घरधुरीमा शौचालय नभएको । केहि वडा कार्यालयमा समेत शौचालय उपलब्ध नभएको ।
- सबै स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर नभएको

- स्वास्थ्य संस्थाहरुमा दरबन्दी आनुसारको जनशक्ति नभएको
- खानेपानिको अभावका कारण सरसफाई कायम गर्न नसकेको
- शौचालय, ढल निकास सरसफाईको ज्ञानमा कमी रहेको
- धामी झाँक्रीको विश्वास बढी गर्नु र आधुनिक चिकित्सा पद्दतिमा न्यून विश्वास तथा पहुँच  नरहेको
- पौष्टिक आहारा उपभोगको कमी रहेको
- विपन्न नागरिकलाई औषधि उपचारमा सहयोग पुर्याउन नसकेको

### ५.२.३ संभावना तथा अवसर

- सवै वडामा स्वास्थ्य चौकी रहेको
- स्वास्थ्य चौकीमा प्रसुती सेवा रहेको
- शिक्षा, स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माणका लागि दातृ निकायको सहयोग भइरहेको, हुने
- स्वास्थ्य संस्थामा आवश्यक औषधिहरु केन्द्रिय सरकारले निशूल्क प्रदान गर्ने
- नेपाल सरकारले सबै जनताको स्वास्थ्य बिमा गराउने निति लिएको

### ५.२.४ सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै गाउँपालिकावासीको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास।

### ५.२.५ उद्देश्य

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा र बहुक्षेत्रीय पोषण कार्यक्रमबाट सबै नागरिकको सुस्वास्थ्य अभिवृद्धि तथा जोखिम न्यूनीकरण गर्ने।

### ५.२.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने |
| १.२ | सरकारबाट अनुदानमा वितरण हुने औषधीहरुलाई व्यवस्थित तथा पारदर्शी रुपमा वितरण गर्ने |
| १.३ | स्वास्थ्य, पोषण र सरसफाई सम्बन्धी क्षमता अभिवृध्दि गर्ने |
| १.४ | विपन्न एवम् लछित वर्गका निम्ति विषेश स्वास्थ्य तथा पोषण कार्यक्रम ल्याउने |
| १.५ | आपतकालिन स्वास्थ्य सेवाको पहुँच बढाउने |
| १.६ | स्वास्थ्य कर्मचारीको क्षमता वृध्दि गर्ने |

### ५.२.७ प्रमुख कार्यक्रम तथा आयोजना (स्वास्थ्य तथा पोषण)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| १ | १.१ | १ | स्वास्थ्य जांच कार्यक्रम | – – | हरेक ३ महिना, हरेक वडा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ११,२००,००० | संघीय, प्रदेश सरकार र निजी अस्पताल | पाँच वर्षको जम्मा |
| | | २ | नियमित खोप कार्यक्रम | भइरहेको | नियमित (त्रैमासिक) | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,२५०,००० | संघीय र प्रदेश सरकार | पाँच वर्षको जम्मा |
| | | ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, गौमुखी - १ को भवन निर्माण | | मापदन्ड अनुसारको भवन | ✓ | ✓ | | | | ७,५००,००० | संघीय र प्रदेश सरकार | |
| | | ४ | अर्खा स्वास्थ्य चौकी, गौमुखी - २ को भवन निर्माण | | मापदन्ड अनुसारको भवन | | ✓ | ✓ | | | ७,५००,००० | संघीय र प्रदेश सरकार | |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| | | ५ | सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण:<br>क) पुजा सामुदायिक स्वास्थ्य इकाई, मष्टथान, गौमुखी - ४<br>ख) ठुलाचौर सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - २<br>ग) जुरढुङ्गा सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - १<br>घ) लामिबगर सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - ३<br>ङ) ढाँडखानी सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - ३<br>च) वाग्लिबाङ सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - ४<br>छ) खलाचौर  सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - ४<br>ज) खाल सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - ५ | | ८ | | | ✓ | ✓ | ✓ | ६०,०००,००० | संघीय सरकार र प्रदेश सरकार | |
| | | ६ | पुजा स्वास्थ्य चौकी, गौमुखी - ४ लाई आधारभुत अस्पतालको रुपमा सञ्चालन गर्नका लागि आवश्यक निर्माण, उपकरण तथा अन्य व्यवस्थापन | | मापदन्ड अनुसारको व्यवस्था | ✓ | ✓ | | | | १५,०००,००० | संघीय, प्रदेश सरकार, गैसस | |
| | | ७ | बर्थिङ सेन्टरको स्थापना गर्ने:<br>क) आधारभुत स्वास्थ्य सेवा केन्द्र, गौमुखी - १<br>ख) अर्खा स्वास्थ्य चौकी, गौमुखी - २<br>ग) पुजा सामुदायिक स्वास्थ्य इकाई, गौमुखी - ४ | | ३ | ✓ | ✓ | ✓ | | | १५,०००,००० | संघीय, प्रदेश सरकार, गै.स.स | |
| | | ८ | स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता, पूर्वाधार र उपकरण विस्तार | अव्यवस्थित | ११ संस्थामा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५,५००,००० | संघीय, प्रदेश सरकार, गैसस | |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| | | ९ | स्वास्थ्य संस्थाहरूमा शुद्ध खानेपानी र प्लम्बिङको व्यवस्था | अव्यवस्थित | १५ संस्थामा | ✓ | ✓ | ✓ | ✓ | ✓ | १५,०००,००० | संघीय सरकार, गैसस | |
| | | १० | स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको दरबन्दी | अपुग | १४ कर्मचारी थप | ✓ | ✓ | ✓ | ✓ | ✓ | २६,८८०,००० | संघीय सरकार, प्रदेश सरकार, गैसस | पाँच वर्षको जम्मा |
| | १.२ | ११ | अत्यावश्यक औषधिको वितरण (दिर्घरोगि, बालबालिका, जेस्ठ नागरिक तथा गरिबीको रेखामुनि भएका नागरिकको लागि) | केही | सबै दिर्घरोगी, बालबालिका, जेस्ठ नागरिक, गरिबीको रेखामुनि भएका | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | संघीय सरकार र प्रदेश सरकार | पाँच वर्षको जम्मा |
| | १.३ | १२ | गाउँपालिका स्तरीय सरसफाई कार्यक्रम | केही | त्रैमासिक | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | समुदाय | पाँच वर्षको जम्मा |
| | | १३ | नवजात शिशु र आमाको लागि पोषणयुक्त आहारको व्यवस्था | भएरहेको | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | संघिय, प्रदेश सरकार, गै.स.स | प्रत्यक वर्ष खर्च गर्नुपर्ने |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| | | १४ | सुधारिएको चुलो कार्यक्रम | -- | ५० प्रतिशत घरधूरी | | ✓ | ✓ | | | २,०००,००० | प्रदेश सरकार र गै.स.स | दुई वर्षको जम्मा |
| | | १५ | सरुवा रोगको बारेमा जनचेतना कार्यक्रम | नभएको | बार्षिक २ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | प्रदेश सरकार र गै.स.स | पाँच वर्षको जम्मा |
| | १.४ | १६ | बिपन्न नागरिक उपचार कार्यक्रम | -- | ५० लाखको कोष | ✓ | ✓ | ✓ | ✓ | ✓ | २५,०००,००० | संघीय सरकार र प्रदेश सरकार | पाँच वर्षको जम्मा |
| | | १७ | कम आय भएका गर्भवती महिलाको लागि पोषणयुक्त आहारको व्यवस्था | नभएको | ५०० महिला | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | संघिय, प्रदेश सरकार, गैसस | प्रत्यक वर्ष खर्च गर्नुपर्ने |
| | १.५ | १८ | एमबुलेन्सको ब्यबस्था | नभएको | १ वटा | ✓ | ✓ | | | | ३,६००,००० | प्रदेश सरकार र गैसस | |
| | १.६ | १९ | प्रत्येक स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मीलाई आवासको व्यवस्था | -- | ७ | | | ✓ | ✓ | ✓ | ३५,०००,००० | प्रदेश सरकार र गैसस | |

## ५.३ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्तले सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्वमा समावेश गरेको छ । उक्त हक र सिद्धान्तलाई व्यवहारमा उतार्न गाउँपालिकाले आप्mनो शिक्षा नीति तर्जुमा गरी कार्यान्यनमा ल्याइसकेको छ । यसै सिलसिलामा दिगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा प्रदान गर्न गुणस्तरीय रूपमा शिक्षा क्षेत्रको विकास गरिने लक्ष्य राखिएको छ ।

### ५.३.२ समस्या तथा चुनौती

- एउटा कक्षा कोठामा धेरै विद्यार्थी पठनपाठन गराउनुपर्ने अवस्था रहेको
- उच्च शिक्षा विद्यालय नभएको
- विद्यालयहरुको भौतिक संरचनाको अवस्था नाजुक रहेको
- विद्यालयमा सक्षम शिक्षकहरुको अभावमात्र नभएर शिक्षकको संख्या पनि कमी भएको
- विद्यार्थीको स्कुल छोड्ने दर एकदम बढी भएको, बिद्यालयमा बिद्यार्थी संख्या घट्दै गएको
- साक्षरता दर न्युन रहेको
- विद्यालयमा खानेपानि, तारबार, शौचालय, पुस्तकालय, प्रयोगशाला जस्ता सुबिधाहरुको आभाव रहेको
- विद्यालयमा बिषय शिक्षकको आभाव रहेको
- दलित विद्यार्थीले मात्र छात्रवृत्ति प्राप्त गरेको; गरिब, जहेन्दार विधार्थिलाई प्राविधीक शिक्षाको लागि पर्याप्त छात्रबृतिको सुबिधा प्रदान गर्न नसकेको
- मानिसहरुमा डिजिटल प्रविधि र इ-गभर्नेन्सको साक्षरता नभएको
- अहिलेको प्रबृति अनुसार सकृय जनशक्ति पलायन हुदै जाने र निश्कृय जनशक्ति गाऊँपालिकामा रहिरहने
- घर घरमा इन्टरनेटको व्यवस्था नभएको
- शिक्षामा आधुनिककरण नभएको

### ५.३.३ संभावना तथा अवसर

- गाउँपालिकामा ७ वटा मा वि रहेका र एक प्राविधिक विद्यालय रहेको
- पाट्यक्रम बनिसकेको र त्यसलाई लागु गर्न सकिने
- विद्यालयको गुणस्तर वृद्धि गरी नजिकका नगरपालिका तथा गाऊँपालिकाका विद्यार्थी आकर्षित गर्न सकिने
- गाऊँपालिका भित्रै प्राबिधिक जनशक्ति उत्पादन गरी आवश्यक जनशक्ति केहि मात्रामा उपलब्ध हुने
- शिक्षा, स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माणका लागि दातृ निकायको सहयोग भइरहेको÷हुने
- नेपाल सरकारले माध्यामिक तहसम्मको शिक्षालाई निशुल्क बनाएको

- छात्राहरुको शिक्षाका लागि प्रदेश सरकारले अनुदान प्रदान गरिरहेको, गर्ने

### ५.३.४ सोच

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण।

### ५.३.५ उद्देश्य

सवै तहको शिक्षालाई गुणस्तरीय, सीपमूलक, रोजगारमुखी र समसामयिक बनाउदै शैक्षिक पद्धतिलाई समान पहुँचको सिर्जनात्मक, प्रयोगात्मक, व्यावहारिक र प्रविधिमैत्री बनाउनु।

### ५.३.६ रणनीति

| **क्र सं** | **रणनीति** |
|---|---|
| १.१ | गाउँपालिकामा नि शुल्क तथा अनिवार्य आधारभुत तथा नि शुल्क गुणस्तरीय माध्यमिक शिक्षामा समतामुलक र सहज पहुँच सुनिश्चित गर्ने |
| १.२ | विध्यार्थीहरुको संख्याका आधारमा प्रविधिमैत्री, अपानगमैत्री पुर्वाधार विकास गर्ने |
| १.३ | शिक्षक एवम् विद्यार्थीका क्रियाकलाप तथा उपलब्धिका आधारमा मुल्यांकन, पुरस्कार र दण्ड व्यवस्था गर्ने |
| १.४ | शिक्षक एवम् कर्मचारीको छमता विकास गर्ने |

### ५.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| १ | १.१ | १ | आर्थिक रुपले कमजोर विद्यार्थीहरुको लागि सहयोग | – – | बार्षिक ५० बिद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७,५००,००० | निजि क्षेत्र | पाँच वर्षको जम्मा |
| | | २ | प्रौढ शिक्षा | निष्कृय | सुरुवात गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | प्रदेश सरकार र गै स स | पाँच वर्षको जम्मा |
| | | ३ | विद्यालयहरुमा न्यूनतम पठनपाठन सामग्री वितरण | | ४० | ✓ | ✓ | ✓ | ✓ | ✓ | ४,८००,००० | संधिय सरकार र प्रदेश सरकार | |
| | | ४ | वडाको मुख्य विद्यालयलाई आवशिय विद्यालयको रुपमा रुपान्तरण गर्ने | नभएको | ७ | | ✓ | ✓ | ✓ | ✓ | ४२,०००,००० | शि वि | |
| | | ६ | पुर्व प्रथामिक विधार्थीका लागि खेलौना तथा खाजा | नभएको | माध्यामिक बिद्यालय | | | ✓ | ✓ | ✓ | १,०००,००० | शि वि, गै स स | |
| | | | घरेलु दिवा खाजाको व्यवस्था मावि तहका विद्यार्थीसम्म | नभएको | माध्यामिक बिद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | शि वि, गै स स | |
| | १.२ | ७ | विद्यालयहरुमा अपुग कक्षाकोठा थप | – – | सबै बिध्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | २००,०००,००० | संधिय सरकार र प्रदेश सरकार | |
| | | ८ | विद्यालयको कम्याउण्ड, gate, बालमैत्री घेरावार | – – | ४० | ✓ | ✓ | ✓ | ✓ | ✓ | १२,०००,००० | शि वि, गै स स | |
| | | ९ | सफा खानेपानीको प्रबन्ध | अव्यवस्थित | ४० | ✓ | ✓ | ✓ | | | २०,०००,००० | शि वि, गै स स | |
| | | १० | विद्यालयमा बिजुली wiring को व्यवस्था | अव्यवस्थित | ४० | ✓ | ✓ | ✓ | | | ८००,००० | | |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| | | ११ | प्राविधिक विद्यालयमा प्रयोगशाला पुर्वाधार व्यवस्थापन | | व्यवस्थित | | | ✓ | ✓ | ✓ | ५,०००,००० | शि वि, निजि क्षेत्र | |
| | | १२ | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना | | माध्यामिक बिद्यालय | ✓ | ✓ | | | | ४,०००,००० | शि वि, गै स स | |
| | | १३ | सम्पूर्ण विद्यालयमा पुस्तकालय व्यवस्थापन | अव्यवस्थित | ४० | ✓ | ✓ | ✓ | | | ८,०००,००० | शि वि, गै स स | |
| | | १४ | खेलमैदान व्यवस्थापन तथा विकास | अव्यवस्थित | ४० | | ✓ | ✓ | ✓ | | ८,०००,००० | शि वि, गै स स | |
| | १.३ | १५ | प्राथमिक र माध्यामिक स्थरमा सर्बउत्कृष्ट विद्यार्थीलाइ सम्मान तथा पुरस्कार वितरण | – – | १ छात्रा, १ छात्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | २००,००० | निजि क्षेत्र | पाँच वर्षको जम्मा |
| | | १६ | विद्यालय प्रशासन अनुमगन एवं मूल्यांकन | – – | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | | पाँच वर्षको जम्मा |
| | १.४ | १७ | शिक्षक शिक्षिकालाई तालीम | केहि | हरक वर्ष दुइ पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,२००,००० | शि वि | |
| | | १८ | मोडल विद्यालय छनौट तथा पुरस्कार | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५०,००० | शि वि | |
| | | १९ | उत्कृष्ट शिक्षक÷शिक्षिका छनौट तथा पुरस्कार | नभएको | बार्षिक १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १०,०००,००० | शि वि | |
| | | २० | बिद्यालयमा बिषय शिक्षकको ब्यबस्था | प्रयाप्त नभएको | सबै आधारभुत र माध्यामिक बिद्यालय | ✓ | ✓ | | | | २,०००,००० | गै स स | |

## ५.४ खानेपानी तथा सरसफाई

### ५.४.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ। खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने, सहरी र अर्धसहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र गाउँपालिकालाई खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

- एक घर एक धारा नभएर टोली धारा मात्र सुबिधा भएको; खानेपानीको सुविधा भएपनि उचित व्यवस्थापन नभएको
- वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बढ्दो सहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुन गएको
- स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसकेको
- निर्माणाधिन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकेको
- बढ्दो बसाईसराईका कारण सहरी बस्तीमा ढल निकास व्यवस्थिता गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्च्छता कायम गर्न कठिनाय रहेको
- खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय हुन नसकेको

### ५.४.३ संभावना तथा अवसर

- खानेपानी तथा सरसफाइ सेवाको जिम्मेवारी गाउँपालिकामा रहनु।
- पानी तथा सरसफाइ सेवा एवं संरचनाको विकास तथा विस्तारमा स्थानिय सरकार, बिकास, साझेदार, अन्तराष्ट्रिय गैरसरकारी संस्था गैरसरकारी संस्था तथा उपभोक्त समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु।
- स्वास्थ्य, खानेपानी र सरसफाइलाई स्थानीय तहले समन्वयात्मक रूपमा कार्यान्वयन गर्न सक्ने अवस्था , सरसफाइ कार्यक्रम सामाजिक अभियानको रूपमा सञ्चालन हुनु।

### ५.४.४ सोच

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार।

### ५.४.५ उद्देश्य

सबै नागरिकलाई आधारभूत स्वच्छ खानेपानी र सरसफाई सुलभ ढंगबाट उपलब्ध भएको हुनु ।

### ५.४.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | नागरिक सहभागिताका खानेपानी योजना निर्माण गरी सबै घरधुरीलाई खानेपानीको व्यवस्था गर्ने |
| १.२ | वर्तमान पालिकामा रहेका खानेपानीका स्रोतहरु एवं आयोजनाहरुको भौतिक स्तरोन्नती गरी व्यवस्थापनमा सुधार ल्याउने |
| १.३ | गाउँपालिकाका हरेक घरधुरीमा चर्पीका सेप्टिक ट्याङ्कको व्यवस्था गरी सार्वजनिक सरसफाईमा ध्यान दिने |
| १.४ | विद्यालयका छात्रालाई विषेश सरसफाईबारे कार्यक्रम गर्ने |

### ५.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (खानेपानी तथा सरसफाई)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| १ | १.१ | १ | खानेपानी आयोजना निर्माण | -- | ७ | ✓ | ✓ | ✓ | ✓ | | २१,०००,००० | खा.स.डि.का | |
| | १.२ | २ | हाल भएका खानेपानी योजनाहरुको स्तर उन्नती (पाईपलाइन मर्मत, सार्वजनिक धारा निर्माण, एक घर एक धारा) | -- | सबै | ✓ | ✓ | ✓ | ✓ | ✓ | ९५,०००,००० | खा.स.डि.का | |
| | | ३ | खानेपानीको मिटर जडान | नभएको | ६० प्रतिशत घरधूरी | | ✓ | ✓ | ✓ | | ३,०६०,००० | खा.स.डि.का | |
| | | ४ | सार्वजनिक भवनहरुमा आकासे पानि संकलनको व्यवस्था | नभएको | सबै | | | ✓ | ✓ | ✓ | १२,०००,००० | खा.स.डि.का | |
| | १.३ | ५ | हरेक घरमा सेप्टी ट्यांक सहितको चर्पीको ब्यबस्था | केही | ९५ प्रतिशत | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५०,०००,००० | संघिय/ प्रदेश सरकार/गै.स.स | |
| | | ६ | मुख्य स्थानहरुमा सार्वजनिक शौचालय निर्माण | -- | १० | | | ✓ | ✓ | ✓ | २५,०००,००० | निजि क्षेत्र | |
| | १.४ | ७ | स्कुले किशोरीहरुलाई स्यानिटरी प्याड वितरण कार्यक्रम | नभएको | बार्षिक ७ वडामा कार्यक्रम | | ✓ | ✓ | ✓ | ✓ | ५६०,००० | गै.स.स | चार वर्षको जम्मा |
| | | ८ | प्रयोग भइसकेको स्यानिटी प्याड विसर्जन गर्ने ठाउँको व्यवस्था | नभएको | सबै मावि | ✓ | ✓ | ✓ | ✓ | ✓ | १२०,००० | गै.स.स | |
| | | ९ | किशोरी तथा महिलाहरुलाई स्यानिटरी प्याड बनाउने तालिम | नभएको | बार्षिक ७ वडामा कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,२२५,००० | गै.स.स | पाँच वर्षको जम्मा |

## ५.५ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.५.१ पृष्ठभूमि

महिला बालबालिका तथा समाजमा पछाडि परेको वर्ग तथा समुदायको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिला, बालबालिका, दलित पिछडिएको र विपन्न बर्गको हक प्रत्याभूत गरिएको छ। लैगिंक समानता तथा समाजिक समावेशीकरणको मूल मर्म भनेको समान अधिकार, अवसर र समाजमा पछाडि परेका वर्ग तथा समुदाय र क्षेत्रलाई विकासको मुल प्रवाहमा प्रवाहीकरण गर्नु नै हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत आएका छन् । संविधानबाट नै उपरोक्त व्यवस्था कार्यान्वयनका लागि विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ। संविधानले ती आयोगहरूमा लक्षित वर्ग, लिंगको प्रतिनिधित्व रहनुपर्ने व्यवस्था गरेको छ । बहुसङ्ख्यक दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका समूह समुदाय विगतमा राज्यको संरचानाद्वारा नै पछाडि पारिएको हुँदा नेपालमा सकारात्मक उपाय र समावेशीकरण नीति र यसको मूलप्रवाहीकरणको सान्दर्भिकता रहेको छ। महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिला तथा लक्षित समूहले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, संसद् लगायतका तीन वटै तहका निकायमा महिला तथा लक्षित समूह र वर्गको समुचित र समानुपातिक प्रतिनिधित्वको व्यवस्था संविधान र कानुनबाट नै सुनिश्चित गरिएको छ।

गाउँपालिका र नगरपालिकाको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, त्यस्तै कार्यपालिकामा अल्पसंख्यक वा दलित गाउँपालिकामा दुई र नगरपालिकामा तीन जना महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने गरी गाउँसभा र नगरसभाको गठन हुने, त्यस्तै स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय योजना बनाउँदा बाल मैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रले नै ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न अवसरहरु प्रदान गर्दै आएको छ। यही प्रणाली यस गाउँपालिकामा पनि अनुसरण गर्दै थप कार्यक्रमहरु ल्याई ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुको जिवनोत्थान गरी क्रान्ति ल्याउनु पर्ने देखिन्छ। गाउँपालिकाका अधिकांश भवनहरु अशक्त एवं अपाङ्गमैत्री नभएको हुँदा सो समस्याको समाधानका लागि विभिन्न नीति अपनाउनु पर्ने देखिन्छ।

### ५.५.२ समस्या तथा चुनौती

- दाइजोप्रथाको विकृति कायम रहेको
- सबै स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर नभएको
- मुख्यत: युवाहरू नै कमी भएको र भएका महिलाहरूको नेतृत्व क्षमतामा कमी भएको
- विकास योजनामा महिला दलित अधिकारविहीन समुदायको सहभागिता न्यून रहेको
- बालविवाह मूलरूपमा बल्झिएको
- लैंगिक विभेद कायम हुनु

- धामी झाँक्रीको विश्वास बढी गर्नु र आधुनिक चिकित्सा पद्दतिमा न्यून विश्वास तथा पहुँच हुनु
- कूसंस्कारहरु छोड्न नसक्नु
- बाल,अपाङ्ग तथा वृद्ध नागरिक मैत्री क्रियाकलाप गर्न नसक्नु
- पौष्टिक आहारा उपभोगको कमी
- बहुविबाहको प्रचालन अझै केहि अस्तित्वमा रहनु
- श्रम शोषण र ज्यालामा विभेद कायमै रहनु
- यौन शोषण यदाकदा रहनु
- मदिरा सेवनबाट समाजमा विकृति तथा गरिबी छाएका
- गरिब, जहेन्दार विधार्थिलाई प्राबिधीक शिक्षाको लागि पर्याप्त छात्रबृतिको सुबिधा प्रदान गर्न नसक्नु
- विपन्न नागरिकलाई औषधि उपचारमा सहयोग पुर्याउन नसक्नु
- गरिविको रेखामुनिको जनसंख्यालाई माथि उठाउन लक्षित कार्य सञ्चालन गर्न नसक्नु

### ५.५.३ संभावना तथा अवसर

- वहुभाषा तथा वहुजातीको बसोबास रहेको
- छुवाछुतको न्यूनीकरण हुदै गऐको
- महिला समुहको गठन र परिचालन भएको
- समूह स्तरमा सचेतीकरणका माध्यमबाट हिंसा न्यूनीकरण हुदै गएको
- बिकास निर्माण प्रकृयामा महिला सहभागिता बढ्दै गएको
- छात्राहरुको शिक्षाका लागि प्रदेश सरकारले अनुदान प्रदान गरिरहेको, गर्ने
- बढ्दो आधुनिकरण र ईन्टरनेटको पहुँचको कारण जनतामा आफै जनचेतना बृद्धि हुने

### ५.५.४ सोच

आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण

### ५.५.५ उद्देश्य

महिला, दलित, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा अति विपन्न र जोखिममा रहेको वर्गलाई आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका माध्यमद्वारा विकासको मूल प्रवाहमा ल्याई लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्दै समाजमा समानता तथा सामाजिक न्याय र सुरक्षा कायम गर्नु ।

### ५.५.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | महिला शसक्तिकरण गरी गाउँपालिकाको विकासमा मुल प्रवाहिकरण गर्ने |
| १.२ | गाउँपालिकालाई कुरिती र अन्धविश्वास मुक्त पालिकाको रुपमा विकास गर्ने |
| १.३ | गाउँपालिकामा बाल अधिकार एवं बाल संरछणको सचेतना फैलाउँदै वालमैत्री पालिकाको विकास गर्ने |
| १.४ | जेष्ठ नागरिक मैत्री पुर्वाधार विकास गर्ने |
| १.५ | पालिकाका सार्वजनिक भौतिक संरचनाहरुलाई अपांगमैत्री बनाउने |

### ५.५.७ प्रमुख कार्यक्रम तथा आयोजना (महिला, बालबालिका तथा लक्षित वर्ग)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| १ | १.१ | १ | महिला स्वरोजगार कार्यक्रम | –– | १०० महिला | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५०,०००,००० | संघिय, प्रदेश सरकार | |
| | | २ | किशोरीहरुलाई आत्मसुरक्षा तालिम | नभएको | सबै माध्यामिक बिद्यालयमा बार्षिक १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,०००,००० | नेपाल प्रहरी, सशस्त्र प्रहरी, गै.स.स | पाँच वर्षको जम्मा |
| | | ३ | लैंगिक समानता कार्यक्रम (तालिम, गोस्टी, सेमिनार र जनचेतनामुलक कार्यक्रम गरि लैंगिक असमानता हटाउने) | केही | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | संघिय, प्रदेश सरकार,गै.स.स | पाँच वर्षको जम्मा |
| | | ४ | सार्वजनिक भवनमा स्तनपान कक्षको व्यवस्था | –– | सबै वडाका सार्वजनिक भवन | | ✓ | ✓ | ✓ | ✓ | ७००,००० | गै स स | |
| | | ५ | महिला सिप बिकास केन्द्रको स्थापना | –– | सबै वडा | | ✓ | ✓ | ✓ | ✓ | ७,०००,००० | संघिय, प्रदेश सरकार, गै.स.स | |
| | १.२ | ६ | दाइजो प्रथा निरुत्साहन कार्यक्रम (अनुगमन तथा दण्ड जरीवाना) | केही | लागु गर्ने | | | ✓ | ✓ | ✓ | १५०,००० | संघिय, प्रदेश सरकार, गै.स.स | तिन वर्षको जम्मा |
| | १.३ | ७ | ५ बर्ष भन्दा मुनिका बालबालिकालाई निशुल्क औषधिको व्यवस्था | नभएको | सुरुवात गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | स्वास्थ्य विभाग | पाँच वर्षको जम्मा |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| | | ८ | बाल सुरक्षा एवं बाल बिवाह रोकथाम | केही | बार्षिक ४ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | संघिय, प्रदेश सरकार, गैसस | पाँच वर्षको जम्मा |
| | | ९ | बाल संजाल गठन र बाल विकास कार्यक्रम | केही | हरेक टोल | | | ✓ | ✓ | ✓ | ५००,००० | गै.स.स | तिन वर्षको जम्मा |
| | १.४ | १० | बृद्ध वृद्धा एवं अपाङ्गता भएका नागरिक संरक्षण नीति निर्माण | नभएको | नीति निर्माण र कार्यन्वयन | ✓ | ✓ | | | | ५००,००० | प्रदेश सरकार | पाँच वर्षको जम्मा |
| | | ११ | भजन प्रतियोगिता निरन्तर सञ्चालन | | वडा नं ४ र ६ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,०००,००० | निजि क्षेत्र | |
| | | १२ | बृद्ध बृद्धाको लागि मनोरञ्जन स्थलको निर्माण | नभएको | ७ | | ✓ | ✓ | ✓ | ✓ | २१,०००,००० | संघियर प्रदेश सरकाररगै।सा।स | |
| | १.५ | १३ | सार्बजनिक भवनहरु अपाङ्गमैत्री बनाउने | केही | सम्पुर्ण सार्बजनिक भवनहरु | ✓ | ✓ | ✓ | | | ३०,०००,००० | संघियर प्रदेश सरकार | |
| | | १४ | ग वर्गका अपाङ्गलाई सेवा सुविधा निति तयार गर्ने | नभएको | निति तयार गरि कार्यान्वयन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५०,००० | गै स स | |

## ५.६ युवा तथा खेलकुद

### ५.६.१ पृष्ठभूमि

नेपालमा १६ देखि ४० वर्षसम्मको उमेर समूहका युवाहरूको संख्या कुल जनसंख्याको एक तिहाई भन्दा बढी रहेको छ। यस गाउँपालिकामा युवाहरूको जनसंख्या राष्ट्रिय औसतअनुसार नै रहेको छ। यस गाउँपालिकामा फुटबल, भलिबल, ब्याडमिन्टन, एथ्लेटिक्स लगायतका खेलकुदहरू सञ्चालन भइरहेका छन्। गाउँपालिकामा विद्यमान युवा जनसंख्याको बाहुल्यतालाई उत्पादनशील एवं सृजनशील कार्यमा लगाउन सके गाउँपालिकाको सम्पूर्ण विकासमा सहयोग पुग्न सक्दछ। गाउँपालिकाले युवा बाहुल्यताको वर्तमान जनसांख्यिक लाभलाई गाउँपालिका क्षेत्र विकासमा क्रियाशील गराउन नीति प्रतिपादन गरी तदअनुसार विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन सक्ने अवसर सृजना भएको छ। यसबाट कृषि, गैरकृषि तथा सेवा क्षेत्रको उत्पादनशील कार्यमा युवाको संलग्नता वृद्धि गराउन सकिन्छ।

यस गाउँपालिकाका युवाहरूको ठूलो संख्या वैदेशिक रोजगारी, आन्तरिक आप्रवासन, कृषि कर्ममा व्यस्त वा बेरोजगार छन् । अदक्ष युवाहरू सीपयुक्त शिक्षा प्राप्तिको अवसरको अभावमा न्यून ज्यालादर तथा सम्मानजनक रोजगारीको अवसरबाट वञ्चितीमा परी विदेशिनुपर्ने अवस्था सिर्जना भएको छ। उद्यमशीलता र सीपको कमीले युवाहरूको उत्पादकत्व अपेक्षाकृत न्यून रहेको छ। युवा जनसांख्यिक लाभको पर्याप्त सदुपयोग हुन सके युवालाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउन सकेमा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न गई जीवनस्तरमा पर्याप्त सुधार आउन सक्ने देखिन्छ ।

### ५.६.२ सोच

विकासमा युवा सहभागिताबाट समृद्ध गाउँपालिका निर्माण र खेलकुदका माध्यमबाट गाउँपालिका एकताको सुदृढीकरण एवम् राष्ट्रिय क्षेत्रमा गाउँपालिका सम्मान अभिवृद्धि।

### ५.६.३ उद्देश्य

युवा उद्यमशीलता, युवा स्वरोजगार, युवा सृजनशीलतालाई प्रवद्र्धन गरी आर्थिक समृद्धि, प्रविधि आविष्कार गरी गाउँपालिकाको पहिचान विस्तार गर्नु।

### ५.६.४ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | युवाका सिप विकास गरी रोजगारका लागि दछ बनाउने |
| १.२ | गाउँपालिकाका युवाको खेलकुद विकास गर्ने |
| १.३ | युवा एवं खेलकुद सम्बन्धि पुर्वाधार निर्माण गर्ने |

### ५.६.५ प्रमुख कार्यक्रम तथा आयोजना (युवा तथा खेलकुद)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| १ | १.१ | १ | युवा स्वरोजगार कार्यक्रम | | १५० युवा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५,०००,००० | संघिय/ प्रदेश सरकार | पाँच वर्षको |
| | | २ | वैदेशिक रोजगारिमा जानेहरुको लागि सिप विकास तथा मनोवैज्ञानिक तालिम र प्रशिक्षण | नभएको | बार्षिक २ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | निजि क्षेत्र | पाँच वर्षको |
| | १.२ | ३ | गाउँपालिकालाई प्रतिनिधित्व गरि बिबिध खेलकुदमा सहभागी हुनको लागि अनुदान | नभएको | १० | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | निजि क्षेत्र | पाँच वर्षको |
| | | ४ | खेल महोत्सवको आयोजना | केही | बार्षिक १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,०००,००० | निजि क्षेत्र | |
| | | ५ | खेलकुद बिकासको लागि प्रशिक्षकको ब्यबस्था | नभएको | सुरुबात गर्ने | | ✓ | ✓ | ✓ | ✓ | १,२००,००० | निजि क्षेत्र | चार वर्षको |
| | १.३ | ६ | दिहाल्ना क्रिकेट रङ्गशाला निर्माण | नभएको | निर्माण सम्पन्न | ✓ | ✓ | ✓ | ✓ | | २०,०००,००० | संघिय/ प्रदेश सरकार | |
| | | ७ | गौमुखी - ४, कुर्लाचौरमा रङ्गशाला तथा कबर्डहल निर्माण | नभएको | निर्माण सम्पन्न | | ✓ | ✓ | ✓ | ✓ | २०,०००,००० | संघिय/ प्रदेश सरकार | |
| | | ८ | खेलमैदानको निर्माण | अव्यबस्थित | ७ (हरेक वडामा) | ✓ | ✓ | ✓ | ✓ | | ७,०००,००० | संघिय/ प्रदेश सरकार | |

## ५.७ सामाजिक विकास क्षेत्रको प्रक्षेपित लगानी

यस आवधिक बिकास योजनामा सामाजिक क्षेत्रमा उल्लेख गरिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरु पुरा गर्न करिब १ अर्ब ७२ करोड २२ लाख ४५ हजार रुपैया आवश्यक पर्ने देखिन्छ। सामाजिक क्षेत्र सम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ।

# ६) पुर्वाधार विकास क्षेत्र

# ६ पुर्वाधार विकास क्षेत्र

## ६.१ विषय प्रवेश

गाउँपालिकाको आर्थिक सामाजिक विकासमा पूर्वाधार विकास अपरिहार्य हुन्छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा सिर्जना गरिने स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार जस्तै– स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र ती सडकमा पर्ने पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाइ, वैकल्पिक ऊर्जा, १०० मे.वा. सम्मका लघु तथा साना जलविद्युत्, विद्यालय, स्वास्थ्य चौकी, केन्द्र, अस्पताल तथा सामुदायिक भवन, कार्यालय भवन र आवास तथा बस्ती विकास, हाटबजार जस्ता पूर्वाधारको निर्माणको कार्य जिम्मेवारीसमेत प्रदान गरेको छ । यसले गाउँपालिकाको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हांसिल गर्न सहयोग पुर्याउँछ।

भौतिक पूर्वाधारको सुविधा जस्तैः सडक, ढल, विधुत, सञ्चार, खानेपानी, सडक यातायात आदिको विकास एवं विस्तार बिना आर्थिक एवं सामाजिक लगायत अन्य कुनैपनि क्षेत्रको विकास कठिन मात्र होइन प्राय असम्भव नै हुन्छ। तसर्थ, उपलब्ध सिमित साधन तथा स्रोतहरूको लगानी अन्य क्षेत्रमा जस्तै आधारभूत पूर्वाधार सेवा तथा सुविधाको निर्माण एवं विस्तारमा पनि खर्च गर्दै जाने संस्कृतिको विकास हुनु अत्यावश्यक छ। तुलनात्मक हिसावले अन्य क्षेत्रहरूमा हुने लगानी भन्दा सडक, ढल, विद्युत, खानेपानी आदिमा हुने लगानीको राशि गाउँपालिकाहरूको आय श्रोतले धान्न नसक्ने स्थिति भएको हुँदा यसको लागि केन्द्रीय निकाय वा दातृ निकायहरूसँग लगानीको लागि गुहार्नु स्वाभाविक छ । धैरै गाउँपालिकाहरूमा आर्थिक विकासको गति ढिला हुनुमा धैरै हदसम्म पूर्वाधार सेवा सुविधा जिम्मेवार रहेको छ भन्नुमा अत्युक्ति नहोला। यस गाउँपालिकाको भौतिक पूर्वाधार विकास योजना अन्तरगत प्रस्तावित योजनाहरू तर्कपद्ध पद्दतिमा तल विवेचना गरिएको छ।

## ६.२ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.२.१ पृष्ठभूमि

स्थानीय सरकारको रूपमा रहेको गाउँपालिकालाई शिक्षा, स्वास्थ्य जस्ता आवश्यक सेवा प्रवाहका साथै सामुदायिक कार्यका निमित्तसमेत आधारभूत भवन तथा पूर्वाधार आवश्यक हुन्छ। यसैगरी गाउँपालिका क्षेत्रको आधारभूत पूर्वाधारका अन्य क्षेत्रमा पार्क तथा मनोरञ्जन स्थल, पर्यटन पूर्वाधार, खेलकुद मैदान, सामुदायिक भवनलगायतका अन्य पूर्वाधारहरूसमेत आवश्यक पर्दछन्।

गाउँपालिकाको भौतिक विकास त्यस गाउँपालिकामा विद्यमान तथा भविष्यमा विस्तार हुने पूर्वाधारको सुविधाले निर्धारण गर्ने गर्दछ । गाउँपालिका विकास आवधिक योजनाले परिकल्पना गरेको पूर्वाधार विकासको स्वरूपलाई मूर्तरूप दिन गाउँपालिकाका बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको विस्तार एवम् स्तारोन्नती, मर्मत सम्भार र सुधार गर्दै जानु नितान्त आवश्यक हुन्छ। यसले आर्थिक क्रियाकलापलाई वृद्धि गर्नका साथै कृषि, उद्योग, पर्यटन, व्यापार, व्यवसाय,

जलविद्युत्, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधामा नागरिकको पहुँच बढाउनका साथै सेवा प्रवाह गर्नसमेत सहयोग पुर्याउँदछ।

### ६.२.२ सोच

वैज्ञानिक बस्ती बिकासका मार्फत आर्थिक सामाजिक एकीकरण र आर्थिक समृद्धि।

### ६.२.३ उद्देश्य

गाउँपालिकामा वैज्ञानिक बस्ती बिकास गरि अव्यवस्तथित बजारिकरण नियन्त्रण गर्ने।

### ६.२.४ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | भवन मापदण्ड ऐन र भवन संहिता लागु गर्ने |
| १.२ | सार्वजनिक भवन पुर्वाधार विकास गर्ने |
| १.३ | प्रविधिको प्रोग गरी वस्ती विकासमा सहजिकरण गर्ने |
| १.४ | जग्गा एकिकरण तथा विकास र एकिकृत वस्ती विकास कार्यक्रम ल्याइने |

### ६.२.५ प्रमुख कार्यक्रम तथा आयोजना (बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | भवन निर्माण आचार संहिता लागु गर्ने | निर्माण भएको | अद्यावधिक गरी लागु गर्ने | ✓ | | | | | - | |
| | | २ | जोखिम संवेदनशील भूउपयोग क्षेत्रको नक्शाङ्कन तथा भूउपयोग गुरुयोजना निर्माण | नभएको | १ | ✓ | ✓ | | | | २,000,000 | गै स स |
| | १.२ | ३ | वडा कार्यालय भवनहरुको निर्माण | व्यवस्थित नभएको | नयाँ निर्माण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३५,000,000 | संघिय र प्रदेश सरकार |
| | | ४ | वडा कार्यालय भवनहरुको स्तरउन्नति | व्यवस्थित नभएको खण्डमा | ३ | | | | | ✓ | १00,000 | संघिय र प्रदेश सरकार |
| | | ५ | गाउँपालिकाभित्र कार्यरत कर्मचारी तथा शिक्षकहरुको लागि आवासको निर्माण | नभएको | २ | | ✓ | ✓ | ✓ | ✓ | ६,000,000 | संघिय, प्रदेश सरकार र निजि क्षेत्र |
| | | ६ | सामुदायिक भवनको निर्माण | केहि | ७ | | | ✓ | ✓ | ✓ | ३५,000,000 | गै स स |
| | | ७ | गाउपलिका स्तरिय बहुउदेश्यीय हलको निर्माण | नभएको | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १0,000,000 | गै स स |
| | १.३ | ८ | जियोस्पासियल मेट्रिक प्रणालीमा आधारित घर नम्बर | नभएको | १ | | ✓ | ✓ | ✓ | ✓ | १,000,000 | गै स स |
| | १.४ | ९ | जग्गा एकीकरण तथा वस्ती विकास गुरुयोजना निर्माण | नभएको | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,000,000 | गै स स |

## ६.३ सडक, पुल तथा यातायात पुर्वाधार

### ६.३.१ पृष्ठभूमि

गाउँपालिकाको भौतिक विकास धेरै हदसम्म त्यस गाउँपालिकामा विद्यमान तथा भविष्यमा विस्तार हुने यातायात पूर्वाधारको सुविधाले निर्धारण गर्ने गर्दछ । गाउँपालिका विकास आवधिक योजनाले परिकल्पना गरेको पूर्वाधार विकासको स्वरूपलाई मूर्तरूप दिन गाउँपालिका सडकहरूको निर्माण, विस्तार एवम् स्तारोन्नती, मर्मत सम्भार र सुधार गर्दै जानु नितान्त आवश्यक हुन्छ । यसले आर्थिक क्रियाकलापलाई वृद्धि गर्नका साथै कृषि, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, जलविद्युत्, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधामा नागरिकको पहुँच बढाउनका साथै सेवा प्रवाह गर्नसमेत सहयोग पु¥याउँदछ ।

### ६.३.२ समस्या तथा चुनौती

- सडकहरु धुले अवस्थामा रहेका
- सडकहरुमा ढल तथा नालीको उचित प्रवन्ध नभएको
- सार्वजनिक यातायात भरपर्दो र सर्वसुलभ नभएको
- पुर्वाधार विकासका निमित्त ठुलो धनराशी खर्च गर्नु पर्ने
- सडक पुर्वाधार बिकासका लागि सहज भौगोलिक बनोट नरहेको
- खोला तथा नदीहरु रहेकाले धेरै संख्यामा पुल पुलेसा निर्माण गर्नुपर्ने
- पहिरोका कारण भौतिक पुर्वाधारमा ठुलो क्षति पुग्ने
- सिरुङ खोला पुलको वारीपारीको जमिन जोखिममा रहेको
- युवा जनशक्ति पलायन हुँदा पुर्वाधार बिकासमा ठुलो असर पर्ने
- वस्तिहरु छरीएर रहेकाले सबै वस्तिहरुमा समान रुपमा पुर्वाधार विकास गर्न कठिन हुने

### ६.३.३ संभावना तथा अवसर

- केहि पुल पुलेसाहरु निर्माण भएका
- केही मात्रामा सडकहरु निर्माण भएका
- सार्वजनिक यातायात संचालनमा रहेको
- एक हेलिप्याड संचालनमा रहेको
- सडक संजालसंग जोडिएको हुँदा धेरै अवसरहरु सृजना गर्ने
- ठुला कलकारखाना स्थापना गर्न सकिने

### ६.३.४ सोच

सडक यातायातको विकासमार्फत आर्थिक सामाजिक एकीकरण, र आर्थिक समृद्धि ।

### ६.३.५ उद्देश्य

हरेक टोल वस्तीबाट वढीमा ३० मिनेट को दरीमा सडक सुविधा पुर्याउने। गाउँपालिकाका सडकको स्तरउन्नती गरी आन्तरीक आवागमन सहज बनाउने।

### ६.३.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | गाउँपालिकाको आर्थिक र सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी एवं गतिशील बनाउनका लागि सुदृढ सडक सन्जाल निर्माण गर्ने |
| १.२ | गाउँपालिका भित्र बनेका सडकको नियमित मर्मत संभार गर्दै सुरछित यातायात प्रत्याभुत गर्ने |
| १.३ | गाउँपालिका भित्रका पुल पुलेसालाई मर्मत संभार गरी आवस्यक नयाँ पुल कल्भर्ट निर्माण गर्ने |
| १.४ | गाउँपालिका भित्र चल्ने सबैखाले यातायातका साधनको व्यवस्थापन गर्ने |

## ६.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (सडक, पुल तथा यातायात पुर्वाधार)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| **सडक सञ्जालीकरण** | | | | | | | | | | | | | |
| १ | १.१ | १ | गाउँपालिका कार्यालय र वडा कार्यालय जोड्ने सम्पुर्ण सडकहरु कालोपत्रे गर्ने | कच्ची सडक | ३० कि मि कालोपत्रे | ✓ | ✓ | ✓ | | | १८०,०००,००० | संघिय र प्रदेश सरकार | |
| | | २ | मुख्य बस्ती जोड्ने सडक स्तरोन्नती | अधिकांस सडक धुले | ५० कि मि ग्राभेल | ✓ | ✓ | ✓ | | | २२५,०००,००० | संघिय र प्रदेश सरकार | |
| | | ३ | बस्ती जोड्ने नयाँ ट्राक निर्माण | –– | ४० किमि | | ✓ | ✓ | ✓ | | १६०,०००,००० | - - | |
| | | ४ | बस्ती जोड्ने सडकहरुको स्तरोन्नती | –– | ५० कि मि कालोपत्रे | | | ✓ | ✓ | ✓ | ११०,०००,००० | - - | |
| | | ५ | छिमेकी नगरपालिका र गाउँपालिका जोड्ने सडक स्तरोन्नती | ग्राभेल र कच्ची सडक | २० कि मि कालोपत्रे | | ✓ | ✓ | ✓ | | ८२,०००,००० | संघिय र प्रदेश सरकार | |
| | १.२ | ६ | वायो इन्जिनियरिङ प्रविधीले सडक किनारको संरछण | - - | ५० कि मि | | ✓ | ✓ | ✓ | | २५,०००,००० | संघिय र प्रदेश सरकार | |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| **मोटरेवल तथा झलुङ्गे पुल निर्माण तथा मर्मत** | | | | | | | | | | | | | |
| १ | १.३ | १ | मोटरेवल पुल निर्माण:<br>क) घट्टेखोला<br>ख) छेउलाफले<br>ग) सोखोला<br>घ) लामीबगर<br>ङ) चारेबास<br>च) दोभानखोला<br>छ) खुङ - नारीकोट<br>ज) नाखोला<br>झ) पन्द्रमुरे खोला<br>ञ) धुवारे खोला<br>त) राम खोला | | ११ | | ✓ | ✓ | ✓ | ✓ | ६७८,८५७,१४३ | संघिय र प्रदेश सरकार | |
| | | २ | साबिकका मोटरेवल पुल मर्मत | मर्मत नभएको | | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,५००,००० | संघिय र प्रदेश सरकार | |
| | | ३ | साबिकका कल्भर्ट मर्मत | मर्मत नभएको | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७,५००,००० | | |
| | | ४ | नया कल्भर्ट निर्माण | | १० | ✓ | ✓ | ✓ | ✓ | ✓ | ६,०००,००० | स्थानिय पुर्वाधार विकास विधाग | |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | | |
| | | ५ | नया झोलुङ्गे पुल निर्माणः<br>क) प्राङ्ग खोला<br>ख) दह खोला<br>ग) डाफ्ले - नारीकोट राटामाटा<br>घ) सालीविसौना<br>ङ) कानाखोला<br>च) खोलाखेत | | ६ | | ✓ | ✓ | ✓ | ✓ | १८,०००,००० | स्थानिय पुर्वाधार विकास विधाग | |
| **सार्वजनिक यातायात सम्बन्धी** | | | | | | | | | | | | | |
| १ | १.४ | १ | गाउँपालिका केन्द्रमा बसपार्क निर्माण | नभएको | १ | ✓ | ✓ | ✓ | | | १०,०००,००० | संघिय र प्रदेश सरकार | |
| | | २ | बस स्टप निर्माण (सेढ सहित) | नभएको | १४ | | ✓ | ✓ | ✓ | ✓ | ७,०००,००० | संघिय र प्रदेश सरकार | |
| | | ३ | हरेक वडामा हेलिप्याडको निर्माण | १ | ७ | | | ✓ | ✓ | ✓ | १५,०००,००० | संघिय र प्रदेश सरकार | |

## ६.४ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.४.१ पृष्ठभूमि

गाउँपालिकाको आधुनिकीकरण तथा पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ । यसमा ऊर्जाका सम्भाव्य विभिन्न स्रोतहरू जस्तै– बायोग्यास, सौर्य ऊर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली रहेका छन् । गाउँपालिकामा विद्युत् ऊर्जाको आपूर्तिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवद्र्धनका साथै दैनिक जनजीबनलाई सहज बनाउन सहयोग पुग्दछ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुन गई वातावरणीय योगदान पुर्याउनका साथै आयात प्रतिस्थापन गर्नसमेत मद्दत पुग्ने हुन्छ ।

### ६.४.२ समस्या तथा चुनौती

- हाल गाउँपालिकामा जडान गरिएको बिद्धुत प्रसारण लाइन भरपर्दो नभएको ।
- नविकरण उर्जा र सौर्य उर्जा लोप हुँदै गएको र वायो ग्याँस प्रयोगका लागि यहाँको वातावरण उपयुक्त नरहेको

### ६.४.३ संभावना तथा अवसर

- सम्पुर्ण वडाहरुमा बिद्धुत सेवा पुगेको
- ऊर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुन गई वातावरणीय योगदान पुग्ने

### ६.४.४ सोच

उर्जा क्षेत्रकोको तीव्र विकासमार्फत गाउँपालिकाको दिगो विकास र समृद्धि ।

### ६.४.५ उद्देश्य

ऊर्जा सुरक्षासहितको विकासबाट विद्युतमा आत्मनिर्भरता हासिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुर्याउने ।

### ६.४.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | हरेक वस्तीमा राष्ट्रिय प्रशारण लाइनको व्यवस्था गर्दै बिद्युत सेवा भरपर्दो बनाउने |
| १.२ | निकरनिय एवं वैकल्पिक उर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी पहुँच र उपयोग वृध्दि गर्ने |

### ६.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | विद्युत सेवा नपुगेको ठाउँमा सेवा प्रबाह | सबै ठाउँमा पुग्न नसकेको | १०० प्रतिशत | ✓ | ✓ | | | | - | नेपाल बिधुत प्राधिकरण |
| | | | काठका विधुतीय पोल विस्थापित गरि फलामको पोलको प्रबन्ध | अधिकांश काठका पोल | ५०० | ✓ | ✓ | ✓ | ✓ | ✓ | ४,०००,००० | संघिय/ प्रदेश सरकार |
| | | २ | बिधुत सेवा स्तरोन्नती गर्न high tension लाईन ग्रिडको स्तरोन्नती | सबै ठाउँमा पुग्न नसकेको | १०० प्रतिशत | ✓ | ✓ | | | | - | नेपाल बिधुत प्राधिकरण |
| | १.२ | ३ | घरायसी प्रयोजनका लागि सोलार प्यानल राख्न चाहनेको लागि अनुदान कार्यक्रम | केहि | २० प्रतिशत घरधुरी | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५,०००,००० | संघिय र प्रदेश सरकार |
| | | ४ | बायो ग्यास उत्पादनका लागि अनुदान | केहि | १० प्रतिशत घरधुरी | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५,०००,००० | संघिय र प्रदेश सरकार |
| | | ५ | विद्यालय एवम् अस्पतालहरुमा विद्युत backup inverter को व्यवस्था | व्यवस्था रहेको | ५० | ✓ | ✓ | ✓ | ✓ | ✓ | २,५००,००० | संघिय र प्रदेश सरकार |

## ६.५ सुचना, सञ्चार तथा प्रविधि

### ६.५.१ पृष्ठभूमि

गाउँपालिकाको आधुनिकीकरण तथा पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा सूचना, सञ्चार तथा प्रविधिको महत्वपूर्ण भूमिका रहन्छ । गाउँपालिकामा सूचना, सञ्चार तथा प्रविधिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवद्र्धनका साथै दैनिक जनजीबनलाई सहज बनाउन सहयोग पुग्दछ । एक्काईशौँ शताव्दीमा प्रविधिको प्रयोगले शुस्त र मुस्कील कार्य पनि सहजै सम्पन्न गर्नसक्ने मार्गप्रशस्त गर्दछ ।

### ६.५.२ सोच

सूचना, सञ्चार तथा प्रविधि क्षेत्रको तीव्र विकासमार्फत गाउँपालिकाको दिगो विकास र समृद्धि ।

### ६.५.३ उद्देश्य

नविन सुचना तथा प्रविधिको प्रयोगले आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुर्याउने ।

### ६.५.४ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | सबै सरकारी निकायमा इन्टर्नेट सेवा पुर्याउने |
| १.२ | वाईफाई, फाईवर नेट र स्याटेलाइट ईन्टर्नेटको पहुँच बढाउने |
| १.३ | सुचना प्रविधिको प्रयोगले व्यापार व्यावसायमा सुधार ल्याउने |

### ६.५.५ प्रमुख कार्यक्रम तथा आयोजना (सुचना, सञ्चार तथा प्रविधि)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | मोबाइल नेटवर्क कमजोर भएको ठाउँलाई लक्षित गरि टावरको प्रबन्ध गर्न मोबाइल सेवा प्रदायक कम्पनीसँग सहकार्य | ७५ प्रतिशत कभरेज | १०० प्रतिशत कभरेज | ✓ | ✓ | | | | - | नेपाल टेलिकम/एनसेल |
| | | २ | सार्वजनिक भवनहरुमा इन्टरनेट सेवाको प्रबन्ध | केहि | सबै सार्वजनिक भवनहरु | ✓ | ✓ | | | | १,३६५,००० | |
| | १.२ | ३ | हरेक वडा केन्द्रमा फ्री वाई. फाई. जोनको ब्यबस्था | नभएको | ७ | | ✓ | ✓ | ✓ | | ३५०,००० | गै.स.स |
| | १.३ | ४ | स्थानिय पत्रिका संचालनमा सहयोग | -- | २ | | ✓ | ✓ | ✓ | | २,०००,००० | नेपाल पत्रकार महासंघ |
| | | ६ | स्थानिय एफ.एम. संचालनमा सहयोग | -- | २ | | ✓ | ✓ | ✓ | ✓ | २,०००,००० | नेपाल पत्रकार महासंघ |
| | | ७ | सार्वनजिक कार्यालयको सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्न सम्पुर्ण कर्मचारीलाई सुचना प्रविधि मैत्री तालिम सञ्चालन | केहि | वार्षिक १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ६००,००० | निजि क्षेत्र |

## ६.६ पुर्वाधार विकास क्षेत्रको प्रक्षेपित लगानी

यस आवधिक बिकास योजनामा पूर्वाधार क्षेत्रमा उल्लेख गरिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरु पुरा गर्न करिब १ अर्ब ७४ करोड ९७ लाख ७२ हजार रुपैया आवश्यक पर्ने देखिन्छ। पूर्वाधार क्षेत्र सम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ।

# ७) वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

# ७ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

## ७.१ विषय प्रवेश

वर्तमानमा वन, वातावरण, जलवायु अनुकूलनले दिगो विकासको लक्ष्य प्राप्तिका महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै मौलिक हकको व्यवस्था गरेको छ। सम्पूर्ण क्षेत्रको कम्तीमा पनि ४० प्रतिशत वन भूभागले ओगटेको क्षेत्र हुने नीति रहेको र वनबाटै काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारको आपूर्ति हुने हुनाले यस क्षेत्रबाट कृषि, पशुपालन, पर्यटन सुविधा पुग्ने हुनाले यसको प्रवर्द्धन र भूक्षय रोकथाम गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

## ७.२ वन तथा जैविक विविधता

### ७.२.१ पृष्ठभूमि

दिगो विकासमा वन तथा जैविक विविधता क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ। यस क्षेत्रको रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै– काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक–सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको छ।

### ७.२.२ समस्या तथा चुनौती

- आगलागि नियन्त्रणका लागि दमकलको व्यवस्था नभएको
- खडेरीका कारण कृषि उत्पादन न्युन रहेको
- गाऊँपालिका आफैले पुर्ण रुपमा पहिरो नियन्त्रण गर्न नसक्ने
- व्यवस्थित ढंगमा वन बिकास गर्नका लागि जग्गा जमिन छुट्याउनु पर्ने
- हावाहुरि र असिनापानीमा कारण बाली तथा भौतिक पुर्वाधार विनाश हुने हुँदा उपयुक्त मौसम पुर्वानुमानको व्यवस्था हुनुपर्ने

### ७.२.३ संभावना तथा अवसर

- वातावरण प्रदुषित नरहेको
- प्रसस्त वनहरु भएको
- गाउँपालिकामा प्रसस्त मात्रामा चरन क्षेत्रहरु रहेका
- खुला क्षेत्रमा वृक्षरोपण गरी हरीत गाऊँपालिका निर्माण गर्न सकिने

### ७.२.४ सोच

स्वच्छ एवम् स्वस्थ वातावरणमार्फत दिगो विकास।

### ७.२.५ उद्देश्य

वन तथा जैविक विविधता र प्राकृतिक स्रोत (खानी तथा खनिज पदार्थसमेत) को वैज्ञानिक व्यवस्थापन गर्दै वातावरणमैत्री व्यवस्थापन, संरक्षण तथा उपयोग गर्नु।

### ७.२.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | सामुदायिक वन उपभोक्ताहरुको क्षमता अभिवृध्दि गरी वनको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने |
| १.२ | सामुदायिक वन उपभोक्ताहरुसँग सहकार्य गरेर नर्सरी स्थापना गर्ने |
| १.३ | वन व्यवस्थापन तालिमहरुको व्यवस्था मिलाउने |
| १.४ | लाभ लिन सकिने वनको विकास गर्ने |

## ७.२.७ प्रमुख कार्यक्रम तथा आयोजना (वन तथा जैविक विविधता)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | वृक्षारोपण कार्यक्रम | भइरहेको | बार्षिक ३ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५०,००० | गैासास |
| | १.२ | २ | जडिबुटी बिरुवा उत्पादन तथा वितरण | नभएको | ५००० | | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | वन कार्यालय वा सावउस |
| | | ३ | रुख बिरुवाको बेर्ना उत्पादन तथा वितरण | नभएको | ५००० | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | वन कार्यालय वा सावउस |
| | | ४ | घाँस बिरुवा उत्पादन तथा वितरण | नभएको | ५००० | | ✓ | ✓ | ✓ | | १,५००,००० | वन कार्यालय वा सावउस |
| | १.३ | ५ | बैज्ञानिक वन ब्यवस्थापन तालीम | नभएको | हरेक वर्ष १ कार्यक्रम | | ✓ | ✓ | ✓ | ✓ | १००,००० | वन कार्यालय वा सावउस |
| | १.४ | ६ | फलफुल वनको विकास | नभएको | हरेक वडामा १ | | ✓ | ✓ | | | ७००,००० | वन कार्यालय वा सावउस |
| | | ७ | खाली रहेका बाझोँ जमीनमा निजी वनको विकास तथा वन सम्बन्धी तालिम (वृक्षारोपण अनुदान) | नभएको | बार्षिक २ कार्यक्रम | | | ✓ | ✓ | ✓ | १,०००,००० | वन कार्यालय वा सावउस |

### ७.२.८ अपेक्षित उपलब्धि

- दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
- बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।
- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।

## ७.३ भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

दिगो विकासमा भूसंरक्षण तथा वातावरण व्यवस्थापन क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ । जनसहभागितामूलक भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक–सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको छ ।

### ७.३.२ समस्या तथा चुनौती

- मुहानहरु दुर्गन्धित हुँदै गईरहेको
- सडक खन्दा अनियमित तरिकाले खनिएको
- पहिरो तथा आगोलागीले केही क्षति हुने गरेको
- आगलागि नियन्त्रणका लागि दमकलको व्यवस्था नभएको
- खडेरीका कारण कृषि उत्पादन न्युन रहेको
- सरसफाईको कमिका कारण मुख्य वस्तीमा वातावरण प्रदुशित भएको
- सडक छेउमा अनियन्त्रित बजारको बिस्तार हुने
- गाऊँपालिका आफैले पुर्ण रुपमा पहिरो नियन्त्रण गर्न नसक्ने
- व्यवस्थित ढंगमा वन बिकास गर्नका लागि जग्गा जमिन छुट्याउनु पर्ने

### ७.३.३ संभावना तथा अवसर

- खुला क्षेत्रहरु प्रसस्त रहेको
- वातावरण प्रदुषित नरहेको
- प्रसस्त वनहरु भएको
- गाउँपालिकामा प्रसस्त मात्रामा चरन क्षेत्रहरु रहेका
- बजारिकरण नभइसकेको क्षेत्रमा योजनाबद्ध ढंगबाट बस्ति बिकास गर्न सकिने
- खुला क्षेत्रमा वृक्षरोपण गरी हरीत गाऊँपालिका निर्माण गर्न सकिने

### ७.३.४ सोच

स्वच्छ एवम् स्वस्थ वातावरणमार्फत दिगो विकास।

### ७.३.५ उद्देश्य

भूसंरक्षण, जलाधार, वातावरण तथा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्दै वातावरणमैत्री व्यवस्थापन, संरक्षण तथा उपयोग गर्नु।

### ७.३.६ रणनीति

| क्र सं | रणनीति, कार्यनीति |
|---|---|
| १.१ | वातावरण व्यवस्थापन सम्बन्धि नीति निर्माण गर्ने |
| १.२ | प्राङ्गगारिक मल उत्पादन प्रोत्शाहन गर्ने |
| १.३ | सरसफाईमा ध्यान दिने |
| १.४ | प्राकृतिक खनिज खानीको सम्भाव्यता अध्ययन गर्ने |
| १.५ | नदी किनारको संरछण गर्ने |

### ७.३.७ प्रमुख कार्यक्रम तथा आयोजना (भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | प्राकृतिक श्रोत साधनको प्रयोग तथा उत्खनन नीति निर्माण | नभएको | निर्माण गर्ने | ✓ | | | | | १००,००० | प्रदेश सरकार |
| | | २ | ढुङ्ग गिटि वालुवा उत्खखन तथा विक्रि वितरण नियमन | अपर्याप्त | नियमन समिति गठन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | –– |
| | १.२ | ३ | प्राङ्गगारिक मल उत्पादन तालिम | नभएको | बार्षिक १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | गै।सास |
| | १.३ | ४ | डस्टबिनको व्यवस्था | केही | सबै मुख्य बजार, चोक, सार्वजनिक स्थलहरुमा | ✓ | ✓ | | | | २५०,००० | निजि क्षेत्र |
| | | ५ | गाउँपालिका केन्द्र तथा अन्य बजार केन्द्रमा फोहोरको ब्यबस्थापनका लगि डम्पिङ्ग साइटको ब्यबस्था | नभएको | ब्यबस्थित डम्पिङ्ग साइट निर्माण गर्ने | | ✓ | ✓ | ✓ | ✓ | १०,०००,००० | संघिय र प्रदेश सरकार |
| | १.४ | ६ | तामा खानीको सम्भाव्यता अध्ययन | नभएको | शुरु गर्ने | | ✓ | ✓ | | | १,०००,००० | निजि क्षेत्र |
| | | ७ | ढुंगा खानीको बिकास | –– | शुरु गर्ने | | ✓ | ✓ | | | ७५०,००० | निजि क्षेत्र |
| | १.५ | ८ | नदीमा तारजाली तथा बायो इन्जिनियङ्ग प्रयोग गरी पहिरो नियन्त्रण | केही | सबै नदीहरु | ✓ | ✓ | ✓ | | | १५,०००,००० | संघियर प्रदेश सरकार |
| | | ९ | खोला नाला, नदी, ताल तलाउमा सरसफाई कार्यक्रम | अब्यबस्थित | ब्यबस्थित गर्ने | | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | संघिय र प्रदेश सरकार |
| | | १० | नाली तथा ढलको व्यवस्थापन | अब्यबस्थित | सबै मुख्य बस्तिहरु | | ✓ | ✓ | | | १०,०००,००० | संघिय र प्रदेश सरकार |

### ७.३.८ अपेक्षित उपलब्धि

- दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
- बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।
- हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।

## ७.४ विपद जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधानले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी तीनवटै तहका सरकारका लागि विपद व्यवस्थापनको कार्य जिम्मेवारी तोकेको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि विपद् व्यवस्थापनसम्बन्धी स्थानीयस्तरमा योजना एवं कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई तोकेको छ ।

विपद् व्यवस्थापनलाई योजनाबद्ध रूपमा आ–आफ्नो क्षेत्रमा आवश्यकताअनुसार परिचालन गर्न पूर्वतयारी आवश्यक हुन्छ । यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमानसमेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ । विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि नियमित स्रोत व्यवस्थापन गर्न एक विपद् व्यवस्थापन कोषको स्थापना गर्न सकिन्छ । उक्त कोषमा नियमित एवं अन्य स्रोतबाट समेत रकम जम्मा गर्ने र स्वीकृत कार्यविधिका आधारमा सो कोषको परिचालनमार्फत विपद् व्यवस्थापन कार्य सञ्चालन तथा व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । साथै विपद्पश्चात् बसोबास गराउन सकिने स्थानको पहिचानसमेत गराई राख्नुपर्ने हुन्छ । यस्तो विपद्को बेला विभिन्न संस्थाहरूबीच समन्वयका लागि सबै तहमा उचित संस्थागत व्यवस्थासमेत गरिनुपर्ने जरुरी हुन आउँछ । स्थानीय सरकारहरूले अन्तरस्थानीय तहबीच समेत समन्वय गरी आ–आफ्नो क्षेत्रमा कार्यक्रम र बजेटको व्यवस्था कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

### ७.४.२ समस्या तथा चुनौती

- सडक निर्माण गर्दा अव्यवस्थित तरिकाले हुने हुँदा पहिरोको जोखिम झनै बढेको
- वडामा विपद् व्यचस्थापन समिति गठन नभएको
- वडा कार्यालयहरुमा उद्दार सामाग्रीहरु नभएको
- पहिरो तथा आगोलागीले केही धनको क्षति हुने गरेको
- आगलागि नियन्त्रणका लागि दमकलको व्यवस्था नभएको
- खडेरीका कारण कृषि उत्पादन न्युन रहेको

- न्युन स्तरका सडकका कारण उद्धार तथा राहत बितरणमा कठिनाइ उत्पन्न हुने
- उद्दार तथा राहत बितरणका लागि आवश्यक जनशक्तिको अभाव
- दमकलको व्यवस्थाका लागि ठुलो धनराशी खर्च हुने
- गाऊँपालिका आफैले पुर्ण रुपमा पहिरो नियन्त्रण गर्न नसक्ने
- व्यवस्थित ढंगमा वन बिकास गर्नका लागि जग्गा जमिन छुट्याउनु पर्ने
- हावाहुरि र असिनापानीमा कारण बाली तथा भौतिक पुर्वाधार विनाश हुने हुँदा उपयुक्त मौसम पुर्वानुमानको व्यवस्था हुनुपर्ने

### ७.४.३ संभावना तथा अवसर

- खुला क्षेत्रहरु प्रसस्त रहेको
- वातावरण प्रदुषित नरहेको
- राहत तथा उद्दारका लागि सडक संजाल पुगिसकेको
- नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा नेपाली सेनाको उपस्थितीले विपद व्यवस्थापन सहज हुन गएको
- बिभिन्न गैर सरकारी संस्थाहरुले बिपत् ब्यबस्थापनमा सहयोग गरिरहेको
- खुला क्षेत्रमा वृक्षरोपण गरी हरीत गाऊँपालिका निर्माण गर्न सकिने
- संचारको सहज उपलव्धताको कारण राहत तथा उद्दारको कार्य सहज हुने

### ७.४.४ सोच

सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील स्थानिय सरकारको रूपमा गाउँपालिकालाई विकास गर्ने।

### ७.४.५ उद्देश्य

गाउँपालिका भित्र प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण गर्नु र विपद् व्यवस्थापन गर्नु।

### ७.४.६ रणनीति

| क्र सं | रणनीति, कार्यनीति |
|---|---|
| १.१ | विपद उत्थानमैत्री शासन पध्दतिको लागि आवश्यक नीति निर्माण गर्ने |
| १.२ | दैबी प्रकोप उद्दार तालिम दिने |
| १.३ | विपद व्यवस्थापनका लागि इन्जिनियरिङ अध्ययन गर्ने |
| १.४ | विपद व्यवस्थापनका लागि सार्वजनिक भवनमा पुर्व तयारी गर्ने |

### ७.४.७ प्रमुख कार्यक्रम तथा आयोजना (विपद जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | प्राकृतिक प्रकोप न्यूनीकरण, उद्धार तथा राहत वितरण समितिको ब्यबस्था | नभएको | पालिका र वडा स्तरिय | ✓ | | | | | - | संघिय/ प्रदेश सरकार/गै.स.स |
| | | २ | प्राकृतिक प्रकोप न्यूनीकरण, तथा उद्दार कोषमा रकम जम्मा | नभएको | रु १ करोडको कोष | ✓ | ✓ | ✓ | ✓ | ✓ | १०,०००,००० | संघिय/ प्रदेश सरकार |
| | १.२ | ३ | युवाहरुलाई दैबी प्रकोप उद्दार तालिम | नभएको | बार्षिक २ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | नेपाल प्रहरी/ सशस्त्र प्रहरी/नेपाली सेना |
| | | ४ | गाउँपालिका भित्र काम गर्ने निर्माण ब्यबसायीलाइ प्रकोप न्यूनीकरण तालिम | नभएको | बार्षिक २ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,५००,००० | सशस्त्र प्रहरी/नेपाली सेना |
| | | ५ | प्रकोप जनचेतना कार्यक्रम | नभएको | बार्षिक ७ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,७५०,००० | गै.स.स |
| | | ६ | पहिरो नियन्त्रणका लागि जनसक्ति तालिम | केहि | नियमित वर्षमा १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १५०,००० | संघिय/ प्रदेश सरकार |
| | १.३ | ७ | पहिरो नियन्त्रणका लागि विभिन्न इन्जिनियरिङ अध्ययन | केहि | व्यवस्थित ढङ्गले | ✓ | ✓ | ✓ | | | ३,०००,००० | प्रदेश सरकार |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | १.४ | ८ | प्राकृतिक प्रकोप न्यूनीकरण र राहत सामग्रीको प्रबन्ध (हरेक वडामा) | नभएको | ७ | ✓ | ✓ | | | | ७,०००,००० | संघिय/ प्रदेश सरकार/गै.स.स |
| | | ९ | सार्बजनिक भवनहरुमा चट्याङ क्षति नियन्त्रणको उपकरण | नभएको | सबै सार्वजनिक भवनहरु | | ✓ | ✓ | ✓ | | १,८००,००० | संघिय/ प्रदेश सरकार/गै.स.स |
| | | १० | सार्बजनिक भवनहरुमा आगलागी नियन्त्रणको उपकरण | केहि | सबै सार्वजनिक भवनहरु | | ✓ | ✓ | ✓ | | ३०,०००,००० | संघिय/ प्रदेश सरकार/गै.स.स |
| | | ११ | हरेक वडामा धर्मशालाको ब्यबस्था | नभएको | ७ | | | ✓ | ✓ | ✓ | ३५,०००,००० | संघिय/ प्रदेश सरकार/गै.स.स |

## ७.५ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा प्रक्षेपित लगानी

वातावरण क्षेत्रअन्तर्गत वन तथा भसूंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन सम्बद्ध कार्यहरू समावेश गरिएका छन्। यस आवधिक बिकास योजनामा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्रमा उल्लेख गरिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरु पुरा गर्न करिब १३ करोड ६३ लाख ५० हजार रुपैया आवश्यक पर्ने देखिन्छ। वातावरण सरक्षण तथा विपद् व्यवस्थापन सम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ।

# ८) संस्थागत विकास तथा सुशासन क्षेत्र

# ८ संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) बमोजिम मुलुक संघीय संरचनामा प्रवेश गरी राज्यको पुनःसंरचनापश्चात् जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारको रूपमा गाउँपालिकालाई समग्र विकासको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गरेको छ। गाउँपालिकाले विकास आयोजनाको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुका साथै नागरिक मैत्री सेवा प्रवाह, सेवा प्रवाहमा प्रविधिको उपयोग, चुस्त संगठन संरचनाको विकास, प्रभावकारी संस्थागत संयन्त्रको स्थापना र विकास, पधाधिकारी एवं कर्मचारीको क्षमता विकासमार्फत अधिकारमा आधारित सेवा प्रवाहको प्रत्याभूति गर्नु वर्तमान स्थानीय सरकारको अवसर हो भने नवस्थापित संरचनका लागि यो कार्यभार पूरा गर्न कम चुनौतीपूर्ण छैन। यी कार्यहरू पूरा गर्न नातिजामूलक कार्य योजनाको तर्जुमाका साथै त्यसको प्रभावकारी कार्यान्वयनका माध्यमबाट मात्र पूरा गर्न सकिन्छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्थासमेत गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनले संघीय सरकारको स्वीकृतिमा विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको गाउँपालिकाको विकासका लागि स्रोत जुटाउन सक्ने व्यवस्था गर्नुका साथै गाउँपालिका क्षेत्रभित्र कार्यरत सबै संघीय, प्रादेशिक र स्थानीय तहमा कार्यरत सबै सरकारी कार्यालय, गैरसरकारी, सहकारी संस्था एवं निजी क्षेत्रसँग सहकार्य र अन्तरसम्बन्ध स्थापित गरी समन्वयात्मक रूपमा कार्य सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारीसमेत दिएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्थासमेत गरेको छ।

संघीय सरकारले चालु योजनाले कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिकप्रति उत्तरदायी बनाउनुपर्ने अपेक्षा गरेको छ।

यस विषय क्षेत्रअन्तर्गत मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सुशासन कायममा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु

फछ्र्योट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश भएको हुनेछ।

### ८.१.२ समस्या तथा चुनौती

- वडा कार्यालयहरुको भवन अस्थाई र अव्यवस्थित भएको
- ठुला कार्यक्रम संचालनका लागि बहुउदेश्यीय हल नभएको
- योजनाको लागि दिर्घकालिन राजस्व स्रोत भुमिकर मात्र रहेको
- गाउँपालिकाको आन्तरिक आम्दानी न्युन रहेको
- गाउँपालिकालाई प्राप्त हुने पुजिगत बजेट आबश्यकता भन्दा धैरै थोरै रहेको
- कर्मचारीको आभाव रहेको
- कुनै पनि निजी र गैरसरकारी संस्थाको योजनाको साझेदारी नभएको
- जनप्रतिनिधिले बजेटको अभावका कारण योजनाको निम्ति प्रदेश र केन्द्रकै मुख हेरेर बस्नु पर्ने अवस्था रहेको
- कर्मचारी तथा जनप्रतिनिधिलाई आवश्यक तालिमको आभाव रहेको
- योजना छनौट गर्ने निश्चित आधारहरु नहुनु
- कर्मचारी समायोजनबाट यस गाउँपालिकामा आवश्यकता भन्दा कम संख्यामा खटाइएको
- ३ तहका सरकार बिचको आधिकार र कर्तव्यको बारेमा अन्यौल कायम रहेको
- बडा कार्यालय र गाऊँपालिका कार्यालयहरु ब्यबस्थित नभएको
- बिषयगत समितिहरुको गठन र परिचालन

### ८.१.३ संभावना तथा अवसर

- गाउँपालिकाको आफ्नै भवन भएको
- वडा कार्यालयहरुको लागि अस्थाई भवनको ब्यबस्था भएको
- गाउँपालिकालाई आत्मनिर्णयको आधिकार प्राप्त भएको
- गाउँपालिकाको बजेट बिनियोजन सर्वसम्मत भएको
- आयोजनाहरुको अनुगमान गर्ने प्रचलन रहेको
- कम्पुटर सेवाको उपलब्धता भएको
- आधारभूत कृषि सेवाको उपलव्धता भएको
- आधारभुत ऐन, नियम र कानुन बनिसकेको
- गाऊँपालिका र वडा कार्यालयहरुको स्थान निस्चित भइसकेको
- गाऊँपालिका र वडा कार्यालयले दिने सेवाको बारेमा जनचेतना बिकशित भएको।

### ८.१.४ सोच

नागरिकको स्वतन्त्रता, दुरुस्त सुरक्षा प्रवन्ध, सामाजिक न्याय र मानव अधिकारको सुरक्षालाइ सुनिश्चित गरि शान्त तथा सुरक्षित समाज निर्माण।

### ८.१.५ उद्देश्य

विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवद्र्धन गर्दै सार्वजनिक सेवामा पहुँच र गुणस्तर वृद्धि गर्नु।

### ८.१.६ रणनीति

| क्र सं | रणनीति |
|---|---|
| १.१ | संस्थागत छमता विकास गर्दै लैजाने असल कर्मचारी क्रियाकलाप प्रोत्शाहन गर्ने |
| १.२ | कर्मचारी व्यवस्थापन प्रभावकारी बनाउने |
| १.३ | पदाधिकारी एवं कर्मचारी आचारसंहिता लागू गर्ने |
| १.४ | सहज सेवा प्रबाहमा ध्यान दिने |
| १.५ | अपराध नियन्त्रण गर्ने |
| १.६ | राजश्व एवं कर संकलनमा सहजता बढाउने |

## ८.१.७ प्रमुख कार्यक्रम तथा आयोजना (संस्थागत विकास तथा सुशासन)

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| १ | १.१ | १ | स्थानीय बिकासमा जनसहभागिता | - - | २० प्रतिशत | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७,५००,००० | समुदाय |
| | | २ | सरकारी कर्मचारी तथा जनप्रतिनिधिको वृद्धिबिकासका लागि तालिम, गोष्ठी एवं सेमिनारको ब्यबस्था | केही | बार्षिक ५ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,२५०,००० | संघिय र प्रदेश सरकार |
| | | ३ | सरकारी कर्मचारी तथा शिक्षकका लागि अवलोकन भ्रमण | अनियमित | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,०००,००० | |
| | | ४ | पुरस्कार तथा अनुदान कार्यविधि निर्माण तथा कार्यान्वयन (दण्ड तथा पुरस्कारको नीति) | नभएको | ५ कर्मचारी पुरस्कृत | ✓ | ✓ | ✓ | ✓ | ✓ | १००,००० | - - |
| | | ५ | कर्मचारी हकहितका लागि अक्षयकोषको व्यवस्था | नभएको | कोष स्थापना | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३,०००,००० | - - |
| | | ६ | कर्मचारी स्वास्थ्य तथा जीवन वीमा सहायता | अव्यवस्थित | १००% | | | ✓ | ✓ | ✓ | ७५०,००० | - - |
| | | ७ | तालीम केन्द्रको निर्माण तथा सञ्चालन | नभएको | १ भवन २ कर्मचारी | | ✓ | ✓ | | | २५,०००,००० | प्रादेशिक / संघीय सरकार |
| | | ८ | कार्यालय व्यवस्थापन तथा लेखा प्रशासन सम्बन्धी तालीम | नभएको | २ | | ✓ | ✓ | | | ५००,००० | कोलेनिका |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | ९ | चालू परियोजनाहरु समयमै सम्पन्न गर्न संबन्धीत निकाय तथा केन्द्र ÷ प्रदेश सरकारलाई ताकेता | नभएको | १० पत्राचार | ✓ | | | | | - | प्रदेश एवं संघीय सरकार |
| | | १० | उद्यमशीलता विकास कोष स्थापना र सञ्चालनमा सहकार्य | नभएको | ५ करोडको कोष स्थापना | | ✓ | ✓ | ✓ | ✓ | ५०,०००,००० | प्रदेश एवं संघीय सरकार |
| | | ११ | लागानीकर्ता प्रोत्साहन गर्न गाँउपालिकाको नीति निर्माण | नभएको | नीति बनाउने | ✓ | ✓ | | | | ५००,००० | उ.वा.सं |
| | १.२ | १२ | आन्तरिक तथा बाह्य क्षेत्रबाट कर्मचारीको मुल्याङ्कन गर्न मुल्याङ्कन फारम तथा पेटिकाको व्यवस्था | नभएको | मुल्याङ्कन फारम तथा पेटिकाको व्यवस्था | | ✓ | ✓ | | | २५०,००० | - - |
| | १.३ | १३ | संस्थागत विकास तथा ब्यबस्थापन योजना निर्माण | नभएको | १ | ✓ | | | | | ५००,००० | संघिय र प्रदेश सरकार |
| | १.४ | १४ | गुनासो सुनुवाई कक्षको व्यवस्था ÷ उजुरी पेटिकाको व्यवस्था | – – | १ कक्ष | ✓ | | | | | १००,००० | - - |
| | १.५ | १५ | सबै वडामा सामुदायिक मेलमिलाप केन्द्रको स्थापना | अव्यबस्थित | सकृय बनाउने | ✓ | ✓ | ✓ | | | १४०,००० | प्रदेश सरकार, समुदाय |

| उद्देश्य नं | रणनीति नं | क्र स | कार्यक्रम तथा आयोजना | हालको अवस्था | लक्ष्य | समय सिमा | | | | | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व ०८२ ८३ | आ व ०८३ ८४ | आ व ०८४ ८५ | आ व ०८५ ८६ | आ व ०८६ ८७ | | |
| | | १६ | जनचेतना अभिबृद्धि कार्यक्रम | केहि | बार्षिक २ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,००० | नेपाल प्रहरी/गै.स.स |
| | | १७ | मेलमिलापकर्ता तथा जनप्रतिनिधिलाई न्यायिक तालिम | केहि | बार्षिक २ तालिम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५०,००० | नेपाल वार एसोसिएसन |
| | | १८ | अर्धवार्षिक सामुदायिक अनुगमन कार्यक्रम | बार्षिक रुपमा | अर्धवार्षिक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,००० | |
| | | १९ | गाउँ (नगर) प्रहरीको ब्यबस्था | नभएको | २५ जनशक्ति | | | ✓ | ✓ | ✓ | १०,०००,००० | संघिय/ प्रदेश सरकार |
| | | २० | प्रहरी चौकी स्थापना | केहि | ७ | | ✓ | ✓ | ✓ | | १०,५००,००० | संघिय/ प्रदेश सरकार |
| | १.६ | २१ | राजस्व दायरा फाराकिलो बनाउन अध्ययन | नभएको | १ | ✓ | ✓ | | | | ५००,००० | - - |
| | | २२ | एक द्वार कर प्रणालीबारे अध्ययन तथा कार्यान्वयन | नभएको | अध्ययन गर्ने | ✓ | ✓ | | | | ३००,००० | - - |
| | | २३ | राजस्व सचेतना कार्यक्रम संचालन | केहि भएको | बार्षिक १ कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ७५,००० | आ. रा. का. |
| | | २४ | घुम्ति कर संकलन | - - | ७ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३५०,००० | आ. रा. का. |

## ८.२ संस्थागत विकास तथा सुशासन क्षेत्रमा प्रक्षेपित लगानी

यस आवधिक बिकास योजनामा संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधार, गाउँपालिका र वडा कार्यालयहरुका भवन निर्माणका क्षेत्रमा उल्लेख गरिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरु पुरा गर्न करिब ११ करोड ६५ लाख ६५ हजार रुपैया आवश्यक पर्ने देखिन्छ। यसमा मानव संसाधन विकास, संस्थागत विकास, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, कानुन निर्माण, शान्ति सुरक्षा र न्याय व्यवस्थाजस्ता कार्यहरू समेत पर्दछन्। संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधार गाउँपालिका र वडा कार्यालयहरुका भवन निर्माणका क्षेत्रमासम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ।

# ९) कार्यान्वयन व्यवस्था

# ९ कार्यान्वयन व्यवस्था


## ९.१ कार्यान्वयन कार्ययोजना

गाउँ सभाबाट आवधिक विकास योजना स्वीकृत भए पछि यसका आधारमा गाउँपालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शनसहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउनुपर्दछ । उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।


## ९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक बिकास योजनामा उल्लेख गरिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरु पुरा गर्न करिब ४ अर्ब १२ करोड ५२ लाख ७२ हजार रुपैया आवश्यक पर्ने देखिन्छ । यस योजना पुरा गर्नका निमित्त आवश्यक बिषयगत पुँजी रकम तल तालिकामा उल्लेख गरीएको छ ।

| क्र. स. | बिषयगत क्षेत्र | आवधिक योजना अनुसार आवश्यक क्षेत्रगत लगानी (रु. हजारमा) | गाउँपालिकाको तर्फबाट हुने लगानी (रु. हजारमा) | अन्य स्रोतबाट जुटाउनु पर्ने लगानी (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | आर्थिक | ४००,३४० | ७८,४४०.१६ | (३२१,९००) |
| २ | सामाजिक | १,७२२,२४५ | १९६,१००.३९ | (१,५२६,१४५) |
| ३ | पूर्वाधार | १,७४९,७७२ | ३३७,२९२.६७ | (१,४१२,४७९) |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १३६,३५० | ९४,१२८.१९ | (४२,२२२) |
| ५ | संस्थागत बिकास तथा सुशासन | ११६,५६५ | ७८,४४०.१६ | (३८,१२५) |
| | जम्मा | ४,१२५,२७२ | ७८४,४०२ | ३,३४०,८७१ |




यस आवधिक योजनाको लक्ष्य पुरा गर्न गाउँपालिकाको तर्फबाट ७८ करोड ४४ लाख २ हजार रुपैँया प्रापत हुनेछ भने बाँकी ३ अर्व ३४ करोड ८ लाख ७१ हजार रुपैँया लगानी अन्य श्रोतबाट लिनुपर्ने हुनेछ।



## ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

यस गाउँपालिकाको आवधिक बिकास योजना अन्तर्गत गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि समग्र रूपमा प्रभावकारी वित्तीय व्यवस्थापन गर्नु पर्ने हुन्छ । आवधिक योजनाद्वारा परिलक्षित आर्थिक वृद्धि र सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नका लागि स्रोत साधनको महत्तम परिचालन र सोको नतिजाउन्मुख उपयोगको आवश्यकता पर्दछ ।

गाउँपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रणालीको अधिकतम उपयोग गर्दै आन्तरिक स्रोत परिचालनलाई समेत जोड दिनुपर्ने हुन्छ । गाउँपालिकाको न्यून आर्थिक क्रियाकलापहरूको विद्यमान स्थितिमा सुधार ल्याउन सम्भाव्य आर्थिक अवसरहरूलाई उपयोग गरी आन्तरिक स्रोतलाई बढाउन स्वच्छ, तटस्थ एवम् पारदर्शी स्थानीय कर प्रणालीको विकास र स्वैच्छिक कर सहभागिताबाट गाउँपालिकाको आन्तरिक कर राजस्वको अनुपात बढाउँदै लैजान आवश्यक हुन्छ ।

गाउँपालिकाको आन्तरिक राजस्व तर्फ हाल कायम भएका आयस्रोतहरु र आगामी बर्षहरुमा परिचालन गर्नि सकिन सम्भाव्य थप आयस्रोतहरु समेतलाई विचार गरी प्रक्षेपण गरिनेछ । यस प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएबमोजिम गाउँपालिकाको वित्तीय अधिकार क्षेत्रमा उल्लेख भएबमोजिम लगाउन सक्ने करहरुलाई आधार मानी प्रक्षेपण गरिएको छ । आन्तरीक राजस्व वृद्धिका लागी गाउँपालिकाले लगाउने करलाई विज्ञ सहितको अध्ययन गरी एकिकृत तथा प्रभावकारी बनाउने अपेक्षा गरीएको छ साथै करको दायरा फराकिलो बनाउँदै लगिने छ । यस आवधिक बिकास योजना अन्त्गत विविध कार्यक्रमको कार्यन्वयन हुँदै गर्दा रोजगारीका अवसरहरु सृजना हुने र आर्थिक गतिविधिका कारण राजस्व समेत उल्लेख रुपमा वृद्धि हुने अपेक्षा गरीएको छ ।

| स्रोत | आव २०८० । ०८१ | आव २०८१ । ०८२ | आव २०८२ । ०८३ |
|---|---|---|---|
| समानिकरण अनुदान (संघ) | ९४,००० | ९३७,००० | ९४१,००० |
| समानिकरण अनुदान (प्रदेश) | ६,४३८ | ६,११५ | ६,५१५ |
| राजस्व बाँडफाँड र अन्य राजस्व (संघ, प्रदेश, स्थानिय) | १११,७७५ | १०७,८०० | १०९,००० |
| ससर्त अनुदान (संघ, प्रदेश) | २१०,८३८ | २३०,७७० | २४०,८०० |
| समपुरक अनुदान र विषेश अनुदान (संघ, प्रदेश) | २६,५०० | ७७,२०० | ८०,००० |
| सामाजिक सुरक्षा | ११०,६६६ | १०८,३१५ | ११२,००० |

**(रु हजारमा)**

| क्रम सं | आ.व. | आय | चालु खर्च | पुँजीगत खर्च |
|---|---|---|---|---|
| १ | आधार वर्ष ०८२/८३ | ६४२,४१५,००० | ५१३,९३२,००० | १२८,४८३,००० |
| २ | ०८३ / ०८४ | ७०६,६५६,५०० | ५६५,३२५,२०० | १४१,३३१,३०० |
| ३ | ०८४ / ०८५ | ७७७,३२२,१५० | ६२१,८५७,७२० | १५५,४६४,४३० |
| ४ | ०८५ / ०८६ | ८५५,०५४,३६५ | ६८४,०४३,४९२ | १७१,०१०,८७३ |
| ५ | ०८६ / ०८७ | ९४०,५५९,८०२ | ७५२,४४७,८४१ | १८८,१११,९६० |
| | जम्मा | ३,९२२,००७,८१६.५० | ३,१३७,६०६,२५३.२० | ७८४,४०१,५६३.३० |

## ९.४ स्रोत परिचालन रणनीति

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गरिनेछ । उक्त मार्गदर्शनसाथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाइनेछ ।

## ९.५ आवधिक योजना कार्यान्वयन

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकताअनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार, अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई गाउँपालिकामा पठाउनुपर्ने छ र गाउँपालिकाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने छ । गाउँपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचकसमेत उल्लेख गर्नुपर्छ । स्थानीय तहले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचकबमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनुपर्दछ ।

गाउँपालिकले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजनासमेत बनाउनुपर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूचीबमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि गाउँपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ । यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउनुपर्दछ ।

## ९.६ अनुगमन तथा मुल्याङ्कन योजना

वार्षिक कार्यक्रम र बजेट गाउँसभाबाट पारित भएपछि गाउँपालिका प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ क फाराम भर्न लगाई चौमासिक विभाजनसहितको कार्यक्रम माग गर्नुपर्ने छ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शनसहित

प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ।

उक्त फाराममा उल्लेखित क्रियाकलापहरूको आधारमा अनुगमन योजना बनाई उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ । उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ । यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशनबमोजिम कार्यान्वयन गर्नुपर्ने छ।

### ९.६.१ अनुगमन तथा मुल्याङ्कनको आवश्यकता

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ्र स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वनमा सशक्त स्वःअनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन आउँदछ। कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिकाअनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ्र। त्यसैले, गाउँपालिकाले आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ। वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिकासमेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेटसहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनुपर्दछ।

### ९.६.२ वर्तमान अवश्था

गाउँपालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता दिने गरेको पाइँदैन। अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ। विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । निर्वाचित जनप्रतिनिधिहरूको बहालीपछि प्रतिनिधिसहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ। यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन। अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन। अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजनसमेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन।

### ९.६.३ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ। जिल्ला समन्वय

समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आप्mनो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ।

भरखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ। योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ। अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन्, अनुगमनका लागि भिन्दै बजेटको विनियोजनसमेत हुन सकेको देखिँदैन। यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारीअनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआप्mनो कार्यक्रमअनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ। कार्यप्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ।

### ९.६.४ उद्देश्य

आवधिक योजना र यसबमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत गर्नु।

### ९.६.५ रणनीति

- स्थानीय सरकार सञ्चालन ऐनबमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ।
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिने।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिने।
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिने।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइने।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिने।

- अनुगमनको प्रतिवेदन गाउँपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिने ।

### ९.६.६ **कार्यक्रम**

- संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास,
- अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन,
- अनुगमन कार्यान्वयन कार्यक्रम
- समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

# अनुसूची - १

**आवधिक योजना तर्जुमा मूल–समिति**

| क्र.सं | पद | नाम थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | गाउँपालिका प्रमुख | श्री विष्णु कुमार गिरी | संयोजक |
| २ | गाउँपालिका उप– प्रमुख | श्री महाविर राना | उपसंयोजक |
| ३ | वडा अध्यक्ष | | सदस्य |
| ४ | ,, | | ,, |
| ५ | ,, | | ,, |
| ६ | ,, | | ,, |
| ७ | ,, | | ,, |
| ८ | कार्यपालिका सदस्य | | ,, |
| ९ | ,, | | ,, |
| १० | ,, | | ,, |
| ११ | ,, | | ,, |
| १२ | ,, | | ,, |
| १३ | ,, | | ,, |
| १४ | | | |
| १५ | प्रमुख प्रशासकिय अधिकृत | श्री तुल्सीराम पौडेल | सदस्य सचिव |

# अनुसूची - २

**आवधिक योजना तर्जुमा प्राविधिक समिति**

| क्र.सं | पद | नाम थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | श्री तुल्सीराम पौडेल | संयोजक |
| २ | लेखा अधिकृत | | सदस्य |
| ३ | सुचना प्रविधि अधिकृत | | सदस्य |
| ४ | सूचना अधिकृत | | सदस्य |
| ५ | ईन्जिनियर | | सदस्य सचिव |

# अनुसूची - ३


## विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम


विषयगत शाखा, उपशाखा, निकाय, संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी गाउँपालिकामा पेश गर्नुपर्ने छ। अख्तियारीका साथ सम्बन्धित विषयगत शाखा, उपशाखा, निकाय, संस्था र वडा कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले यसै फारामलाई प्रमाणित गरी पठाउनुपर्ने छ।

| विषयगत शाखा, उपशाखा, निकाय, संस्थाको नाम, वडा नः | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रसं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलापहरु | इकाई | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आवियो कार्यक्रम संकेत नं | कैफियत |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| | जम्मा कार्यक्रम खर्च | | | | | | | | | |
| | जम्मा चालु खर्च | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | |


दृष्टव्यः यस वार्षिक कार्यक्रमको चौमासिक विभाजन ढाँचा राष्ट्रिय योजना आयोगले निर्द्रिष्ट गरेको ढाँचामा तयार गरी स्वीकृत गराउनु पर्ने छ।

# अनुसूची ४ - नक्साहरु


LOCATION MAP
398000
402000
406000
410000
3132000
3128000
3124000
3120000
N
S
E
W
Nisikhola
Naubahini
Gaumukhi
Badigad
Malika
Madane
Jhimruk
Dhurkot
Ward No. 1
Ward No. 2
Ward No. 3
Ward No. 4
Ward No. 5
Ward No. 6
Ward No. 7
Mul Kharka
Khola Kharka
Lekhachhar
Lujbang
Thulo Chaur
Bas
Sokhu
Mathillo Sungure
Sagbari
Majuwa
Saunra
Besiban
Sungure
Banyachaur
Lamdanda
Paiyapata
Dhungmang
Harji
Rangkarok
Rankarok Kholakot
Juite Kharka
Jute Kharka
Dhwankatir
Daha
Alubari
Menrabang
Kabrabang
Chanchala
Lam Bagar
Lankure
Khara
Rajawara
Pokhara
Dhanda
Pharkatri
Bhangeri
Sirungkholagaun
Korban
Sandhikharka Hile
Adherigaun
Lamagaun
Besiban
Galangchhang
Artabang
Thatrapatal
Bhande Khoriya
Timlabot
Pokhari Bhitta
Thula Kharka
Sebini
Rangjung
Damremela
Artubang
Baglidanda
Jadgaun
Baglibang
Chhewagaun
Okhrein
Halhale
Kholabang
Sasibang
Kalle
Raghuwa
Phalante
Phorsakharka
Dandakatti
Phapreta
Laiswanra
Pasabang
Khasibang
Liwase
Gothanti
Kaphalbas
Pujan
Khalchaur
Mukhya Pakhara
Thokresa
Kolchaur
Thulo Besi
Lamtinge
Dhanbuda
Gothantidanda Kopche
Jamarkatta
Dakas
Bukurchaur
Khung
Sali Bisauna
Ranga Katne
Khalchaur
Mahapata
Bolde
Libang
Lohata
Eklesalla
Thula Bisauna
Sulihale
Patihalna
Chhape
Dihi
Dashmure
Kaphalpata
Khirepata
Ledemela
Ramkholagaun
Narikot
Lammela
Dharapani
Asurbari
Madkena
Deurali
Bhatepani
Bisauna
PERIODIC DEVELOPMENT PLAN
Gaumukhi Rural Municipality, Pyuthan
Lumbini Province, Nepal
Legend
Municipal Boundary Line
Ward Boundary Line
River
Kilometers
0 150 300 600 900 1,200
Scale: 1:60,000
Client:
Gaumukhi Rural Municipality
Office of the Rural Municipal Executive
Pyuthan, Lumbini Province, Nepal
Consultant:
Sakshan Engineering Solutions Pvt. Ltd.
Baneshwor, Kathmandu
District Map
Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter
Map No. 1
Source: Survey Department, Nepal


LANDUSE MAP
398000.000000
402000.000000
406000.000000
410000.000000
3132000.000000
3128000.000000
3124000.000000
3120000.000000
N
W
E
S
Nisikhola
Naubahini
Badigad
Gaumukhi
Malika
Madane
Jhimruk
Dhurkot
Legend
Municipal Boundary Line
Ward Boundary Line
Landuse Zone
Agricultural Zone
Commercial Zone
Cultural and Archeological
Forest Zone
Industrial Zone
Mine and Minerals
Other Zone
Public Use Zone
Residential Zone
Riverine and Marsh Area
Unclassified Zone
PERIODIC DEVELOPMENT PLAN
Gaumukhi Rural Municipality, Pyuthan
Lumbini Province, Nepal
0 150 300 600 900 1,200
Kilometers
Scale: 1:60,000
Client:
Gaumukhi Rural Municipality
Office of the Rural Municipal Executive
Pyuthan, Lumbini Province, Nepal
Consultant:
Sakshan Engineering Solutions Pvt. Ltd.
Baneshwor, Kathmandu
District Map
Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter
Map No. 2
Source: Survey Department, Nepal

# TRANSPORTATION NETWORK MAP




## Legend

- Municipal Boundary Line
- Ward Boundary Line

**Road Width**

- 2m-4m
- 5m
- 6m
- 7m-8m
- 9m-12m


**PERIODIC DEVELOPMENT PLAN**
**Gaumukhi Rural Municipality, Pyuthan**
**Lumbini Province, Nepal**

0 150 300 600 900 1,200 Kilometers

**Scale: 1:60,000**

Client:
Gaumukhi Rural Municipality
Office of the Rural Municipal Executive
Pyuthan, Lumbini Province, Nepal


Consultant:
Sakshan Engineering Solutions Pvt. Ltd.
Baneshwor, Kathmandu





Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

**Map No. 3**


Source: Survey Department, Nepal


SOCIAL INFRASTRUCTURES MAP
Ward No. 1
Ward No. 2
Ward No. 3
Ward No. 4
Ward No. 5
Ward No. 6
Ward No. 7
Nisikhola
Naubahini
Gaumukhi
Badigad
Malika
Madane
Jhimruk
Dhurkot
N
S
E
W
Legend
School
Bank
Roads
Municipal Boundary Line
Ward Boundary Line
River
PERIODIC DEVELOPMENT PLAN
Gaumukhi Rural Municipality, Pyuthan
Lumbini Province, Nepal
Kilometers
0 150 300 600 900 1,200
Scale: 1:60,000
Client:
Gaumukhi Rural Municipality
Office of the Rural Municipal Executive
Pyuthan, Lumbini Province, Nepal
Consultant:
Sakshan Engineering Solutions Pvt. Ltd.
Baneshwor, Kathmandu
District Map
Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter
Map No. 4
Source: Survey Department, Nepal

# SATELLITE MAP




## PERIODIC DEVELOPMENT PLAN
## Gaumukhi Rural Municipality, Pyuthan
## Lumbini Province, Nepal




Kilometers
0 150 300 600 900 1,200

**Scale: 1:60,000**

**Legend**
- Roads
- Municipal Boundary Line
- Ward Boundary Line
- River

Client:
Gaumukhi Rural Municipality
Office of the Rural Municipal Executive
Pyuthan, Lumbini Province, Nepal

Consultant:
Sakshan Engineering Solutions Pvt. Ltd.
Baneshwor, Kathmandu

Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

**Map No. 5**

Source: Survey Department, Nepal